नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

सोमबार, माघ २२, २०७४ | Monday, February 5, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्लागा ५ | वर्ष २४, अंक २६ | पृष्ठ १२ | मूल्य रु १०/-

२ { प्रअ नै राख्छन् खेताला शिक्षक
५ { वाम गठबन्धनद्वारा नमुना मतदान
९ { पूर्वराजा ज्ञानेन्द्र आज उडिसा जाने
१० { सिमेन्टको मूल्य घट्यो

# प्रदेशमै ११० मन्त्री

गंगा बराल, काठमाडौं

फागुनसम्ममा प्रदेशमा १ सय १० जना मन्त्री हुने भएका छन्। प्रदेश सांसदको २० प्रतिशतसम्म मन्त्री बनाउन मिल्ने संवैधानिक व्यवस्था छ।

संविधानले प्रदेशसभाको अन्तिम परिणाम आएको बढीमा ३० दिनभित्र सरकार बनाइसक्नुपर्ने व्यवस्था गरेको छ। यस आधारमा पनि फागुन ३ गतेसम्म सबै प्रदेशमा सरकार बनिसक्नुपर्ने हुन्छ।

सरकारले प्रदेश प्रमुख र अस्थायी राजधानी तोकेकै दिन निर्वाचन आयोगले पनि माघ ३ गते प्रदेशसभाका समानुपातिक सांसदको परिणाम घोषणा गरेको थियो। आयोगले माघ ५ गते समानुपातिक सांसदलाई आफ्नै कार्यालयमा प्रमाणपत्र वितरण गरेको थियो भने त्यसको दुई दिनपछि अर्थात् माघ ७ गते सम्बन्धित प्रदेशको अस्थायी मुकाममा प्रदेशसभाका सांसदको शपथग्रहण भएको थियो। निर्वाचित सांसदले भने निर्वाचित भएसँगै जिल्ला निर्वाचन कार्यालयबाट प्रमाणपत्र पाएका थिए।

**प्रत्येक निर्वाचन क्षेत्रबाट २ जना निर्वाचित र नेपाललाई एउटा निर्वाचन क्षेत्र मानेर आउने सबै पार्टीका समानुपातिक ३ सय ३० गरी ७ वटा प्रदेशमा ५ सय ५० सांसद रहेका छन् जसको २० प्रतिशत १ सय १० जना हुन्छ।**

| प्रदेश | मन्त्री संख्या |
|---|---|
| १ विराटनगर | १९ |
| २ जनकपुर | २१ |
| ३ हेटौंडा | २२ |
| ४ पोखरा | १२ |
| ५ बुटवल | १७ |
| ६ सुर्खेत | ८ |
| ७ धनगढी | ११ |

प्रत्येक निर्वाचन क्षेत्रबाट २ जना निर्वाचित र नेपाललाई एउटा निर्वाचन क्षेत्र मानेर आउने सबै पार्टीका समानुपातिक ३ सय ३० गरी ७ वटा प्रदेशमा ५ सय ५० सांसद रहेका छन्। जसको २० प्रतिशत १ सय १० जना हुन्छ। १ नम्बर प्रदेशमा ९३, २ नम्बरमा १ सय ७, ३ नम्बरमा १ सय १०, ४ नम्बरमा ६०, ५ नम्बरमा ८७, ६ नम्बरमा ४० र ७ नम्बरमा ५३ सांसद रहेका छन्। बढीमा १ नम्बरमा १९, २ नम्बरमा २१, ३ नम्बरमा २२, ४ नम्बरमा १२, ५ नम्बरमा १७, ६ नम्बरमा ८ र ७ नम्बरमा ११ जना मन्त्री बन्नेछन्।

कुनै पनि प्रदेशमा नेपाली कांग्रेसले सरकार बनाउने गरी मत ल्याएको छैन। प्रदेश नम्बर १ र ३ मा नेकपा एमालेको एक्लै बहुमत छ, माओवादी एक्लैले कुनै पनि प्रदेशमा बहुमत ल्याएको छैन। १ नम्बरमा रहेका ९३ सांसदमध्ये एमालेका ५१ र ३ नम्बर प्रदेशमा रहेका १ सय १० सांसदमध्ये एमालेका ५८ जना सांसद छन्। ६ नम्बर प्रदेशमा एमालेको ५० प्रतिशत सिट रहेको छ, यहाँ ४० जना सांसद रहेका छन्, एमालेका २० सांसद छन्। एमाले र माओवादी (केन्द्र) बीच बनेको वाम गठबन्धनले गरेको सहमतिअनुसार ६ र ७ नम्बर प्रदेशमा माओवादी केन्द्रले मुख्यमन्त्री पाएको छ। १, ३, ४ र ५ मा एमालेले मुख्यमन्त्री पाएको छ। २ नम्बर प्रदेशमा उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम (नेपाल) का सांसद् २९, राष्ट्रिय जनता पार्टी (राजपा) का २५, एमालेका २१, कांग्रेसका १९ र माओवादी केन्द्रका ११ सांसद् छन्। यहाँ फोरम नेपालले मुख्यमन्त्री पाउनेछ।

राजपाका वरिष्ठ उपाध्यक्ष सर्वेन्द्रनाथ शुक्लले राजपा र फोरमबीच चुनावी तालमेल हुँदा जसको बढी सिट आउँछ उसैले मुख्यमन्त्री पाउने सहमति भएको बताउनुभयो। तर, राजपाका अर्का नेता राजकिशोर यादवले मुख्यमन्त्री, सभामुख, उपसभामुख र अन्य पदका बारेमा छलफल गरिने जानकारी दिनुभयो। उहाँले फोरमकै मुख्यमन्त्री हुने वा राजपाको हुने भन्ने छलफलले नै टुंगो लाग्ने बताउनुभयो। यो प्रदेशमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा नै फोरम र राजपाबीच चुनावी तालमेल भएको थियो।

वाम गठबन्धनबीच सभामुख र उपसभामुखको पनि भागवण्डा भइसकेको छ। प्रदेश नम्बर १, ६ र ७ मा आगामी २९ गते, २ र ५ मा फागुन २ गते, ३ मा माघ २७ गते, ४ मा फागुन ३ गते सभामुखको निर्वाचन गर्ने कार्यतालिका सार्वजनिक भइसकेको छ। सभामुखको चयन नहुँदासम्म जेष्ठ सांसदले बैठकको अध्यक्षता गर्नेछन्। सभामुख र उपसभामुख फरक दलको र कम्तीमा एक जना महिला हुनुपर्ने संवैधानिक व्यवस्था छ। सबैभन्दा पहिले प्रदेश नम्बर ३ को प्रदेशसभाको बैठक गत बिहीबार भएको थियो। आइतबार २, ५, ६ र ७ नम्बर प्रदेशको बैठक बसेको थियो। प्रदेश नम्बर १ र ४ मा आज सोमबार बैठक बस्दै छ। संविधानको धारा १८३ मा प्रदेशसभा बैठकको आह्वान र अन्त्यसम्बन्धी व्यवस्था छ। प्रदेशसभाको अन्तिम परिणाम आएको बढीमा २० दिनभित्र प्रदेशसभाको बैठक बोलाउनुपर्ने बाध्यता छ, आज बैठक बोलाइसक्नुपर्ने अन्तिम दिन हो।

# राष्ट्रिय सभा निर्वाचन तयारी पूरा

सुनील महर्जन, काठमाडौं

पर्सी बुधबार हुने राष्ट्रिय सभाको निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ।

निर्वाचन आयोगका अनुसार मतपत्र, मतपेटिकालगायत निर्वाचनका लागि चाहिने सम्पूर्ण सामग्री ७ वटै प्रदेशको मतदानस्थलमा आइतबारसम्ममा पुगिसकेको छ। 'निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ। केन्द्रमा प्रतिनिधि खटाइसकिएको छ।' -आयोगका प्रवक्ता नवराज ढकालले भन्नुभयो।

एक निर्वाचन केन्द्रमा १० जना कर्मचारी खटाइएको छ। एक निर्वाचन क्षेत्रमा दुई निर्वाचन केन्द्र रहने छन्। प्रत्येक प्रदेशको उच्च अदालत रहेका जिल्ला सदरमुकाममा निर्वाचन केन्द्र रहनेछ।

निर्वाचनमा स्थानीय तहका पदाधिकारी र प्रदेशसभा सदस्यका लागि बेग्लाबेग्लै मतदान केन्द्र बनाइँदै छ। ३ नं प्रदेशका लागि मतदानस्थल जावलाखेलको मैदानमा राखिने भएको छ। आज सोमबारदेखि मतदानस्थलको व्यवस्थापनको काम हुने जिल्ला समन्वय समिति ललितपुरका सामाजिक शाखाका अधिकृत विश्वेश्वर कोइरालाले जानकारी दिनुभयो।

त्यसै गरी अन्य ६ वटै प्रदेशमा पनि मतदान केन्द्रको व्यवस्थापन गर्ने काम भइरहेको आयोगले जनाएको छ। निर्वाचनमा १० देखि १५ करोड रुपियाँ खर्च हुने आयोगले जनाएको छ।

निर्वाचनमा मतपत्र ८ प्रकार रहेका छन्। आयोगले राष्ट्रिय सभा निर्वाचनका लागि रातो र हरियो दुई रङको मतपत्र प्रयोग गर्दै छ। प्रदेशसभाका लागि हरियो र स्थानीय तहका लागि रातो गरी दुई रङका चार प्रकारका मतपत्र प्रयोग गरिने आयोगका प्रवक्ता ढकालले जानकारी दिनुभयो।

निर्वाचनमा महिला, दलित, अपांग र अल्पसंख्यक र अन्य समूह गरी चार वटा मतपत्र प्रयोग हुने भएको छ। एक मतदाताले चार ठाउँमा भोट हाल्नुपर्नेछ। एकल संक्रमणीय प्रणालीका मतदाताले तीन वटा मतपत्रमा एक, दुई र तीन अंक दिएर भोट हाल्नुपर्नेछ। बहुमतीयतर्फ महिला र अन्य समूहका लागि भने मतदाताले 'ठीक चिह्न' लगाएर भोट हाल्ने व्यवस्था गरिएको प्रवक्ता ढकालले जानकारी दिनुभयो। एक मतदाताले चार मतपत्रमा आठ भोट दिनुपर्नेछ।

प्रदेशसभा सदस्यको मतभार ४८ र स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको मतभार १८ रहेको छ। राष्ट्रिय सभामा स्थानीय तहका १ हजार ५ सय ३ र प्रदेशसभाका ५ सय ५० गरी २ हजार ५३ मतदाता छन्। ती मतदातालाई भोट हाल्ने तरिकाबारे आयोगले प्रशिक्षणसमेत दिइसकेको छ। मतदान केन्द्रमा नेपाल प्रहरी, सशस्त्र र नेपाली सेनाको तीन घेराबाट मजबुत सुरक्षा व्यवस्था मिलाइएको आयोगले जनाएको छ। मतदानअघि र मतगणना अवधिभर तीनवटै सुरक्षाकर्मीले भरपर्दो सुरक्षा प्रदान गर्नेछन्।

३२ सिटका लागि ९ दलका ५२ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। विभिन्न प्रदेशमा गरी जम्मा २४ सिटमा उम्मेदवार निर्विरोध निर्वाचित भइसकेका छन्। ५९ सदस्यीय राष्ट्रिय सभामा ५६ जना निर्वाचनबाट र ३ जना राष्ट्रपतिबाट मनोनित हुने संवैधानिक व्यवस्था छ।

प्रदेश २ मा ८ वटै पदका उम्मेदवार निर्विरोध भएकाले बुधबार सो प्रदेशमा मतदान हुने छैन।

(क्रमशः पृष्ठ ९ मा)

# बी एन्ड बीमाथि सरकारी वक्रदृष्टि




नेपाल समाचारपत्र, काठमाडौं

सरकारी मापदण्डविपरीत बेड र सेवा शुल्क लिएको भन्दै बी एन्ड बी अस्पतालविरुद्ध महानगरीय प्रहरी परिसर ललितपुरमा मुद्दा दर्ता गरिएको छ।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग, बजार अनुगमन शाखाले महानगरीय प्रहरी परिसर ललितपुरमा मुद्दा दर्ता गरी कारबाही अगाडि बढाएको हो।

सरकारी नियम र कानुनको परिधिमा रहेर बिरामीको सेवा गरिरहेको अस्पतालविरुद्ध कारबाही प्रक्रिया अगाडि बढाइएपछि अस्पताल सञ्चालक अन्योलमा परेका छन्। सरकारकै अर्को निकाय आपूर्ति मन्त्रालयले बेड चार्ज र सर्भिस चार्जका विषयमा स्पष्टीकरण माग गर्दा अस्पताल सञ्चालकहरू हतोत्साहित भएका हुन्।

स्वास्थ्य मन्त्रालयले २०५९ पुस १ र २०७१ असोज १ मा स्तरीय नर्सिङ होमले बढीमा १५ प्रतिशतसम्म सर्भिस चार्ज थप लिन पाउने र अन्य नर्सिङ होम तथा क्लिनिकले बढीमा १० प्रतिशत सर्भिस चार्ज लिन सक्ने भनी उल्लेख गरिएबमोजिम नै अस्पतालले शुल्क निर्धारण गरेको बी एन्ड बीले जनाएको छ।

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका २०७० को अनूसूची ७ सेवा शुल्क निर्धारण समितिले हालसम्म ओपीडी शुल्कबाहेक अन्य शुल्कबारे कुनै निर्देशन नभएको अवस्थामा बी एन्ड बी अस्पतालले निगमनकारी निकाय स्वास्थ्य मन्त्रालयलाई तोकेको मूल्य स्वास्थ्य मन्त्रालयमा बुझाउनुका साथै बेड चार्ज र सर्भिस चार्जबापत लिइने रकम सरकारलाई राजस्वका रूपमा बुझाउँदै आए पनि विभिन्न निकायले धरपकड गर्ने गरेको अस्पतालका मेनेजिङ डाइरेक्टर डा. जगदीशलाल वैद्यले बताउनुभयो।

अस्पतालको बेड र सर्भिस चार्ज निर्धारण शैय्याको शुल्क, कोठाको भौतिक सुविधाको आधारमा निर्धारण हुने र वातावरण अनुकूल खर्चलाई समेत आधार मानी शैय्या शुल्क निर्धारण गर्ने व्यवस्था सरकारले नै तोकेबमोजिम भएको अस्पतालका मेडिकल डाइरेक्टर डा. अशोककुमार बास्कोटाले बताउनुभयो। सर्भिस चार्ज भनेको २४ घण्टा नर्सिङ सेवा, औषधि, बिरामीको घाउ सफा, ड्रेसिङ, सरसफाइ, बाथ, मेडिकल अफिसर भिजिट सेवा, हाउस किपिङ, रुम सर्भिस, अक्सिजन, डाइटिसियन, फार्मेसी, फिजियोथेरापीलगायतका सेवा पर्ने उहाँले बताउनुभयो।

अस्पतालको सेवालाई लिएर परेको उजुरीका विषयमा महानगरीय प्रहरी परिसर ललितपुरले फरक-फरक मितिमा काटेको पत्रप्रति अस्पतालको ध्यानाकर्षण भएको जनाएको छ।

प्रहरी परिसर ललितपुरले गत पुस २३ गते काटेको पत्रमा अस्पतालले ठगी गरेको सम्बन्धी उजुरीको बारेमा बुझ्नुपर्ने भएकाले अस्पताल सञ्चालक समितिमा रहेका व्यक्तिको तीनपुस्ते नाम, थर, वतन, उमेर, सम्पर्क नम्बरसमेत खुलाई उनीहरूको नागरिकताको प्रतिलिपी र सो अस्पताल दर्तासँग सम्बन्धित सम्पूर्ण कागजात उपलब्ध गराइदिन माग गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# चार प्रदेशको समृद्ध बनाउने प्रतिज्ञा

नेपाल समाचारपत्र

काठमाडौं

सात प्रदेशमध्ये ४ वटा प्रदेशको पहिलो बैठक आइतबार सम्पन्न भएको छ। २ नम्बर प्रदेश, ५ नम्बर प्रदेश, ६ नम्बर प्रदेश, र ७ नम्बर प्रदेशको पहिलो बैठक सम्पन्न भएको छ।

चारवटै प्रदेशको बैठकमा आफ्नो प्रदेशलाई समृद्ध बनाउन लागिपर्ने सांसदहरूले बताएका थिए। पहिलो बैठकमा सहभागी सांसदले प्रदेशलाई कस्तो बनाउने भन्दा पनि समृद्ध बनाउने भन्दै भाषण गरे तर समृद्धिका योजना भने कुनै पनि सांसदले बैठकमा प्रस्तुत गर्न सकेका थिएनन्।



पहिलो बैठक भएका कारण दलहरूले एकले अर्कालाई आक्षेप लगाउने भन्दा पनि आफ्नो दलले अघि सारेका धारणा सार्वजनिक गरेका थिए।

## सम्वृद्ध बनाउने उद्घोष

जनकपुर, (नेस)

प्रदेश नम्बर २ को बैठक शुरु हुनासाथ मधेसी शहीदको फोटो नराखेको भन्दै प्रदेश सांसदहरूले हो-होल्ला गरेपछि केहीबेर बैठक स्थगित भएको थियो। सभाहलमा तस्वीर राख्ने व्यवस्था हुनासाथ बैठक शुरु भएको थियो। पहिलो बैठकले आफ्नो प्रदेशलाई सम्वृद्ध बनाउने उद्घोष सांसदहरूले गरेका थिए।

प्रदेशसभाको पहिलो बैठकको अध्यक्षता गर्नुभएका ज्येष्ठ सदस्य लगनलाल चौधरीले बैठक प्रारम्भ गर्दै प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थबाट प्राप्त पहिलो अधिवेशनसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुभएपछि प्रदेशसभा सदस्यले दलीय प्रतिनिधित्वका आधारमा मन्तव्य राखे।

संघीय समाजवादी फोरम नेपालका लालबाबु राउतले संविधान संशोधनमा जोड दिँदै प्रदेशमा चुनौती अधिक भए पनि उपलब्ध स्रोत साधनलाई अवसरका रूपमा लिई सदुपयोग गरेमा प्रदेश नं २ नमुना बन्न सक्ने विश्वास व्यक्त गर्नुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## सामूहिक एजेन्डामा जोड

यमलाल भुसाल, बुटवल

प्रदेश नम्बर ५ को आइतबार बसेको पहिलो बैठकले सभामुखको निर्वाचन आउँदो फागुन २ गते गर्ने निर्णय गरेको छ। बैठकले कार्यसञ्चालन कार्यविधि-२०७४ समेत पारित गरेको छ।

त्यसै गरी सभामुख चयन नहुँदासम्म बैठकको कार्य सञ्चालनका लागि ५ सदस्यीय समिति गठन गरेको छ। जसमा प्रदेशसभाका सदस्य कमलराज श्रेष्ठ, दधिराम न्यौपाने, अष्टभुजा पाठक, सन्तोषकुमार पाण्डे र तारा जीसी रहनुभएको छ। ८० वर्षीय जेष्ठ सदस्य बलदेव शर्मा पोखरेलले पहिलो बैठकको सभामुखको भूमिका निर्वाह गर्नुभएको थियो। बैठक शुरु हुनासाथ सभामुख पोखरेलले प्रदेश प्रमुख उमाकान्त झाले प्रदेशसभा आह्वानसम्बन्धी पत्र पढेर सुनाउनुभएको थियो। बैठकमा बोल्दै नेकपा एमाले ५ नम्बर प्रदेश संसदीय दलका नेता शंकर पोखरेलले स्थानीय तह र केन्द्र सरकार पूर्ववत् संरचनाबाट अगाडि बढेको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## 'दलगत स्वार्थभन्दा माथि उठ्छौं'

प्रकाश पन्त, वीरेन्द्रनगर

प्रदेश ६ मा प्रदेशसभा सभामुखको निर्वाचन माघ २९ गते हुने भएको छ। प्रदेशसभाको दोस्रो बैठक माघ २९ गते बस्ने भएको छ। आइतबार सुर्खेतको वीरेन्द्रनगरमा बसेको पहिलो प्रदेशसभा बैठकले सभामुखको निर्वाचनको मिति तोकेको हो।

पहिलो प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै एमाले, कांग्रेस, माओवादी र राप्रपाका सांसदले प्रदेश नम्बर ६ लाई समृद्धि बनाउन दलगत स्वार्थभन्दा माथि उठ्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

एमालेका सांसद यामलाल कँडेलले ६ नम्बर प्रदेशका जनताले समृद्धि प्रदेश निर्माणको जिम्मा दिएकाले जनताको चाहानाअनुसार अघि बढ्नुपर्नेमा जोड दिनुभयो। उहाँले भौगोलिकरूपमा विकट भए पनि स्रोत साधानमा धनी भएकाले प्रदेशको भौगोलिक विकटतालाई सुन्दरतामा बदल्नुपर्ने बताउनुभयो। नेकपा माओवादीका सांसद महेन्द्रबहादुर शाहीले व्यवस्था परिवर्तन भइसकेकाले अब आर्थिक समृद्धिमा जुट्नुपर्नेमा जोड दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## समृद्धिका लागि एकजुट

हेमन्त पौडेल, कैलाली

प्रदेश नं ७ को पहिलो प्रदेशसभा बैठकमा बोल्ने सांसदले प्रदेशको समृद्धिका लागि एकजुट भएर लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

प्रदेशसभाका ज्येष्ठ सदस्य दिव्येश्वरी शाहको अध्यक्षतामा भएको बैठकमा सांसद प्रकाश शाहले प्रदेश नं ७ जलविद्युत्, वनसम्पदा, जडीबुटीलगायतका प्राकृतिक स्रोतमा अन्य प्रदेशको तुलनामा धनी रहेको बताउँदै त्यसको सदुपयोगमा जोड दिनुभयो।

अर्का सांसद भरतबहादुर खड्काले पनि समृद्धिका लागि एकजुट भएर लाग्नुपर्नेमै जोड दिनुभयो।

अर्का सांसद त्रिलोचन भट्टले प्राकृतिक स्रोतको सही व्यवस्थापन गर्न सकिए प्रदेश नं ७ समृद्ध हुने बताउनुभयो।

सभामुखको निर्वाचन माघ २९ मा

बैठकले प्रदेशसभा कार्यसञ्चालन अन्तरिम कार्यविधि-२०७४ लाई पारित गऱ्यो। कार्यविधिअनुरूप प्रदेशसभा सभामुखको निर्वाचन आगामी माघ २९ दिउँसो १ बजे तोकिएको छ।

# महानगर

स्थानीय अभिभावकले व्यवस्थापन समितिका अध्यक्ष लालबहादुर घुम्बा र वडा-३ का वडा अध्यक्ष विष्णु तिमल्सिनाको मिलेमतो भएको आरोप लगाएका छन्। अध्यक्ष तिमल्सिनाले यस विषयमा आफू पनि जानकार रहेको बताए। उनले भने- 'यो कुरा मकहाँ पनि आएको हो। मैले सरसर्ती बुझ्दा उहाँ बिरामी भएर आराम गरेको भन्ने कुरा बुझियो। आफू बिरामी बिदामा बस्दा स्कुलको पठनपाठनमा समस्या नहोस् भनेर आफ्नो सट्टा राखेको भन्ने भनाइ पाइयो।'

# प्रअ नै राख्छन् खेताला शिक्षक




सुरेश तामाङ

पदः प्रधानाध्यापक पेसा व्यवसाय। उनी खेताला शिक्षक राखेर घरमा व्यवसाय गरिरहेका छन्। किन त यस्तो ? भन्ने प्रश्नमा उनी भन्छन्- 'बिरामी छु काम गर्न नसकेर खेताला शिक्षक राखेको हुँ। बाग्मती गाउँपालिका-३ का डोलकेशर दाहाल जिल्लाको दक्षिणी भेगमा रहेको खानीखोला यास्पामा रहेको यास्पा आधारभूत तहका शिक्षक हुन्। करिब साढे दुई दशकदेखि उनी प्रधानाध्यापक पनि हुन्।

तर, पछिल्लोपटक झण्डै १ वर्षदेखि यास्पाका स-साना नानीबाबुले उही हेडमास्टरको क ख रा पढाउने आवाज सुन्न र अनुहार देख्नसमेत पाएका छैनन्। हो, उनलाई पछिल्लो १ वर्षदेखि सो विद्यालयमा देख्न मुस्किलै छ। विद्यालयको सट्टा उनलाई बिहानदेखि बेलुकीसम्म भट्टेडाँडामा रहेको एक पसलमा मात्रै देख्न सकिन्छ।

उनलाई पसलमा जाँड-रक्सी खाएर जुवा-तास खेल्दै हो-हल्ला गरेको अवस्थामा भने होइन। एक व्यापारीको रूपमा देख्न सकिन्छ, प्रअ दाहाललाई। उनी पछिल्लोपटक स्कुल पढाउन छाडेर किराना पसल चलाएर व्यापार गरिरहेको अवस्थामा उनलाई देख्न सकिन्छ।

विद्यालयमा प्रअ दाहाल उपस्थित नभएको र उनलाई जहिले पनि पसलमै देखिरहँदा चिन्ने जति सबैले आश्चार्य व्यक्त गर्छन्। एक स्थानीय आश्चर्य व्यक्त गर्दै भन्छन्- 'स्कुलको हेडसर रे, बिहानदेखि बेलुकासम्म सधैं पसलमा देख्छु। स्कुलमा पढाउन जाने त कुन बेला होला खै ! स्कुल र विद्यार्थीको अवस्था त बेहालै होला नि !'

यस तत्थलाई पछ्याउँदै जाँदा विद्यालयमा आफ्नो सट्टा स्थानीय एक युवालाई खेताला शिक्षक राखेर आफू भने व्यापार गर्दै आइरहेको तथ्य खुल्यो। प्रअ दाहालले सो विद्यालयमा आफ्नो सट्टामा स्थानीय युवा केशरमान थिङलाई खेताला शिक्षक राखेको पाइयो।

प्रअ दाहालले महिनामा एकपटक मात्रै विद्यालय गएर एकैपटक महिना दिनकै हाजिरी गर्ने गरेको स्थानीयले बताए। 'उहाँ १/२ महिनाको एकपटक स्कुल आउनुहुन्छ। पढाउनु हुन्न तर हाजिरी गरेर फर्किनुहुन्छ।' -एक स्थानीयले भने। स्थानीय तह गठन भएपछि आफ्नो हाताभित्र पर्ने माध्यमिक तहको विद्यालयसम्मको अनुगमन सम्बन्धित स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ।





डोलकेशर दाहाल र भट्टेडांडामा रहेको उनको पसल

लामो समयदेखि आफ्नै कार्यक्षेत्र हाताभित्र खेतला शिक्षकबाट पठनपाठन भइरहेको जस्ता गतिविधि भए तापनि स्थानीय तहको पदाधिकारीहरू थाहा नपाएको जस्तो गरिरहेका छन्।

स्थानीय अभिभावकले व्यवस्थापन समितिका अध्यक्ष लालबहादुर घुम्बा र वडा-३ का वडा अध्यक्ष विष्णु तिमल्सिनाको मिलेमतो भएको आरोप लगाएका छन्। अध्यक्ष तिमल्सिनाले यस विषयमा आफू पनि जानकार रहेको बताए। उनले भने- 'यो कुरा मकहाँ पनि आएको हो। मैले सरसर्ती बुझ्दा उहाँ बिमारी भएर आराम गरेको भन्ने कुरा बुझियो। आफू बिमारी बिदामा बस्दा स्कुलको पठनपाठनमा समस्या नहोस् भनेर आफ्नो सट्टा राखेको भन्ने भनाइ पाइयो।'

नियमअनुसार आफ्नो सट्टामा जस्तोसुकै अवस्था आए पनि कुनै खेताला शिक्षक राख्न पाइँदैन। जिल्ला शिक्षा कार्यालयले पनि जिल्लाभर सञ्चालनमा रहेको सबै विद्यालयमा कोही पनि शिक्षकले खेताला शिक्षक राखेको छैन भनेर दाबी गरेको छ।

तर, उही शिक्षक जो बिमारी भएको र आराम गर्ने नाममा व्यापार गर्दै आफ्नो सट्टा खेताला राखेको प्रअ दाहाल स्वीकार्छन्। उनले केसम्म भनेका छन् भने- आफू जिल्लातिर बैठकमा जाँदा पनि खेताला राख्ने गरेको बताए।

'स्कुलको पठनपाठनमा समस्या नआओस् भनेर म कतै निस्कँदा मेरो सट्टामा कसैलाई छोडेर जान्छु', उनले भने- 'म जिल्लातिर बैठकमा जाँदा पनि सट्टामा दिएर जाने गरेको छु।'

६ महिनाअघि मात्रै पत्थरीको शल्यक्रिया गरेको र डाक्टरको सल्लाहअनुसार आरामका लागि बिदा बसेको बताउँदै उनले भने- 'मेरो पत्थरीको अप्रेसन गरेको हो ६ महिनाअघि। डाक्टरकै सल्लाहमा आरामका लागि बिदामा बसेको हुँ।' बिरामी परेर बिदामा बस्नुपरे जिल्ला शिक्षा कार्यालयको स्वीकृत लिनुपर्ने प्रावधान छ।

आफू बिदामा बस्दा विद्यालय व्यवस्थापन समितिले नै निर्णय गराएर आफ्नो सट्टामा शिक्षकका रूपमा स्थानीय एक युवालाई राखेको उनीले दाबी गरे। 'विद्यालय व्यवस्थापन समितिले नै मेरो सट्टामा स्थानीय शिक्षक राखेको हो। स्नातक पास गरेका शिक्षकलाई समितिले नै राखेको हो।' -उनले भने।

पछिल्लो समयमा भने उनले आफू गोल्डेन हेनसेकमा जाने निर्णय गरेकाले गर्दा २/३ महिनाका लागि स्कुल नजाने बताए। उनले भने- '२४ वर्षसम्म अस्थायी शिक्षक भएर काम गरें। रोगी पनि छु। अब सरकारको गोल्डेन हेन सेकमा जाने निर्णय गरेको छु।'

उनले आफूले सो निर्णय लिँदै राजीनामा गर्ने सोच बनाउँदा निर्वाचन आचार संहिता लागू भएकाले राजीनामा गर्न समय लागेको र त्यो समय पनि विद्यालय पढाउन नगएको बताए। उनले अब आचार संहिता फुकुवा भएको भन्दै चाँडै नै राजीनामा गर्ने बताए।

जिल्ला शिक्षा कार्यालय ललितपुरका जिल्ला शिक्षा अधिकारी देवेन्द्रराज खनालले यस विषयमा बुझ्ने बताए। उनले भने- 'यस विषयमा मलाई रिपोर्टिङ भएको छैन। के रहेछ विद्यालय निरीक्षक (विनि) मार्फत म बुझ्छु।'

त्यस्तै जिल्लाभरि सञ्चालनमा रहेको कुनै पनि विद्यालयमा खेताला शिक्षक नरहेको र भए खबर गर्न उनले सबैलाई आह्वान गरे । 'जिल्लाभरिको कुनै पनि स्कुलमा खेताला शिक्षक छैनन् भनेर मैले बार-बार भनिरहेको छु', उनले भने- 'खेताला शिक्षक भेटेमा खबर गर्नुहोस्। नियमअनुसार कारबाही हुन्छ।'



खेताला शिक्षक केशरमान थिङ

खानीखोलाको यास्पामा तामाङ बस्तीलाई लक्षित गर्दै सो विद्यालय सञ्चालनमा छ। २८/२९ घरधुरी रहेको बस्तीको २५ जना जति स-साना बालबालिका यसै विद्यालयमा पढ्छन्। ३ कक्षासम्म पठनपाठन हुने यस विद्यालयमा एक जना ईसीडी र अस्थायी शिक्षकको दरबन्दी रहेको छ। प्रअ दाहाल यस विद्यालयका अस्थायी शिक्षक हुन्।

# रक्तकाली शिक्षण प्रतिष्ठानको ३८औं वार्षिकोत्सव









विसं २०३७ सालमा स्थापित रक्तकाली शिक्षण प्रतिष्ठान एउटा शैक्षिक उद्देश्य बोकेको शिक्षण संस्था हो। झण्डै साढे ३ दशक इतिहास बोकेको यो संस्थाले आफ्नो उद्देश्यअनुसार लामो फड्को मारिसकेको छ। प्रतिष्ठानअन्तर्गत हाल ह्वाइटफिल्ड विद्यालय, ह्वाइटफिल्ड कलेज, सेन्ट्रल कलेज अफ बिजिनेस मेनेजमेन्ट, स्नाइन प्रि-स्कुल, ह्वाइटफिल्ड आवासिय मावि जस्ता शैक्षिक संस्थाबाट विद्यार्थीलाई शिक्षा दिइरहेको छ। विसं २०५३ बाट प्लस टु, २०५९ बाट बीबीएस र २०६८ बाट प्रतिष्ठानले बीबीएसमेत सञ्चालन गरिरहेको छ। यस प्रतिष्ठानका संस्थापक निर्देशक गोपालकृष्ण श्रेष्ठ र दुर्गा श्रेष्ठको पहलमा आजभन्दा ३८ वर्षअगाडि स्थापित यो संस्था पूर्णतः शिक्षा विकासमा अहिले पनि तल्लिन छ। स्थापना दिवसको अवसरमा प्रतिष्ठानले आफ्नो ३८औं वार्षिकोत्सव मनायो। कार्यक्रमको उद्घाटन संस्थापक निर्देशक गोपालकृष्ण श्रेष्ठ र विद्यालयकी संस्थापक प्रिन्सिपल दुर्गा श्रेष्ठले गरेका थिए। यस अवसरमा प्रतिष्ठानले अभिभावकको समुपस्थितिमा भव्य सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो। जसमा विद्यार्थीले वर्षभरि सिके/गरेका अतिरिक्त क्रियाकलापमा आधारित सबै विषयका विषयगत स्टल राखेका थिए। कार्यक्रमको पहिलो चरणमा विद्यार्थीबाट तेक्वान्दो खेलको प्रदर्शन गरेका थिए ।

दोस्रो चरणमा विद्यार्थीहरूका नृत्य, गीत, नाटक तथा अर्केस्ट्राको प्रस्तुति रहेको थियो। विद्यार्थीले संगीत शिक्षकको सहायताले पाकिस्तानी, भुटानी, बंगलादेशी आदि सार्क राष्ट्रिय संस्कृति झल्किने नृत्य प्रस्तुत गरेका थिए। यस्तै यनीहरूले बालविवाहमा आधारित मार्मिक गीतिनाटक 'ठूली' समेत प्रस्तुत गरेका थिए। 'हामी अहिले पनि यस संस्थामा काम गरिरहँदा जवान छौं जस्तो लाग्छ, जीवनमा हरेस खानुहुँदैन, सधैं सक्रिय रहनुपर्छ, बदलिँदो समय र परिस्थितिसँगै प्राविधिक शिक्षा पद्धतिअनुसार विद्यार्थीलाई शिक्षा दिनु हाम्रो कर्तव्य हो', संस्थापक श्रेष्ठले भने- 'यो विश्वव्यापीकरणका कारण देश-विदेश सबै ठाउँमा बिक्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नु कुनै पनि शैक्षिक संस्थाको कर्तव्य हो।' वर्षभरि विद्यार्थीले गरेका नयाँ-नयाँ रचना समेटेर वार्षिक पत्रिका 'द रुट' को पनि सार्वजनिक गरिएको थियो, जसमा विद्यार्थीले तयार पारेका कविता, कथा, जीवनी, अन्तरवार्ता, नाटक, गीत, गजल, चुट्किला, चित्र, रोचक जानकारी आदि विविध विधाका रचना प्रकाशित छन्।

वार्षिकोत्सवको अवसर पारी विद्यालयले देशका विभिन्न भागमा पुगेर शिक्षा विकासका लागि सहयोग पनि गर्ने गरेका छन्। सुन्दरीजल, खोकना, लुभुआदि ठाउँका विद्यालयमा छात्रामैत्री शौचालयको व्यवस्था, जुम्लाका सरकारी विद्यालयमा कम्प्युटर वितरण, पुस्तकालयमा पुस्तकको व्यवस्था तथा खेलकुदका सामग्रीसमेत वितरण गरेको छ।

विद्यालयले गीत-संगीत तथा खेलकुद (बास्केट बल, टेबुलटेनिस, हेन्डबल, जुडो, कराँते, तेक्वान्दो आदि) अतिरिक्त क्रियाकलापमा संलग्न गरी अतिरिक्त ज्ञानको क्षेत्रलाई पनि फराकिलो पार्ने काम गरिरहेको छ।

## यूएस ओपन तेक्वान्दो च्याम्पियनसिपमा सहभागी

अमेरिकाको लस भेगसमा भइरहेको यूएस ओपन तेक्वान्दो च्याम्पियनसिपमा विद्यालयबाट छनोट भएका विद्यार्थीको टिमलाई गत बिहीबार वार्षिकोत्सवकै अवसरमा बिदाइसमेत गरियो। टिममा काठमाडौं जिल्ला तेक्वान्दो कार्यसमितिका महासचिव तथा यसै विद्यालयका तेक्वान्दो प्रशिक्षक कुमार लामासहित विद्यार्थीहरू जम्याङ शेर्पा, सुप्रिया तिमल्सिना र सितु सिंह मास्के सहभागी छन्। सो च्याम्पियनसिपमा जम्याङ शेर्पा पुंसेमा खेल्दै छन् भने सुप्रिया तिमल्सिना र सितु सिंह मास्केले पनि पुंसे तथा क्रमशः गेगोरी ३८ केजी र ४१ केजीमा सहभागिता जनाउने छन्। बिदाइको क्रममा महासचिव लामाले विद्यार्थी तथा अभिभावकलाई हौसला प्रदान गरेका थिए।



# एसएबी पब्लिकमा चिनियाँ स्प्रिङ फेस्टिभल




घट्टेकुलोको डिल्लीबजारस्थित एसएबी पब्लिक स्कुलले चिनियाँ पात्रोअनुसार नयाँ वर्षको शुभारम्भसँगै मनाइने स्प्रिङ फेस्टिभल विविध चिनियाँ तथा नेपाली सांस्कृतिक कार्यक्रम गरी सम्पन्न गऱ्यो।

नेपालस्थित चिनियाँ सांस्कृतिक केन्द्रका निर्देशक यान कुन सोङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा उपत्यकाका विभिन्न विद्यालय तथा विद्यार्थीको सहभागिता रहेको थियो।

कार्यक्रममा बोल्दै चिनियाँ सांस्कृतिक केन्द्रका निर्देशक सोङले नेपाली र चिनियाँ संस्कृतिमा धनी भएको उल्लेख गर्दै एक-अर्काको संस्कृतिको आदान-प्रदानले दुवै देशको सम्बन्ध अझ घनिष्ट हुने विचार व्यक्त गर्नुभएको थियो।

सूर्योदय एजुकेसन फाउन्डेसनका अध्यक्ष लक्ष्यबहादुर केसीले आफ्ना नानीबाबुलाई विभिन्न भाषामा दक्ष बनाउने उद्देश्य राखी चिनियाँ भाषा पनि विद्यालयमा शिक्षण गराइरहेको जानकारी दिँदै स्प्रिङ फेस्टिभलको अवसरमा शुभकामना व्यक्त गर्नुभएको थियो।

नेपाली र चिनियाँ सांस्कृतिक झाँकी प्रस्तुत भएको सो कार्यक्रममा एसएबी पब्लिक स्कुलका शिक्षक, अभिभावक र विद्यार्थीको उल्लेख्य उपस्थिति रहेको थियो।

# स्कटल्यान्डमा अनमोल र अदितीको रोमान्स



नायक अनमोल केसी र नायिका अदिती बुढाथोकीले स्कटल्यान्ड पुगेर रोमान्स गरेका छन्। अनमोल र अदितीले आगामी माघ २६ गतेबाट अल नेपाल रिलिज हुन लागेको फिल्म *कृ*का लागि स्कटल्यान्ड पुगेर रोमान्स गरेका हुन्।

बहुप्रतिक्षित मानिएको *कृ*को *मैले जानी नजानी* बोलको गीतको भिडियोका लागि अनमोल र अदितीले स्कटल्यान्डमा रोमान्स गरेका छन्। फिल्मका निर्देशक सुरेन्द्र पौडेल, निर्माता भुवन केसी, छायाँकार पुरुषोत्तम प्रधानलगयतको टिमले स्कटल्यान्डमा विभिन्न रमणीय स्थानमा ३ दिन लगाएर यो गीतको भिडियो खिचेको थियो। उक्त टिम सुटिङ पूरा गरी काठमाडौं फर्किसकेको छ।

यो गीतमा रोदित भण्डारीको स्वर, रोदितकै शब्द तथा रोदित र विशेष पाण्डेको संगीत छ। गीतको भिडियोमा अनमोल र अदितीलाई फिचरिङ गरिएको छ। यसमा अनमोल र अदिती रोमान्टिक मुडमा देखिएका छन्। गीतको भिडियोलाई विक्रम लामा र एन्जिलिना खत्रीले कोरियोग्राफी गरेका हुन्।

सुवास इन्टरटेन्मेन्टको ब्यानरमा तयार भएको फिल्मको प्रस्तुतकर्ता द सुपर काजोल फिल्म्स् हो। फिल्ममा सुवास गिरी र भुवन केसीको लगानी छ। फिल्ममा अनमोल र अदितीको साथमा अनुपविक्रम शाही, कामेश्वर चौरासिया, सरोज खनाल, लक्ष्मी गिरी, रूपा रानालगायतका कलाकारको मुख्य भूमिका छ।

# सौगात फेरि रंगकर्मी



आगामी फागुन ११ गतेदेखि अल नेपाल रिलिज हुन लागेको फिल्म *पञ्जेबाजा*मा अभिनेता सौगात मल्लले रंगकर्मीको भूमिका निर्वाह गरेको खुलाएका छन्। हालै राजधानीमा आयोजित पत्रकार भेटघाटका क्रममा उनले भने- 'मैले लामो समय नाटक अभिनयमा काम गरें। *पञ्चेबाजा*मा पनि यस्तै भूमिका रहेको र त्यो नाट्यकर्मीको चरित्र आफ्नो जस्तो लागेकाले अभिनय गरेको हुँ', आगामी एक वर्षका लागि विभिन्न फिल्ममा जोडिइसकेको दाबी गर्दै सौगातले भने- 'यो फिल्ममा दर्शकले मनोरञ्जनसँगै सन्देश पनि पाउनेछन्।'

त्यसै गरी निर्देशक घनश्याम लामिछानेले फिल्मबारे प्रकाश पार्दै भने- 'एउटा नाट्यकर्मीको चरित्र तयार भएपछि मैले त्यो भूमिकाका लागि सौगात मल्लबाहेक अरूलाई देखिनँ। उहाँले त्यो भूमिकालाई सोचेभन्दा बढी न्याय गरिदिएकोमा म खुसी छु।' सौगातसँगै जस्मिन श्रेष्ठ, कर्मा शाक्य, सिर्जना सुब्बालगायतले अभिनय गरेको फिल्म पोखरा आसपासका छायांकन गरिएको र मौलिक फिल्म बनाउने कोशिस गरेको पनि निर्देशक लामिछानेले बताए।

नायिका जस्मिन श्रेष्ठले फिल्ममा काम गर्ने क्रममा धेरै कुरा सिकेको बताइन्। 'सौगात मल्लको थुप्रै फिल्म हेरेर प्रशंषक भएकीले उहाँसँग काम गर्न आतुर थिएँ। *पञ्चेबाजा*मा काम गर्दा सौगातबाट धेरै कुरा सिक्ने अबसर पनि पाएँ' -*पञ्चेबाजा*को भूमिकाका लागि अनुप बरालसँग ३ महिना अभिनय सिकेर आएपछि सौगातसँग काम गर्न सजिलो भएको खुलाउँदै उनले भनिन्। यसअघि *कबाज, मनको साथी, बीच बाटो* निर्माण गरेका राजेश शाहीले पञ्चेबाजा बनाएका हुन्। विगतका चलचित्र एक्सन प्रधान र प्रेम कथामा आधारित रहे पनि यसपटक ग्रामीण समाजको संस्कृतिलाई समेटेर *पञ्चेबाजा* बनाएको निर्माता शाहीले बताए।

# चाइल्ड पोर्नोग्राफीको दोषी ठहरिएपछि आत्महत्या



हलिउड अभिनेता मार्क सेलिङले हालै आफ्नै घरभित्र पासो लगाएर आत्महत्या गरेका छन्। एजेन्सीका अनुसार सन् २०१७ डिसेम्बरमा ५० हजारभन्दा धेरै बाल अश्लील तस्वीर तथा भिडियो भेटिएपछि चाइल्ड पोर्नोग्राफीको दोषी ठहरिएका उनले आत्महत्या गरेका हुन्।

उनी ३५ वर्षका थिए। यो वर्षको मार्चमा उनले कम्तीमा ५ देखि ७ वर्षसम्मको सजाय पाउनेवाला थिए। एजेन्सीका अनुसार उनको आत्महत्या प्रयास भने पहिलो होइन। सन् २०१७ मार्चमा नै उनले आफ्नो नाडी काटेर आत्महत्याको प्रयास गरेका थिए। तर, उक्त बेला उनी बचेका थिए। अभिनयको अलावा लेखन र संगीतमा पनि सक्रिय उनको परिवारमा आमाबुबा र एक भाइ रहेका छन्।

# बाल शास्त्रीय संगीत प्रतियोगिता सम्पन्न



किराँतेश्वर संगीत आश्रमको आयोजनामा *२५औं बाल शास्त्रीय संगीत प्रतियोगिता* सम्पन्न भएको छ।

प्रतियोगिताका लागि सुरवादन, तालवादन र गायन विधा छनोट गरिएको थियो। सुरवादनतर्फ सामिप्य डंगोल प्रथम, स्वधा पौडेल द्वितीय, जोया महर्जन तृतीय र सौम्या श्रेष्ठले सान्त्वना स्थान ओगटेका छन्।

त्यस्तै तालवादनतर्फ शशांक सापकोटा, सुजन तामाङ र समिप डंगोलले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान ओगटेका छन्। गायनतर्फ अभिज्ञा घिमिरे प्रथम र सविन बुढाथोकी सान्त्वना स्थान हासिल गरेका छन्।

# लमजुङको रंगमञ्चमा पानीघट्ट



लमजुङ, (नेस)। गाउँघरमा लोपोन्मुख लोक संस्कृति तथा सामाजिक मुद्दा उठाउँदै लमजुङको जिल्ला सदरमुकाम बेंसीशहरमा नाटक *पानीघट्ट* मञ्चन गरिएको छ। नाटककार पुरु लम्सालद्वारा लिखित एवं निर्देशित नाटकमा गाउँमा बढ्दो बेजोगारी र गरिबीका कारण सबै युवा विदेश पलायन भएको कथा थियो।

कथाअनुसार जो बाँकी छन् ती सबै वृद्धवृद्धा, बालबालिका, महिला तथा अशक्त अपांगता भएका छन्। एक परिवारमा आर्थिक संकटले छोरा विदेश पलायन हुन्छ र विदेशमा जेल पर्छ। कमाउन गएको सन्तानको यस्तो खबर सुनेपछि घरमा रहेका वृद्ध बाजे बसेको ठाउँमै ढल्छन् र तत्कालै उनको प्राण पखेरो उड्छ। गाउँमा उनको शव उठाउने पुरुष कोही हुँदैनन्। महिला नै शव बोक्न बाध्य हुन्छन्। यस्ता कथाको नाटक मञ्जरी नाट्य समूह लमजुङको प्रस्तुतिमा मञ्चन गरिएको हो।

नाटकमा लोक संस्कृतिका रूपमा रहेको लोपोन्मुख ठाडोभाका गीतको संकटपूर्ण स्थितिलाई पनि उजागर गरिएको छ। कुनै दिन गाउँघरमा कुटानी पिसानीको अभिन्न अंगका रूपमा रहेको पानीघट्ट हिजोआज देख्न रहर हुन थालेको छ, त्यसैलाई नाटकको नाम दिइएको हो। गाउँका ३ युवा रक्सी पिएर रमाइलो गरेको दृश्यबाट शुरु गरिएको नाटकले अन्त्यमा अधिकांश दर्शकलाई रुवाउँछ।

नाटकको दृश्यले आफूलाई पटक-पटक रुवाएको नाटक हेर्न आएकी बेंसीशहर-८ की सुधा ढकालले बताइन्। 'परिवारमा उत्पन्न आर्थिक संकट टार्न विदेश पलायन भएका युवाले विदेशी भूमिमा गरेका दुःख, स्वदेशमा घर-परिवारले भोगेको समस्याहरूलाई यथार्थतामा उतारिएको रहेछ, तर नाटकको जस्तो स्थिति भोग्न कसैलाई नपरोस्' -उनले भनिन्। जिल्लामा यस्तो नाटक देखाइने कल्पनासम्म आफूले नगरेको सांसद धनञ्जय दवाडीले बताए। 'हेर्दा सामान्य लागे पनि बुहारी, छोरी र नातिले शव उठाउनुपर्ने एउटा बाध्यता हाम्रो समाजमा छ। यो यथार्थभित्रको सामाजिक क्रान्ति पनि हो' -नाटकका लेखक तथा निर्देशक पुरु लम्सालले बताए।

सवा घण्टाको नाटकमा तीन पुस्ताको समिश्रण देखियो। नाटकमा १३ वर्षीय बालक विप्लव बोहरादेखि ७० वर्षीय विष्णुभक्त अधिकारीसम्म विभिन्न उमेर समूहका १७ जना कलाकारले अभिनय गरेका थिए। नाटकमा केदार बोहोरा, सञ्जोग लामिछाने, टीकाराम घिमिरे, भरत राना, नरमाया तामाङ, हिमाल मजाकोटी, शान्ति श्रेष्ठ, निर्मला परियार, आशिष परियार, रमिला अर्याल, तीर्थ गुरुङ, सुवास क्षितिज, लक्ष्मी श्रेष्ठ, गोपाल परियार, विमला मिजारले अभिनय गरेका थिए। नाटक आगामी फागुन ११ देखि १३ गतेसम्म भारतको कोलकत्तामा हुन लागेको *अन्तर्राष्ट्रिय नाटक उत्सव*मा नेपालबाट छनोटमा परेको एकमात्र नाटक भएको पनि सो नाटकका लेखक तथा निर्देशक पुरु लम्सालले जानकारी गराए।



सर्वत्र बजारमा उपलब्ध छ।

# विचार

> सफलताको रहस्य यही हो, जतिखेर तिमीलाई सफलता पाउने त्यस्तै तीव्र इच्छा हुन्छ। जस्तो कि पानीभित्र टाउको रहँदा हावाको आवश्यकता हुन्छ, तब मात्र तिमीले सफलता पाउन सक्छौ।
> – सुकरात

> मानिस जन्मदै न त निधारमा तिलक लगाएर आएको हुन्छ, न त यज्ञोपवित धारण गरेर। जसले सत्कार्य गर्दछ, ऊ द्विज हुन्छ र जसले कुकर्म गर्दछ ऊ नीच हुन्छ।
> – गौतम बुद्ध

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# पार्टी एकतामा ढिलाइ

नेकपा एमाले र नेकपा मओवादी केन्द्रबीच पार्टी एकताको विषयमा पटक–पटक छलफल भए पनि ठोस निष्कर्षमा पुग्न सकेको देखिँदैन । प्रदेश सरकार गठन र त्यसमा जाने मन्त्री तथा अन्य पदको बाँडफाँड मिले पनि पार्टी एकताका बारेमा भने दुई दलका शीर्ष नेताबीच कुरा मिल्न नसक्दा एकताको औचित्यमाथि नै प्रश्नचिह्न खडा भएको छ । विगतमा निर्वाचनलगत्तै पार्टी एकता गर्ने घोषणा गरेका दुवै दलका नेताहरू अहिले विभिन्न बहाना बनाई एकीकृत कम्युनिस्ट पार्टी निर्माण गर्ने विषयमा एकले अर्कालाई दोष दिएर उम्कन खोज्नु पक्कै राम्रो विषय होइन ।

विगतमा आफूहरूले दिएको म्यान्डेन्टको समेत उपेक्षा भएको अनुभव जनताले गर्न थालेका छन् । राजनीतिमा सधैँ यस्तै हुन्छ भन्ने उक्तिलाई दुई वाम घटकबीचको एकता प्रक्रियामा देखिएको बेमेलले पनि पुष्टि गर्न खोजेको हो कि भन्ने भान पर्न थालेको छ। पार्टी एकतामा एकले अर्कालाई विश्वास गर्न नसक्ने हो भने दुई पार्टीबीच एकता भए पनि त्यो दिगो र टिकाउ हुनेछैन । अहिलेदेखि नै एकले अर्कालाई विश्वास गर्न सक्ने वातावरण बनाउन नसक्ने हो भने पार्टी एकता हुनुले पनि कुनै अर्थ राख्दैन । त्यसतर्फ दुवै दलका शीर्ष नेताहरू चनाखो हुनुपर्दछ ।

अहिले दुवै पार्टी नेता पार्टी एकता हुन नदिन देशी–विदेशी शक्ति सक्रिय भएको भन्दै सार्वजनिकरूपमा भाषण गर्दै हिँड्ने अनि पार्टी एकताको बैठकमा गृहकार्य नपुगेको भन्दै पन्छने प्रवृत्तिले पार्टी एकतालाई कहाँ पुऱ्याउँछ, यसै भन्न सकिँदैन। त्यसैले यस विषयमा दुई दलका नेताहरू गम्भीर बन्नै पर्छ । बाहिर एउटा कुरा गर्ने अनि भित्र अर्को कुरा गर्ने प्रवृत्ति दुवै दलका नेताहरूले त्याग्न नसकेसम्म पार्टी एकताको कुनै गुन्जायस देखिँदैन । एकले अर्कालाई अविश्वास गर्नु भन्दा पनि एक भएर अगाडि बढ्न सके मात्रै नेपाली जनताले चाहेको जस्तो गणतन्त्र कार्यान्वयन होला । होइन भने यस्ता क्रियाकलापले न ती दललाई फाइदा हुनेछ, न जनताले चाहेको चाहना पूरा हुनेछ। आक्कल झुक्कल मिटिङ बस्ने अनि गृहकार्य पुगेन भनेर मिटिङ स्थगित गर्नुको कुनै औचित्य छैन। यसतर्फ सम्बन्धित पक्षहरूको ध्यान जान जरुरी छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# सामाजिक सुरक्षा र सरकारको निर्णय



रुपनारायण खतिवडा

सामाजिक सुरक्षा भत्ताको विषय यति बेला चर्चामा रहेको छ। केही दिनअघि नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिकको उमेर ७० वर्षबाट ६५ वर्षमा झार्ने निर्णय गरेसँगै यसबारेमा चर्चा र बहस चलिरहेको छ। सामाजिक सुरक्षा राज्यको गहन दायित्वभित्र पर्ने संवेदनशील विषय हो। सामाजिक सुरक्षणको माध्यमसमेत भएकोले ज्येष्ठ नागरिकलगायतलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन आवश्यक ठान्ने पनि गरिन्छ। तर, यसमा भइरहेको खर्चको अवस्था हेर्ने हो भने बर्सेनि तीव्ररूपमा वृद्धि हुँदै गएको मात्र हैन राज्यले धान्नै नसक्ने गरी बोझिलोसमेत बन्दै गएको छ। अर्कोतर्फ, नेपालको सन्दर्भमा खासगरी सामाजिक सुरक्षा भत्तालाई सस्तो राजनीतिक लोकप्रियता हासिल गर्ने माध्यमका रूपमा सरकार र राजनीतिक दलहरूले प्रयोग गर्ने गरेका छन्। भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिकको उमेर घटाउने हालको निर्णयलाई पनि यसकै पछिल्लो शृङ्खलाका रूपमा लिन सकिन्छ।

सामजिक सुरक्षा मानवीय सुरक्षा र संरक्षणको महत्वपूर्ण पक्ष हो, जसले कमजोर तथा सहायता आवश्यक भएको अवस्थामा सुरक्षाको सुनिश्चित गराई व्यक्तिलाई उसको भविष्यको जोखिम न्यून गर्न सहयोग पुऱ्याउँछ। यसले मानिसहरूलाई जोखिमबाट बचाउन तथा यस्ता जोखिमबाट हुन सक्ने क्षतिको सामना गर्ने क्षमता विकास गर्न सहयोग गर्दछ। सामाजिक सुरक्षाको मूल अभिष्ट नै जोखिममा परेका नागरिकलाई राज्यका तर्फबाट आर्थिक संरक्षणमार्फत सामाजिक न्याय प्रदान गर्नु हो। सामाजिक सुरक्षा अवधारणाको इतिहास १६ औं शताब्दीमा बेलायतबाट शुरु भएको हो। तथापि, सन् १९३७ मा तत्कालीन अमेरिकी राष्ट्रपति रुजबेल्टले ज्येष्ठ नागरिकहरूलाई पेन्सन दिन शुरुवात गरी यो अवधारणालाई कार्यान्वयनमा ल्याएसँगै क्रमशः विश्वभर यो अवधारणाको विस्तार भएको पाइन्छ। सबैको निमित्त सामाजिक सुरक्षा भन्ने मान्यताका साथ विश्वका विभिन्न मुलुकहरूले सामाजिक सुरक्षाको प्रबन्ध र विस्तारका क्षेत्रमा विभिन्न किसिमका योजना तथा कार्यक्रमहरू सञ्चालनमा ल्याएको पाइन्छ।

नेपालको सन्दर्भमा हेर्ने हो भने, सामाजिक सुरक्षाको अवधारणा कार्यरूपमा उत्रिएको दुई दशकभन्दा केही बढी मात्र भएको छ। खासगरी, २०५२ सालमा ७५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई प्रतिमहिना एक सय रुपियाँ भत्ता दिने सरकारको निर्णयसँगै यो अवधारणा कार्यान्वयनमा आएको हो। यही कारण, नेपालमा सामाजिक सुरक्षा भनेकै सामाजिक सुरक्षा भत्ता र खासगरी वृद्धभत्ता हो भन्ने आमबुझाइसमेत व्याप्त रहेको छ। हालसम्म आइपुग्दा ज्येष्ठ नागरिकका अतिरिक्त एकल महिला, दलित, लोपोन्मुख आदिवासी, जनजाति तथा अशक्तता र अपांगता भएका व्यक्तिहरूलाई समेत सामाजिक सुरक्षा भत्ताको दायरामा समेटिएको छ। विद्यमान प्रावधानअनुसार कर्णाली अन्चल र दलित समुदायका ६० वर्षमाथिका र अन्य भूभाग एवं समुदायका नागरिकका हकमा ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई मासिक २ हजार रुपियाँ सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने गरिएको थियो। यही उमेरको हदलाई घटाउँदै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिकको उमेर ७० वर्षबाट ६५ वर्षमा झार्ने गरी सरकारले पछिल्लो निर्णय गरेको हो।

२०६८ सालको जनगणनाअनुसार नेपालमा ६० वर्षमाथिका ज्येष्ठ नागरिकहरूको संख्या करिब २३ लाख अर्थात कुल जनसंख्याको ८ दशमलव १३ प्रतिशत रहेको छ। ७० वर्ष पुगेर सामाजिक सुरक्षा भत्ता पाउन योग्य ज्येष्ठ नागरिकहरूको संख्या १० लाख हाराहारी रहेको केन्द्रिय पञ्जीकरण विभागको तथ्यांक छ। नयाँ व्यवस्थासँगै यस किसिमको भत्ता प्राप्त गर्नेको संख्या १५ लाख हाराहारी पुग्ने सरकारी अनुमान छ। हाल उपलब्ध गराइँदै आएको उमेर समूहका लागि सामाजिक सुरक्षा भत्तामा गत आर्थिक वर्षमा ३३ अर्ब रकम खर्च भएको थियो भने चालू आर्थिक वर्षमा ३६ अर्ब रकम विनियोजन भएको तथ्यांक छ। जुन कुल बजेटको करिब ३ प्रतिशत हिस्सा हो। हाल सरकारले निर्णय गरेअनुरूप ६५ वर्षमाथिका ज्येष्ठ नागरिकहरूलाई भत्ता उपलब्ध गराउन थप १३ अर्ब २० करोड हाराहारी रकम आवश्यक पर्ने विवरण पनि सार्वजनिक भइसकेको छ। यसरी हेर्दा पुरानै व्यवस्थाअन्तर्गत नै ज्येष्ठ नागरिक भत्तालगायत सामाजिक सुरक्षा भत्ताबापतको खर्चमा बर्सेनि अर्बौंले वृद्धि भइरहेको अवस्थामा सरकारी निर्णयले यसको भारलाई थप बोझिलो बनाएको छ। अर्कोतर्फ, नेपालको जनसंख्या संरचनामा ज्येष्ठ नागरिकहरूको संख्या बर्सेनि बढ्दो क्रममा रहेको र नेपालीहरूको औसत आयुमा निरन्तर वृद्धि भई ७० वर्ष हाराहारी पुगिसकेको जस्ता तथ्यलाई नजरअन्दाज गर्दै गरिएको हालको निर्णयले यस्तो खर्चमा हुने वृद्धिको दर आगामी वर्षहरूमा व्यापक बढोत्तरी हुने सहज अनुमान गर्न सकिन्छ। राज्यको दायित्वका रूपमा रहेको सामाजिक सुरक्षाबापत भइरहेको खर्चको यस किसिमको विकराल र चुनौतीपूर्ण स्थितिलाई बेलैमा सम्बोधन गर्दै यसलाई दिगो र राज्यको धान्न सक्ने क्षमता अनुकूल तुल्याउनेतर्फ सोचिनुपर्ने समयमा पछिल्लो सरकारी निर्णयलाई कुनै तवरबाट पनि स्वागतयोग्य मान्न सकिने अवस्था छैन।

पछिल्ला वर्षहरूमा नेपाली राजनीतिमा वितरणमुखी संस्कारले जरा गाडेको छ। निर्वाचनताका राजनीतिक दलका घोषणापत्र र नेताहरूका भाषण हेर्ने एवं सुन्ने हो भने प्रत्यक्ष, अप्रत्यक्षरूपमा नगद रकम बाँड्ने आश्वासनहरूले भरिएका हुन्छन्। भोट फकाउन र जनता आकर्षित गर्न वितरणमुखी नारालाई चुनावी हतियार बनाएका राजनीतिक नेतृत्वले आफ्ना निर्णयबाट राज्यलाई पर्ने दीर्घकालीन आर्थिक भारलाई कसरी धान्ने भन्नेतर्फ सोच्ने गरेका छैनन्। पछिल्लो निर्णय पनि यही खालको अदूरदर्शिताबाट ग्रसित रहेको देखिन्छ। यस खालको गहन र राष्ट्रिय महत्वको निर्णय गर्नुअघि यो कदम औचित्यपूर्ण, टिकाउपूर्ण र वैज्ञानिक आधारयुक्त रहे/नरहेको भन्ने सन्दर्भमा ठोस अध्ययन भएको पाइँदैन। यस खालको कदमको आवश्यकता र यस्तो निर्णयबाट अर्थतन्त्रमा पर्न सक्ने असर एवं प्रभावलगायतका पक्षहरूमा विश्लेषण गर्न आवश्यक नठानिनु र हचुवापूर्ण निर्णय गरिनु प्रशासनिक दृष्टिकोणबाट समेत गम्भीर कमजोरी हो।

> गहन र राष्ट्रिय महत्वको निर्णय गर्नुअघि यो कदम औचित्यपूर्ण, टिकाउपूर्ण र वैज्ञानिक आधारयुक्त रहे/नरहेको भन्ने सन्दर्भमा ठोस अध्ययन भएको पाइँदैन। यस खालको कदमको आवश्यकता र यस्तो निर्णयबाट अर्थतन्त्रमा पर्न सक्ने असर एवं प्रभावलगायतका पक्षहरूमा विश्लेषण गर्न आवश्यक नठानिनु र हचुवापूर्ण निर्णय गरिनु प्रशासनिक दृष्टिकोणबाट समेत गम्भीर कमजोरी हो।

विश्वका कतिपय विकसित मुलुकहरूले सक्रिय उमेरमा सामाजिक सुरक्षा कार्यक्रमका लागि आफैंले योगदान गर्ने र सामाजिक सुरक्षा आवश्यक भएका बखत त्यहींबाट सहयोग पाइने गरी योगदामूलक सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने गर्दछन्। सामाजिक सुरक्षा व्यवस्थामा दिगोपन कायम गरी धान्न सकिने तुल्याउन यस खालको व्यवस्था अपरिहार्य रहेकै कारण त्यस्ता देशहरूले योगदानमूलक परिपाटी अपनाएको सहजै आंकलन गर्न सकिन्छ। तर, हाम्रो हकमा एकातिर गैरयोगदानमूलक सामाजिक सुरक्षाको अवधारणा अपनाइएको र अर्कोतिर, विनाआधार जथाभावी भत्ता बढाउने एवं उमेर घटाउने पटक-पटकका कदमहरूले अर्थतन्त्रलाई बोझिलो बनाउँदै लगेका छन्। यस खालको निर्णयबाट एकातिर हाम्रोजस्तो गरिबीले गाँजेको मुलुकमा उपलब्ध सीमित स्रोत-साधनको प्रयोग लगानीमुखीभन्दा वितरणमुखी हुने तथा अर्कोतिर धान्नै नसक्ने गरी दीर्घकालीन दायित्व थपिँदै जाने चुनौतिसमेत एकसाथ देखा परेको छ। आयको स्रोत सीमित भएको तर यस खालको अनुत्पादक क्षेत्रमा राज्यको लगानी निरन्तर बढिरहेको सन्दर्भमा उमेरको हद घटाउने सरकारी निर्णयले अर्थतन्त्रलाई थप जटिलतातर्फ धकेलेको छ।

चालू आर्थिक वर्षको आधाउधी समयमा आएर गरिएको यस खालको निर्णयको कार्यान्वयनमा पनि उत्तिकै जटिलता रहेको देखिन्छ। संसद्बाट पारित बजेटको दायरा बढ्ने गरी आर्थिक वर्षको बीचैमा राज्य कोषमाथि अर्बौं व्ययभार पार्ने यस खालको निर्णयले संसद्को स्वीकृतिविना सरकारले खर्च गर्न नपाउने मान्यताको समेत उल्लंघन भएको छ। अर्कोतर्फ, यस खालको अर्बौंको दायित्व बेहोर्ने स्रोत के हुने हो भन्ने अन्योलता पनि व्याप्त छ। हालको निर्णय कार्यान्वयन गर्ने हो भने पूँजीगत खर्चमा कटौती गरेर मात्रै आवश्यक रकमको जोहो गर्न सकिने अर्थ मन्त्रालयका अधिकारीहरूको भनाइ पनि यसबीचमा सार्वजनिक भइसकेको छ। यो स्थितिमा स्रोतको सुनिश्चितताविना गरिएको यस किसिमको सस्तो लोकप्रियतायुक्त निर्णयबाट अल्पकालदेखि दीर्घकालसम्मै चौतर्फीरूपमा दूरगामी प्रभाव निम्तिने खतरा रहेको छ।

ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षाका लागि भत्ता उपलब्ध गराइने व्यवस्था आफैंमा सराहनीय कार्य रहेको तथ्यमा दुईमत छैन। सामाजिक सुरक्षाका दृष्टिले हेर्ने हो भने यसका थुप्रै सकारात्मक पाटाहरू पनि रहेका छन्। यस किसिमको भत्तामा राज्यको क्षमताअनुरूप समयसापेक्ष वृद्धि गर्दै लगिनुपर्ने र उमेर समूहमा पनि समय-समयमा पुनर्विचार गरिनुपर्ने विषयमा पनि मतभिन्नता हुन सक्दैन। ज्येष्ठ नागरिकहरूमा रहेको ज्ञान, सीप, क्षमता र लामो अनुभवलाई मुलुकी हितमा उपयोग गर्ने वातावरण सृजना गर्नुका साथै उनीहरूको सम्मानपूर्ण जीवनयापनका लागि आवश्यक सेवासुविधा विस्तार गरी अग्रजहरूलाई सम्मानित र सुरक्षित तुल्याउनुपर्ने हुन्छ। तर, यस किसिमको संवेदनशील विषयलाई हचुवाका भरमा सस्तो राजनीतिक लोकप्रियता आर्जन गर्ने माध्यम बनाउँदै लाने हो भने यसमा दिगोपना कायम गर्ने कार्य आफैंमा चुनौतीको रूपमा खडा हुन पुग्छ। यस खालको स्थिति निम्तिरहँदा ज्येष्ठ नागरिक भत्तालगायत सामाजिक सुरक्षा भत्ता राज्यका निम्ति थेगिनसक्नुको भार त बन्छ नै, सँगसँगै सामाजिकरूपले असुरक्षामा गाँजिएका वास्तविक गरिब एवं निमुखाहरूले पनि खालि हात रहनुपर्ने स्थितिसमेत आउन सक्छ। त्यसैले, यस खालको स्थिति निम्तिन सक्नेतर्फ बेलैमा ध्यान पुऱ्याउन र हचुवा एवं तदर्थवादी निर्णय निर्माणमा भन्दा विवेकशील एवं धान्न सकिने निर्णय गर्नतर्फ ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ।

## पाठक पत्र

# स्वराज भ्रमणको उपलब्धि

चिसो काठमाडौंमा औपचारिक निम्ताविना नै प्रधानमन्त्री नरेन्द्र मोदीको विशेष दूतका रूपमा बिहीबार टुप्लुक्क आइपुगेकी भारतकी विदेशमन्त्री सुषमा स्वराज यहाँको भलाकुसारी सकेर शुकबार स्वदेश फर्किइन्। नेपाल सरकारले निम्ता दिएर बोलाएको नभए पनि उनलाई विमानस्थलमा अर्थ राज्यमन्त्री र परराष्ट्र सचिवले स्वागत गरे। नेपाल बसाइमा भने उनले मूलतः चुनाव जितेको कम्युनिस्ट गठबन्धन र मधेसी दलका नेताहरूसँग भेटवार्ता गरिन्। एजेन्डाविहीन भ्रमणमा राष्ट्रपति र प्रधानमन्त्रीसँगको भेट औपचारिकता मात्र थियो भन्ने सहजै बुझिन्छ। उनले धेरै महत्व 'प्रतीक्षारत प्रधानमन्त्री' नेकपा (एमाले)का अध्यक्ष केपी ओलीलाई दिइन्। कम्युनिस्ट गठबन्धनकै अर्को घटक नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल र मधेसी दलका नेताहरू उनको दोस्रो प्राथमिकतामा परे।

विदेशमन्त्री सुषमा स्वराजको भ्रमणमा नेपाली कांग्रेसका नेता सबैभन्दा उपेक्षित भए। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश बोकेर नेपालको २५ घन्टाको सद्भावना भ्रमणमा आएकी भारतीय विदेशमन्त्री सुष्मा स्वराज भारतप्रति नेपालको सद्भावना बोकेर स्वदेश फर्किएकी हुन्। तर, उनको यो भ्रमणले नेपालको राजनीतिमा अदृश्य तरंग छाडेको छ। उनले सर्वप्रथम वाम गठबन्धनका भावी प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर उनलाई अग्रिम शुभकामना तथा बधाई दिँदै उनको नेतृत्वको सरकारसँग मिलेर सहकार्य गर्न भारत सरकार अत्यन्त इच्छुक रहेको जानकारी दिएकी थिइन्। अरु छिमेकी देशभन्दा भारत नेपालको सुख-दुःखको अभिन्न मित्र भएको कुरा भावी प्रधानमन्त्री ओलीसँगको एक घन्टा लामो एक्लाएक्लै भेटमा भारतीय विदेशमन्त्रीले बताएकी थिइन्। तर, उनका यी भनाइहरू सिद्धान्त र व्यवहारमा कति समान छन् या छैनन् भन्ने कुराको नेपालका सचेत जनताले चिन्तन, मनन र समीक्षा गर्नुपर्ने विषय बनेको छ।

नेपाल र भारतबीच लामो समयदेखि सम्बन्ध सुमधुर हुँदाहुँदै पनि यदाकदा विवादमा पर्ने गरेको छ। केही समयअघि भारतले नेपालमाथि लगाएको नाकाबन्दीलाई धेरै नेपालीले बिर्सेका छैनन्। यस्तै, मेचीदेखि महाकालीसम्मको खुला सिमानामा दर्जनौं स्थानमा भएको भारतीय अतिक्रमणलाई पनि हामी देशभक्त नेपालीले बिर्सेका छैनौं। सन् १९५० को असमान नेपाल-भारत सन्धिलाई समयानुकूल परिमार्जन गर्दै वैज्ञानिक ढंगबाट सीमा स्तम्भ गाडिनुपर्ने कुरामा पनि हाम्रो जोड रहँदै आएको छ। तर, विडम्बना यो छ कि नेपाल सरकारले कूटनीतिक माध्यमबाट यी ज्वलन्त समस्याको समुचित समाधान गर्न सकेको छैन। यी महत्वपूर्ण विषयहरूको उचित समाधान भएपछि मात्र भारतीय सद्भावको केही अर्थ रहन सक्छ।

एउटा रोचक र सुखद संयोग के पनि बन्न गएको छ भने, भारतीय विदेशमन्त्रीको नेपाल भ्रमणको पूर्वसन्ध्यामा नेपाललाई दिने अनुदानमा ७० प्रतिशत वृद्धि गरिएको छ। एकान्त वार्तालापमा सबैलाई उनले सहयोग गर्ने बचन दिएको सार्वजनिक भएको छ। यस्तो सहयोग देश हितकै लागि त होला भन्ने अपेक्षाबाहेक अरू गर्ने पो के सकिन्छ र ? भारतले जति नै निकटता र विशेष सम्बन्धको दुहाइ दिने गरे पनि २०७२ सालमा भुइँचालोले थिलथिलो भएको नेपालमाथि भारतले लगाएको नाकाबन्दीको पीडा नेपालीले अहिल्यै बिर्सेका छैनन्। विगतलाई बिर्सेर नयाँ युगको सूत्रपात गर्ने हो भने पनि सुषमा स्वराजको अति हार्दिकता स्वाभाविकभन्दा नाटकीय देखिएको छ। कम्युनिस्ट गठबन्धनको सरकार चीनसँग निकट होला कि भनेर हतारमा गरिएजस्तो विदेशमन्त्री स्वराजको भ्रमणले नेपालमा कुनै सकारात्मक सन्देश दिन सकेन। सामाजिक सञ्जालमा त यसलाई हस्तक्षेप भन्नेहरूकै बाहुल्य छ। यद्यपि, अहिले भारतलाई सराप्नुको कुनै अर्थ छैन। कम्युनिस्टहरू एक हुन सकेनन् भने वा नेपाली कांग्रेस र मधेसी दलबीच दूरी बढ्यो भने त्यसमा भारतलाई दोष दिनु पनि सही हुँदैन।

भारतीय विदेशमन्त्रीले आफ्नो सरकार नेपालसँग विकास परियोजनामा सहकार्य गरेर अघि बढ्ने तथा जलस्रोत र क्षेत्रीय सुरक्षासमेतका विषयमा भावी सरकारसँग हातेमालो गर्ने धारणा भावी प्रधानमन्त्री ओलीसँग बताएकी थिइन्। भारतीय विदेशमन्त्रीको हतारमा भएको यो भ्रमणले दक्षिण एसियामा आफ्नो वर्चश्व र प्रभावलाई अझ बढी बलियो बनाउन भारत इच्छुक रहेको बुझ्न सकिन्छ। अर्को ठूलो छिमेकी राष्ट्रभन्दा नेपालप्रति आफ्नो बढी चासो देखाउन र मनोवैज्ञानिक प्रभाव यथावत् राख्न उनको यो भ्रमण केन्द्रित रहेको कूटनीतिक विश्लेषकहरूले अनुमान गरिरहेका छन्।

भारतले वास्तवमै नेपालसँग सम्बन्ध सुधार्न चाहेको हो भने असमान सन्धिको तत्काल समयानुकूल परिमार्जन गर्न र सीमा विवाद यथाशक्य छिटो टुंग्याउन विशेष पहल गर्नु अत्यावश्यक देखिन्छ। अन्यथा, यस्तो हतारको एजेन्डाविहीन भ्रमणले नेपाल र नेपाली जनताको हित हुनसक्ने छैन। साथै, असमान व्यापार र पारवहन क्षेत्रका समस्याहरू पनि नेपालका समस्याभित्र पर्ने भएकाले भारत सरकारको यस विषयमा ध्यानाकर्षण हुन जरुरी छ। उनी सहभागी भएको प्रधानमन्त्री निवासको दिवाभोज औपचारिकता मात्रै हो। एक्लाएक्लै भएको भनिएको भेटघाटमा के कुराकानी भए र भावी प्रधानमन्त्रीले भारतीय विदेश मन्त्रीलाई कुनै बचन दिएका वा सहयोग मागेका छन् कि भन्ने आधिकारिक अभिलेखसम्म पनि छैन। विगतमा यस्तै एकान्तका बाचा-कबोलले नेपाली जनताले सास्ती पाएका र राष्ट्रिय अस्मितामा आँच आएको उदाहरण छ। नेपालका राजनीतिक नेताहरू नै गड्यौला प्रजातिका नहुने हो भने अरू कसैको इशारा वा सन्देशले केही गर्नेछैन। सुषमा स्वराजको भ्रमणको सन्देश आ-आफ्नै अनुमानअनुसार ग्रहण गर्न सबै स्वतन्त्रै छन्। तर, नेपाली जनमानसले यसलाई सकारात्मकरूपमा लिएको देखिएन। बाबुहरूको साटो विदेश मन्त्रीलाई नै मोदीले विशेष दूत बनाएर पठाए भनेर आत्मसन्तोष गर्ने ठाउँ भने छ। कम्युनिस्ट गठबन्धनका नेतालाई भेटेरै बधाई दिन आएकी विदेशमन्त्री स्वराजको सद्भाव नेपालप्रति पनि हो कि चुनाव जितेका दलहरूकै लागि मात्र हो भन्ने थाहा पाउन त केही समय पर्खनै पर्ला।

संसारको कुनै पनि मुलुकको प्राथमिकतामा आफ्नै स्वार्थ हुन्छ भन्ने बिर्सन हुँदन। भारतीय विशेष दूतले यसपटक तर्साउनुको साटो फकाएर गएको सन्देश प्रवाहित भएको छ। यद्यपि, भारतका विदेशमन्त्री सुषमा स्वराजसँग नेपालका राजनीतिक नेताहरूले एक्लाएक्लै भेट गर्नुको रहस्य भने खुलेको छैन। सार्वजनिक हुनुपर्ने विषयलाई रहस्यमय बनाएपछि अड्कल र अनुमानकै त भर परिन्छ नि ! भारतीय पक्षले आफ्नो हितमा हुने गरी अड्कलेर सूचना प्रवाहित गर्नु स्वाभाविकै हो। नेपालका नेताहरू त भेटमा सहयोगी नै राख्दैनन्। संसारमा अन्यत्र यस्तो चलन विरलै होला। जे होस्, भारतीय चासो वाम गठबन्धनको सरकारमा धेरै हुनुले पनि केही गाँठी कुरा भने पक्कै राख्छ।

*- खिम घिमिरे, बीबीएस तेस्रो वर्ष*
*त्रिभुवन विश्वविद्यालय, काठमाडौं*

## सामाजिक सञ्जाल



अधिकांश नेपाली राजनीतिक नेताहरु कूटनीतिक आचारसंहिता उल्लंघनमा 'प्रतिबद्ध' देखिएका छन्। ध्यान नपुगेर होइन। किन त ? हीन ग्रन्थि र निहित राजनीतिक स्वार्थ ! दुःख र ग्लानिको अनुभूति हुन्छ, ठुला छिमेकीहरु उपनिवेश बन्दासमेत पुर्खाहरुले स्वतन्त्र बनाइराखेको हाम्रो देशको स्वाभिमान आज गिराइँदै छ।

**NKShresthaPrakash**
**@nksthaprakash**



हामीलाई पित्तल पनि सुनजस्तै लाग्छन्
माथि-माथि बस्ने जति जूनजस्तै लाग्छन्।
झर्नु हुन्न भन्दाभन्दै झर्छन् आँखाबाट
हामीलाई त खुशी पनि मनसुनजस्तै लाग्छन्।

**Buddhisagar**
**@buddhisagar**

स्वराजको भ्रमण भारत सरकारको रुचिअनुसार भएको दाबी गर्दै अनावश्यक टीकाटिप्पणी गर्न उचित नभएको बताउनुभयो। विगतमा नेपालमा नयाँ सरकार बन्ने बेलामा नेपालकै नेताहरू भारत दौडिने गरेकोमा अहिले भारतका मन्त्री नेपाल आउनु सकारात्मक भएको बताउँदै भन्नुभयो- 'पहिला-पहिला नेपालमा सरकार बन्ने बेला नेपालका नेताहरू दौडेर भारत जाने परम्परा थियो। यो गलत परम्परा तोडिएको छ।'

# एआईजी शाहीद्वारा स्वदेश फर्किएको टोलीलाई स्वागत



नेपाल समाचारपत्र

काठमाडौं

संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ युनाइटेड नेसन्स मिसन इन साउथ सुडानमा फर्म्ड पुलिस युनिट (एफपीयु) को रूपमा खटिएको सशस्त्र प्रहरी बल नेपालको एक टोली आफ्नो एक वर्षे कार्यकाल पूरा गरी स्वदेश फर्किएको छ।

सो टोलीलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक प्रेमकुमार शाहीले माघ २१ गते सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भूमा आयोजित एक समारोहबीच हार्दिक स्वागत गर्नुभयो।

सो अवसरमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक शाहीले सशस्त्र प्रहरी बल नेपालका तर्फबाट यूएन मिसनमा खटिएर शान्ति स्थापनार्थ पुर्‍याएको योगदान एवं व्यावसायीक कार्यकुशलताका कारण यूएनले शान्ति मिसनहरूमा सशस्त्र प्रहरी बलको सहभागितालाई वृद्धि गर्दै गइरहेको चर्चा गर्नुहुँदै यस्ता मिसनमा खटिँदा प्राप्त ज्ञान र अनुभवलाई राष्ट्र र संगठनको हितमा उपयोग गर्नुपर्ने बताउनुभयो। सशस्त्र प्रहरी बल नेपालमा यूएन मिसन छनोटसम्बन्धी छुट्टै विधि र प्रक्रिया रहेको उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक शाहीले यूएन मिसनमा सहभागिताका लागि बाह्य दौडधुप र प्रभावको कुनै अर्थ नरहने बताउनुभयो।

उहाँले समस्याग्रस्त मुलुकहरूमा शान्ति स्थापनार्थ खटिँदा विभिन्न किसिमका दुःख र कठिनाइ झेल्दै जिम्मेवारी बहन गर्नुपर्ने यथार्थका बीच साउथ सुडानमा फर्म्ड पुलिस युनिटको रूपमा खटिएको एपीएफ टोलीले यूएनको म्यान्डेटअनुरुप त्यहाँका जनताको मन जित्दै उत्कृष्ट कार्य गरेको चर्चा गर्नुभयो। सशस्त्र प्रहरी नायव उपरीक्षक दोर्ण विष्टको कमान्डमा स्वदेश फिर्ता भएको एपीएफ टोलीमा कुल १ सय ६२ जना रहेका छन्।

## फागुनमा मोदी नेपाल आउँछन्: *ज्ञवाली*

काठमाडौं (नेस)

नेकपा एमालेका सचिव प्रदीप ज्ञवालीले आफ्नो पार्टीका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेलगत्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउने बताउनुभएको छ।

उहाँले भारतीय विदेशमन्त्री सुष्मा स्वराजको नेपाल भ्रमणपछि दुई देशको सम्बन्ध थप सुमधुर भएको दाबी गर्दै एमाले अध्यक्ष ओली प्रधानमन्त्री बनेलगत्तै मोदी नेपाल भ्रमणमा आउने बताउनुभएको हो।

स्वराजको नेपाल भ्रमणअघि नै एमाले अध्यक्ष केपी ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचको टेलिफोन वार्तामा दुवै पक्षले एक-अर्कालाई भ्रमणको निम्तो दिएकाले सोहीअनुसार मोदी नेपाल आउने ज्ञवालीले बताउनुभयो।

वाम गठबन्धनले भारतसँग सुमधुर सम्बन्ध राखेर जान चाहेको बताउँदै भन्नुभयो- 'जसरी मोदीले ओलीलाई दुईपटक फोन गर्नुभयो, स्वराज नेपाल भ्रमण आएर अविश्वास हटाउनुभयो।'

कार्यक्रममा सचिव ज्ञवालीले स्वराजको भ्रमण भारत सरकारको रुचिअनुसार भएको दाबी गर्दै अनावश्यक टीकाटिप्पणी गर्न उचित नभएको बताउनुभयो। विगतमा नेपालमा नयाँ सरकार बन्ने बेलामा नेपालकै नेताहरू भारत दौडिने गरेकोमा अहिले भारतका मन्त्री नेपाल आउनु सकारात्मक भएको बताउँदै भन्नुभयो- 'पहिला-पहिला नेपालमा सरकार बन्ने बेला नेपालका नेताहरू दौडेर भारत जाने परम्परा थियो। यो गलत परम्परा तोडिएको छ।'

ज्ञवालीले फागुन महिनाभित्रमा नयाँ सरकार गठन र पार्टी एकता प्रक्रिया टुङ्गोमा पुग्ने दाबी गर्दै पछिल्लो समय पार्टी एकता हुँदैन भनेर गरिएको प्रचार गलत भएको बताउनुभयो।

## माघभित्रै पार्टी एकताको टुंगो लाग्छ: *प्रचण्ड*

काठमाडौं (नेस)

पार्टी एकता प्रक्रियाले गति लिन नसकिरहेका बेला नेकपा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माघ महिनाभित्र एकताका धेरै कुरा टुंगिने दाबी गर्नुभएको छ। उहाँले एकताका लागि भएका वार्ता सकारात्मक दिशामा अगाडि बढेको बताउँदै एकता प्रक्रियालाई कुनै पनि तागतले रोक्न नसक्ने बताउनुभएको हो। आइतबार अखिल क्रान्तिकारीका पदाधिकारीको प्रतिनिधि मण्डलसँग कुरा गर्दै अध्यक्ष प्रचण्डले बाहिर हल्ला आएजस्तो एकतामा समस्या नरहेको बताउनुभयो।

एमालेले सरकार गठनलाई प्राथमिकता राखे पनि एकता र सरकार गठनको प्रक्रिया सँगसँगै अगाडि बढ्ने बताउँदै प्रचण्डले भन्नुभया- ''हामी सकभर सरकार गठन अगाडि नै पार्टी एकता होस् भन्ने पक्षमा छौं, त्यसो नभए पनि दुवै काम सँगसँगै अगाडि बढ्छन्।'

## एमाले–माओवादीबीच छिट्टै पार्टी एकता: *गौतम*

काठमाडौं, (नेस)

नेकपा एमालेका उपाध्यक्ष वामदेव गौतमले एमाले र माओवादी केन्द्रबीच छिट्टै एकता हुने बताउनुभएको छ। उहाँले एकाएक कुनै दुर्घटना नभए दई पार्टीबीच पार्टी एकता हुने बताउनुभएको हो। एमाले निकट पत्रकारको संगठन प्रेस चौतारीको २०औं स्थापना दिवसको अवसरमा आइतबार राजधानीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष छिट्टै पार्टी एकताको लागि कोसिस भइरहेको बताउँदै कुनै दुर्घटना भएन भने छिट्टै पार्टी एकता हुने बताउनुभयो।

उपाध्यक्ष गौतमले नयाँ सरकार केपी ओलीकै नेतृत्वमा बन्ने बताउँदै सरकारको नेतृत्व गर्ने विषयमा बामगठबन्धनभित्र विवाद नरहेको बताउनुभयो। उक्त कार्यक्रममा नेकपा माओवादी केन्द्रकी प्रवक्ता पम्फा भुसाल र एमाले प्रचार विभाग प्रमुख योगेश भट्टराईलगायतको सहभागिता रहेको थियो।

## स्रोत खुलाउन नसकेको रकमसहित पक्राउ

काठमाडौं, (नेस)

झापा घर भई कीर्तिपुर बस्ने आशिष कार्कीलाई प्रहरीले स्रोत खुलाउन नसकेको नगद र सुनका गहनासहित पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-२१ भोटेबहालमा कार्की सवार बा८५प ७६५८ नम्बरको मोटरसाइकललाई प्रहरीले शनिबार चेक गर्दा उनले बोकेको झोलाबाट स्रोत नखुलेको नगद ५६ हजार ५ सय रुपियाँ, हातमा लगाउने पहेलो रङको सुनको बाला ३ थान बाला र १ थान औंठी बरामद भएको थियो। कार्की हुन्डी कारोबार गर्ने व्यक्ति भन्ने खुलनआएको छ।

# वाम गठबन्धनद्वारा नमुना मतदान

नेपाल समाचारपत्र

काठमाडौं

माघ २४ गते राष्ट्रियसभा निर्वाचनमा मतदान गर्ने विषयमा वाम गठबन्धनले ३ नम्बर प्रदेशका प्रदेशसभा सांसद र स्थानीय तहका प्रमुख र उपप्रमुखलाई प्रशिक्षण दिएको छ। आइतबार धोबीघाटमा आयोजित प्रशिक्षण कार्यक्रममा राष्ट्रियसभाका ३ नम्बर प्रदेशका मतदाताले नमुना मतदान गरेका छन्।

प्रशिक्षण कार्यक्रममा ३ नम्बर प्रदेशबाट राष्ट्रिय सभाका लागि ८ जना निर्वाचित हुने भएका छन्। एकल संक्रमणीय निर्वाचन प्रणालीअन्तर्गत महिला, दलित, अल्पसंख्यक उम्मेदवारलाई भोट हाल्ने विधिको जानकारी गराइएको रामेछाप दोरम्बा गाउँपालिका अध्यक्ष कमानसिंह मोक्तानले जानकारी दिनुभयो। निर्वाचनमा आफ्ना उम्मेदवारलाई मतदान गर्दा नअलमलिउन् भन्ने उद्देश्यले कार्यक्रम गरिएको थियो।

वाम गठबन्धको संयुक्त आयोजनामा भएको कार्यक्रममा नेकपा एमालेका र माओवादी केन्द्रका प्रदेशसभा सांसद, गाउँपालिका प्रमुख, उपप्रमुख र नगरपालिका प्रमुख उपप्रमुखहरूको सहभागिता रहेको थियो। प्रदेश नम्बर ३ मा वाम गठबन्धनले संयुक्त उम्मेदवार उठाएका छन्। एमालेबाट ६ जना र माओवादी केन्द्रबाट २ जना उम्मेदवार रहेका छन्।

एमालेबाट पार्वती रावल (महिला) चितवन, उदया शर्मा (महिला) काठमाडौं, सिंहबहादुर विक (दलित) सिन्धुपाल्चोक, बलराम बाँस्कोटा (खुला) काठमाडौं, र रामचन्द्र राई दनुवार (अल्पसंख्यक) मकवानपुर रहेका छन्। त्यसै गरी माओवादी केन्द्रबाट रामबहादुर थापा 'बादल' (खुल्ला) र गंगा पराजुली (महिला) राष्ट्रिय सभा सदस्यका उम्मेदवार रहेका छन्।

## रक्तदान कार्यक्रम सम्पन्न



ललितपुर, (नेस)

भगवान् शरण कल्याण कोषले ललितपुरको मंगलबजारमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ।

ललितपुरबाट हरेक दिन चोभारमा मर्निङवाक जाने व्यक्तिहरू मिलेर बनाएको सो संस्थाको स्थापना दिवसका अवसरमा सो रक्तदान कार्यक्रम आयोजना गरेको हो।

रक्तदानमा ७५ जनाले रक्तदान गरेको कोषका अध्यक्ष बालकाजी महर्जनले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। रक्तदान गर्नुहुने सबैलाई धन्यवादसहित प्रमाणपत्र वितरण गरिएको थियो।

## सूचना हकको बारेमा छलफल

काठमाडौं, (नेस)

नेपाल पत्रकार महासंघले पत्रकार, समावेशिता र सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ।

नेपाल पत्रकार महासंघ मधेस समितिको आयोजनामा भएको कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटाले जनतालाई सार्वजनिक सूचनाको जानकारी राख्ने अधिकार रहेको भन्दै सूचनाको हकसम्बन्धी अधिकार प्रयोग गर्न सबैलाई आग्रह गर्नुभयो।

संघीय शासन प्रणाली भएका मुलुकहरूमा प्रदेश सूचना आयोगहरू रहेको भन्दै उहाँले नेपालमा पनि प्रदेशस्तरीय सूचना आयोग आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो। नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले सूचनाको हकसम्बन्धी कानुनको प्रयोगबाट समाचारको गहिराइसम्म पुग्न सजिलो हुने बताउनुभयो।

कार्यक्रममा मधेसी पत्रकार समाजका अध्यक्ष मोहन सिंह, मधेस मिडिया हाउसका अध्यक्ष डा.राजेश अहिराज, महासंघका पूर्वसचिव धर्मेन्द्र कर्ण, सामुदायिक रेडियो प्रसारक संघका उपाध्यक्ष निमेश कर्ण, पत्रकारहरू सुभक महतो, अनिलकुमार कर्ण र वीरेन्द्र केएमलगायतले बोल्नुभएको थियो।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
**काठमाडौ उपत्यका विकास प्राधिकरण**
**इचंगुनारायण (रानीवन) जग्गा एकीकरण आयोजना (दोस्रो)**
नागार्जुन न.पा.वडा नं.१, रानीवन, काठमाडौं
(सूचना प्रकाशित मिति २०७४।१०।२२)
**घडेरीको अस्थायी/स्थायी प्रमाण पूर्जा लिन आउने बारेको सूचना!**

यस आयोजनाभित्र अधिग्रहणमा परेका कित्ता जग्गाहरुमध्ये ८३% अस्थायी र ७३% स्थायी ज.ध.प्रमाण पूर्जा सहित विकसित घडेरी फिर्ता भएकोले अस्थायी/स्थायी पूर्जा लिन बाँकी ज.ध. तथा मोहीले आफ्नो जग्गाको स्थायी प्रमाणपूर्जा राखी यस आयोजनाको साईट कार्यालय नागार्जुन न.पा. वडा नं.१, रानीवनमा निवेदन दिनहुन र घर तथा अन्य कारणबाट जग्गा थप भई घडेरी फिर्ता लिन बाँकी रहेका जग्गाधनी/मोहीहरुले यस आयोजनामा बुझाउनुपर्ने रकम यो सूचना प्रकाशित भएको मितिले ३ महिनाभित्र बुझाई विकसित घडेरीको अस्थायी/स्थायी प्रमाण पूर्जा लिनुहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि आयोजनाको साईट कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
सम्पर्क नं.:- ०१-५१०३३७२

### सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक लाभ, खेलकुद-परीक्षामा विजय, कार्य सफल।
**वृष** : काममा असफलता, खर्च, पेटको समस्या, कष्ट।
**मिथुन** : तनाव, अपच, दौडधुप, विवाद, चिन्ता, शोक-सन्ताप।
**कर्कट** : आर्थिक लाभ, मान-सम्मान, इज्जत-प्रतिष्ठा वृद्धि।
**सिंह** : मानसिक चञ्चलता, धननाश, व्यर्थमा खर्च, स्वास्थ्य समस्या।
**कन्या** : सम्पत्ति प्राप्ति, पुरस्कार-सम्मान प्राप्ति, मिष्ठान्न भोजन।
**तुला** : स्वास्थ्य समस्या, विवाद, दुर्घटना-चोटपटकको सम्भावना।
**वृश्चिक** : आर्थिक लाभ, खाद्यान्न प्राप्ति, उपहारादि वस्तु प्राप्ति।
**धनु** : गरेका कार्य सफल, सुख-सन्तोष, स्वस्थता, पढाइमा सफलता।
**मकर** : राजनीतिक भय, मान-सम्मानमा चोट, व्यर्थको यात्रा।
**कुम्भ** : रोगव्याधिको भय, खर्च वृद्धि, काममा बाधा-व्यवधान।
**मीन** : परीक्षा प्रतियोगितामा सफलता, धनलाभ, शुभ समाचार सुनिने।

# नेपाल

सेभ द चिल्ड्रेनको साझेदारी र किर्डाक नेपाल कालिकोटको आयोजनामा सञ्चालित बालअधिकार तालिममा जिल्लामा बाल हिंसा, बाल यौन दुर्व्यवहार, बालविवाहका बारेमा प्रहरी र सहजकर्ताबीच छलफल भएको सेभ द चिल्ड्रेनका अधिकृत बाले विश्वकर्माले बताए।

## वीरगन्जमा फेरि बन्दकै राजनीति

कृष्णउदास खनाल, वीरगन्ज



प्रदेश नम्बर-२ को राजधानी माग्दै आइतबार वीरगन्ज बन्द गरिएको छ। जसका कारण वीरगन्ज क्षेत्रको जनजीवन प्रभावित भएको छ।

आन्दोलनकारीले केही सवारीसाधनमा तोडफोड गरेका छन्। सरकारले प्रदेश-२ को अस्थायी राजधानी धनुषाको जनकपुरधाम तोकेको छ। जनकपुरधाममा प्रदेशसभाको पहिलो बैठक बसेको दिन नै वीरगन्ज प्रादेशिक राजधानी हुनुपर्ने माग राखेर बन्द आह्वान गरिएको हो। बन्दको अवज्ञा गरेको भन्दै बन्दकर्ताले घण्टाघर र आदर्शनगर क्षेत्रमा सवारीसाधनमा तोडफोड गरेका छन्। बन्दकर्ताले बीआर ०५ पीए ३०४० नम्बरको भारतीय गाडी र नम्बर नखुलेका २ वटा निजी कारमा तोडफोड गरेका हुन्। बिहानैदेखि सडक अवरुद्ध पारेका छन्। ठाउँ-ठाउँमा टायर बालेर प्रदर्शन गरिएको छ।

आन्दनोलन संघर्ष समितिका सहसंयोजक राजकुमार गुप्ताको नेतृत्वमा रहेका बन्दकर्ताले वीरगन्जको घण्टाघर, माईस्थान, आदर्शनगर, मुर्लीचोक, प्रतिमा चोक र बहुअरीलगायत क्षेत्रमा टायर बालेर प्रदर्शन गरेका छन्। लामो तथा छोटो दूरीका सवारीसाधनसँगै बजार, शैक्षिक संस्था र कलकारखाना ठप्प छन्। बन्दका क्रममा एम्बुलेन्स र दमकललगायत अत्यावश्यक सवारीसाधन भने सञ्चालन हुन दिइएको छ। मोटरसाइकल, रिक्सा पनि सञ्चालनमा छन्।

यसअघि संघर्ष समितिले सरकारले जनकपुरलाई अस्थायी राजधानी घोषणा गरेको भोलिपल्ट अर्थात् माघ ४ गते पनि बन्द आह्वान गरेको थियो। शान्तिपूर्ण आन्दोलनलाई सरकारले नसुनेका कारण बन्द गर्नुपरेको संघर्ष समितिको दाबी छ। यद्यपि वीरगन्जको राजधानीका कारण वीरगन्ज थप धराशायी बन्दै गरेको भन्दै बन्दको विकल्प खोज्न नागरिकस्तरबाट आग्रह गरिएको छ। करिब दुई वर्षअगाडिको लगातारको मधेस बन्दका कारण सबैभन्दा बढी मारमा परेको वीरगन्ज फेरि एक पटक अर्को बहाना तर बन्दको राजनीतिको चेपुवामा परेको हो।

## स्कर्टिङ गरेरै चरेस तस्करी

### ५ जना समातिए

सीताराम अधिकारी, धादिङ

एउटा ट्रकलाई अगाडि एउटा र पछाडि अर्को मोटरसाइकलले स्कर्टिङ गरेर प्रहरी चेक प्वाइन्ट छल्न लागेको अवस्थामा प्रहरीले चेकजाँच गर्दा ठूलो मात्रामा लागूऔषध चरेस बरामद गरेको छ।

धादिङको महाभारत क्षेत्रबाट लागूऔषध चरेस बिक्री वितरण गर्न लैजाँदै गरेको भन्ने सुराकीका आधारमा प्रहरीले १ सय ६८ किलोग्राम, ९ सय ग्राम चरेस, एउटा ट्रक र ३ वटा मोटरसाइकलसमेत बरामद गरेको छ।

प्रहरीको सूचनाका आधारमा अहिलेको ठूलो मात्रामा प्रतिबन्धित लागूऔषध चरेस बरामद गरेको जनाएको छ। शुक्रबार बरामद गरिएको चरेस आइतबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो। चरेस गाडीमा हालेर बिक्रीका लागि लैजान लागेको अवस्थामा इलाका प्रहरी कार्यालय गजुरीले १ सय ६८ किलोग्राम ९ सय ग्राम चरेस, र नाइख ४३२४ नं को ट्रक, बा२६प ४४६५, बा४०प २५८८, र बा३३प ७०२५ नं को मोटरसाइकल, ५ थान मोबाइल बरामद गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक ध्रुवराज राउतले बताउनुभयो।

चरेस खोजी गर्दा पक्राउ पर्नेमा ट्रक चालक मकवानपुर जिल्ला हेटौंडा उपहानगरपालिका वडा नं १० का ३७ वर्षीय रामकृष्ण श्रेष्ठ, धादिङको गल्छी गाउँपालिका वडा नं ५ का २६ वर्षीय श्यामबहादुर तामाङ, सोही स्थानका



३१ वर्षीय विनोद तामाङ, गल्छी गाउँपालिका वडा नं ६ का ३४ वर्षीय नवराज तामाङ र गल्छी गाउँपालिका वडा नं ८ का देवबहादुर तामाङ रहेका छन्। उनीहरूलाई लागूपदार्थ कारोबार ऐनअन्तरगत मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक राउतले आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

प्रहरीले केही वर्षदेखि लागूऔषध कारोबारमा संलग्नहरूलाई कारबाहीको दायरामा ल्याएर सफलता पाएको जनाएको छ। यसमा संलग्नलाई निरुत्साहित गर्न प्रहरीले सचेतना अभियानसमेत सञ्चालन गर्ने जनाएको छ।

प्रहरीले आर्थिक वर्ष ०७४/७५ को यो अवधिमा लागूऔषध चरेस र गाँजा २ सय ४७ किलोग्राम १ सय ७५ ग्राम बरामद गरी १ महिलासहित १३ जना पक्राउ गरी कारबाही गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। यसै गरी ०७३/७४ मा १ सय ३१ किलोग्राम ३ सय ७५ ग्राम बरामद सहित २९ जना पक्राउ गरी मुद्दा चलाएकाले पछिल्लो समय सफलता पाएको प्रहरीको भनाइ छ।

अन्य लागूपदार्थ कोरेक्स, स्प्रोम्पल्स, एम्पुल, डाइजेपाम फेनारागन आदि प्रतिबन्धित लागूऔषध समेत बरामद गरी कानुनी दायरामा ल्याइएको प्रहरीको भनाइ छ।

## महिला हिंसा नघटेको महिलाको गुनासो

नेपाल समाचारपत्र

लमजुङ

लमजुङमा महिला हिंसा नघटेको एक कार्यक्रममा सहभागी महिलाले गुनासो गरेका छन्। लमजुङको रागिनास नगरपालिका न्यायिक समिति र जिल्ला अदालतको संयुक्त आयोजनामा सञ्चालित न्यायिक साक्षरता सचेतना कार्यक्रममा सहभागी भएका महिलाले त्यस्तो दाबी गरेका हुन्।

सो कार्यक्रम लिएर सचेतनाका लागि पुग्नु भएका जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्यले न्यायपालिकाप्रति सर्वसाधरणको बुझाई र आम धारणामा परिवर्तन ल्याउन ग्रामीण क्षेत्रमा कानुनी सचेतना कार्यक्रम गरिएको जानकारी दिनुभयो। उहाँले न्याय सम्पादन कार्यमा छिटो छरितो, सर्वसाधारणको पहुँचमा पुऱ्याउन गुणस्तरीय र सर्वसुलभ बनाउने कार्यमा सर्वसाधरण नागरिकको सहयोग आवश्यक रहेको बताउनुभयो। आचार्यले जोड दिँदै भन्नुभया- 'न्यायाधीशले मुख खोल्नै हुन्न, सर्वसाधारण वा सेवाग्राहीबीच आउनु हुन्न भन्नेजस्ता पुराना मान्यताबाट हामी माथि उठ्न जरुरी छ।' उहाँले भन्नुभयो- 'अदालत, अदालती काम कारबाही, तिनका प्रक्रिया र अवधिजस्ता विषयमा सेवाग्राहीलाई यथेष्ट जानकारी गराएमा न्यायक्षेत्र थप प्रभावकारी बन्न सक्छ यसैले यो कार्यक्रम गरिएको हो।'

सो अवसरमा रागिनास नगरपालिका न्यायिक समितिका संयोजकसमेत रहनुभएकी नगरपालिकाका उपमेयर धनकुमारी गुरुङले महिलाहरूले आफ्ना समस्या भन्ने र हिंसा भएमा उजुरी गर्ने बानीको विकास गर्न जरुरी रहेको उल्लेख गर्नुभयो।

शिशु विद्याश्रम मावि तीनपिप्लेकी प्रधानाध्यापकसमेत रहनुभएकी स्थानीय नानुमाया पराजुलीले ग्रामीण भेगका महिला हिंसामा परेको बेला कसरी न्याय पाउन सकिन्छ भन्ने विषयमा अझै पनि अनविज्ञ रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'समाजमा हिंसा पीडित भएका महिलाहरूले खुलेर न्याय माग्न आउन सकेको पाइँदैन, समाजमा अझै पनि महिला हिंसाका घटनालाई गाउँघरमा नै मिलाइन्छ, महिलाले आफ्नो समस्यालाई लिएर सम्बन्धित निकायमा पुग्न सक्ने वातावरण बन्न सकेको छैन।'

यसै गरी, रागिनास नगरपालिका कार्यपालिका सदस्य भगवती कँडेलले न्याय दिनेहरूले लाभको आशा राखेर कानूनको व्याख्या गर्ने प्रवृत्ति रहेसम्म वास्तविक पीडितले न्याय पाउन नसक्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'न्याय दिनेहरूले लाभको आशा नत्यागेसम्म सयौं पीडितले न्यायका लागि रोएर भौतारिँदै हिँड्नुपर्नेछ, पीडकहरू पीडितकै सामु निर्भय पूर्वक हाँसी-हाँसी हिँडेका छन्।'

कार्यक्रममा सहभागी महिलाहरूले घरेलु हिंसा, पारिवारिक झैझगडा, बहुविवाह र महिला हिंसाका पीडित महिलाले न्याय नपाएको गुनासो गरेका हुन्। पीडित महिलाहरू आर्थिक तथा सामाजिक विभेदका कारणले गर्दा न्यायका लागि अदालतसम्म पुग्न नसकेको उनीहरूले बताए।

## झापाका सीमा क्षेत्रमा मोटरसाइकल चोरको बिगबिगी

नेपाल समाचारपत्र

भद्रपुर

झापाका मुख्य बजार क्षेत्रमा मोटरसाइकल चोरी गर्ने गिरोहमा आवद्ध समूहले केही दिनयता सीमा क्षेत्रका बजारबाट मोटरसाइकल चोरी गर्न थालेका छन्। भद्रपुर क्षेत्रबाट १० दिनको अवधिमा ३ वटा मोटरसाइकल चोरी भएपछि बजार क्षेत्रमा गिरोह केन्द्रित रहेको पाइएको हो। एउटा मोटरसाइकल प्रहरीले बेवारिसे अवस्थामा फेला पारे पनि २ वटा मोटरसाइकल अझै फेला पारेको छैन। मोटरसाइकल चोरी बढ्न थालेपछि भद्रपुरका प्रहरीलाई थप चुनौती थपिएको छ।

घटना विवरणअनुसार शनिबार दिउँसो भद्रपुर बजारबाटै एउटा मोटरसाइकल चोरी भएको छ। भद्रपुर-६ स्थित हटियामा बजार लाग्ने पार्किङ स्थलबाटै भद्रपुर ४ का द्रिर्ण राजवंशीको मे२प ८२२५ नम्बरको हिरो होन्डा कम्पनीको कालो रंगको सुपर स्पेलन्डर मोटरसाइकल चोरी भएको वडा प्रहरी कार्यालय भद्रपुरका इन्सपेक्टर प्रकाश जगेवुले जानकारी दिए।

पार्किङस्थलमा मोटरसाइकल राख्दा सवारीधनी राजवंशीले साँचो नै मोटरसाइकलमा छाडेर बजार गर्न गएका थिए। फर्किएर आउँदा राजवंशीको मोटरसाइकल नभेटाउँदा बजारमा होहल्ला मचिएपछि प्रहरी घटनास्थल पुगेको इन्सपेक्टर जगेवुले बताए।

त्यसै गरी गत माघ १२ गते भद्रपुर-८ स्थित हस्पिटल चोकमा रहेको नेपाल रेडक्रस सोसाइटी झापा शाखाको परिसरबाटै राति साढे २ बजे मे७प ४४४१ नम्बरको मोटरसाइकल चोरी भएको छ। बजाज कम्पनीको डिस्कभर मोटरसाइकल चोरी भएको प्रहरीले जनाएको छ। चोरी गर्न आएका दुई युवकलाई रेडक्रसको सीसी क्यामेराले कैद गरे पनि पहिचान हुन नसक्दा हालसम्म उनीहरू पक्राउ पर्न नसकेको प्रहरीको भनाइ छ।

त्यसै गरी भद्रपुर-६ स्थित विकेन्द्र श्रेष्ठको घरबाट माघ ११ गते मे९प ७२२ नम्बरको होन्डा कम्पनीको कालो रङको हर्नेट मोटरसाइकल चोरी भएको थियो। घरधनी श्रेष्ठ काम विशेषले घर बाहिर गएको बेला उनको मोटरसाइकल घरको बरन्डाबाट चोरी भएको थियो। मोटरसाइकल चोरी भएको जानकारी पाउनासाथ वडा प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले उक्त मोटरसाइकल नेपाल-भारत सीमावर्ती नजिकैबाट सोही दिन बिहान वेबारिसे अवस्थामा फेला पारेको जगेवुले जानकारी दिए।

प्रहरीले अहिलेसम्म मोटरसाइकल चोरी गर्ने एक दर्जनभन्दा बढी व्यक्तिलाई पक्राउ गरिसके पनि झापाका बजार क्षेत्रमा मोटरसाइकल चोरीका घटनामा कमी आएको छैन।

## स्वास्थ्य चौकी भवन हस्तान्तरण

लक्ष्मीकुमार साह, महोत्तरी

मटिहानी नगरपालिकास्थित धिरापुरमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले स्वास्थ्य चौकी भवन हस्तान्तरण गरेको छ। बेलायत सरकार तथा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा सञ्चालित सामुदायिक विकास कार्यक्रममा मटिहानी नगरपालिकाका आरआरएनका महोत्तरी संयोजक विशाल तिमल्सिनाले बताउनुभयो। साथै उनले सीडीपी महोत्तरीको १९ लाख ३६ हजार ७ सय २३, सामुदायिक लगानी ३१ हजार १ सय ३७ र गाविसको ७३ हजार ३ सय ८७ रुपियाँसहित २० लाख ४१ हजार २ सय ४८ रुपियाँको लागतमा दुईवटा शौचालयसहितको दुई कोठे धिरापुर स्वास्थ्य चौकी भवन निर्माण




नगरप्रमुख हरिप्रसाद मण्डलद्वारा रिबन काटेर स्वास्थ्य चौकी भवनको उद्घाटन तथा हस्तान्तरण गरिएको छ।

आरआरएन र तत्कालीन धिरापुर गाविसको संयुक्त आर्थिक सहयोगमा सो भवन निर्माण भएको कार्य सम्पन्न भएको जनाएको छ। निर्माण कार्य सम्पन्न भएपछि सो संस्थाले भवन उद्घाटन तथा हस्तान्तरण कार्यक्रमको आयोजना सो भवन मटिहानीका नगरप्रमुखलाई हस्तान्तरण गरेको छ।

मटिहानीका नगरप्रमुख मण्डलले भन्नुभयो- 'भवन बन्यो, भित्र राख्ने उपकरण छैन।' स्वास्थ्य सेवा प्रभावकारी बनाउन तत्काले आवश्यक सामग्रीहरूको पहल गर्ने तथा आगामी दिनमा विभिन्न किसिमका स्वास्थ्य शिविरहरू पनि सञ्चालन गर्न सम्बन्धित निकाहरूको ध्यानाकर्षण गराउने जनाइएको छ। साथै उहाँले नयाँ संरचनामा नयाँ जनप्रतिनिधि भर्खरै आएकाले सबै एकैपटक नभए पनि दैनिक अत्यावश्यक सेवा स्थानीयको सहज र सुलभ पहुँच बनाउन हरसम्भव प्रयास गरिरहने बताउनुभयो।

तत्कालीन धिरापुर गाविसदेखि नै यो परिस्थितिको सामना गरिरहेका तत्का गाविस सचिव तथा हाल मटीहानी नगरपालिकाका नि. कार्यकारी अधिकृत राजेश शर्माले तत्कालीन अवस्थामा धेरै वर्षदेखि गाविसको चौध चरण योजनामा राखिएको योजना भए पनि साधन स्रोतको अभावले उक्त भवन निर्माण गर्न नसकिएको र गाविसले उपलब्ध गराएको सानो यौटा कोठामा ४/५ जना कर्मचारी, सामान औषधि, बिरामीको भीडले स्वास्थ्य सेवा असाध्यै दु:खदायी थियो र बिरामी बस्ने ठाउँ समेत नभएको बताउनुभयो। अब यो संरचना भएपछि त्यो समस्या सधैंका लागि समाधान भएको पनि उहाँले बताउनुभयो।

आरआरएनका महोत्तरी जिल्ला संयोजक विशाल तिमल्सेनाले सीडीपीले यस जिल्लालगायत १८ जिल्लामा शासन व्यवस्था मूल विषयमै काम गरिरहेको र हाल स्थानीय तहको नयाँ संरचनाअनुरुप आफ्ना कार्यहरूले कार्यरत स्थानमा सहजीकरण गर्दै जाने बताउनुभयो।

आरआरएनका महोत्तरीका इन्जिनियर प्रकाश खड्काले स्थानीयको दैनिक अपरिहार्य सेवा प्रदायक विद्यालय भवन, स्वास्थ्य चौकी भवन, सामुदायिक भवन, बजार सेड, कल्भर्टजस्ता १९ वटा एकाइको विपद् प्रतिरोधी भौतिक संरचना तयार भइसकेको जसमा पडौल, सिंग्याही र धिरापुरमा स्वास्थ्य चौकी भवन बनेका छन्।

## बालविवाहविरुद्ध प्रहरीको कार्ययोजना

नेपाल समाचारपत्र

कालिकोट




जिल्लालाई बालविवाहमुक्त बनाउन जिल्लाभरिका प्रहरीले अभियान सञ्चालन गर्ने भएका छन्। जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, प्रहरी चौकीका इन्चार्जहरूले बालविवाहमुक्त जिल्ला बनाउन संयुक्त वार्षिक कार्ययोजना बनाइ अभियान सञ्चालन गरेका हुन्।

बालअधिकार संरक्षणका लागि प्रहरीको क्षमता विकास तालिमको समापन कार्यक्रममा बालविवाहविरुद्धको अभियान सञ्चालनका लागि वार्षिक कार्ययोजना २०७४/०७५ तयार पारिएको कालिकोटका निमित्त प्रहरी प्रमुख इन्सपेक्टर निरज चौलागाईंले जानकारी गराएका छन्। जिल्लामा बालविवाहजस्तो सामाजिक अपराध बढ्दै गएकाले यसको अन्त्य गर्नका लागि प्रहरीले नै अभियान सञ्चालन गर्नुपरेको उनको भनाइ रहेको छ।

अभियानका क्रममा बालबालिकासम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी निकाय र स्थानीय तहबीच त्रैमासिक समीक्षा बैठक बस्ने, बिद्यालयस्तरमा बालविवाहसम्बन्धी कानुनी प्रावधान र बालविवाहका असरहरूका बारेमा सचेतना कार्यक्रम गर्ने, बालविवाह बढी हुने बस्तीहरूमा घरदैलो अभियान तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने, बालविवाह हुने वा हुन सक्ने बस्ती तथा टोलमा बालविवाह हुन नदिनका लागि निगरानी गर्ने कार्यक्रम रहेका छन्।

सेभ द चिल्ड्रेनको साझेदारी र किर्डाक नेपाल कालिकोटको आयोजनामा सञ्चालित बालअधिकार तालिममा जिल्लामा बाल हिंसा, बाल यौन दुर्व्यवहार, बालविवाहका बारेमा प्रहरी र सहजकर्ताबीच छलफल भएको सेभ द चिल्ड्रेनका अधिकृत बाले विश्वकर्माले बताए। उनका अनुसार कालिकोट जिल्लाका १२ गाविसको सर्वेक्षणमा सन् २०१७ भरि ४१ प्रतिशत बालविवाह भएको पाइएको छ। कार्यक्रममा निमित्त जिल्ला प्रहरी प्रमुख चौलागाईंले बालविवाह अन्त्यका लागि बनाइएको कार्ययोजना आफ्नो कार्यक्षेत्रमा तत्काल कार्यान्वयन गर्न मातहतका युनिटलाई निर्देशन दिएका थिए।

यस जिल्लामा विद्यालय उमेरका बालवालिका, जोखिममा परेका बालबालिकाले अत्यधिक बालविवाह गर्ने गरेको पाइन्छ।

२०७४, माघ
सोमबार
२२

ग्रामीण भेगमा सडक सञ्जाल जोड्ने कार्यमा अघि देखिएका नगर र गाउँपालिकाले नयाँ विकासे खाकासमेत कोर्न सकेका छैनन्। सिंहदरबार गाउँमै आउँछ भनिएको थियो, होइन रहेछ।

# नेपाल

## युवा सञ्जालद्वारा शिविर सञ्चालन

# ९ सय ३६ जनाले स्वास्थ्य सेवा लिए

**सरिता चलाउने, सल्यान**



लामो समयदेखि सामाजिक कार्यमा लागिपरेको युवा सञ्जालले सल्यानको बागचौर नगरपालिका सल्यानमा निःशुल्क बृहत् स्वास्थ्य शिविर सम्पन्न गरेको छ। सल्यानी युवा सञ्जालको आयोजना तथा रोट्र्याक्ट क्लब काठमाडौं मेडिकल कलेज र बागचौर नगरपालिकाको सहकार्यमा 'बृहत् निःशुल्क स्वास्थ्य शिविर' सम्पन्न गरेको हो। जनकल्यान नमुना माविको प्राङ्गणमा भएको स्वास्थ्य शिविरबाट जिल्लाका ९ सय ३६ जनाले स्वास्थ्य सेवा लिएको सल्यानी युवा सञ्जालका अध्यक्ष सुदर्शन बुढाथोकीले बताउनुभएको छ।

निःशुल्करूपमा आयोजना गरिएको स्वास्थ्य शिविरमा सामान्य स्वास्थ्य परीक्षण, सुगर परीक्षण, क्षयरोग परीक्षण, दन्त शिविर र आँखा उपचारको सेवा प्रदान गरिएको थियो। बिरामीको स्वास्थ परीक्षणका लागि शिक्षण अस्पतालका इमरजेन्सी विभाग सम्हालीरहनु भएका डा.नितेन्द्र वज्राचार्य, डा. शशांक घिमिरे तथा मेडिकल अधिकृत डा.नितेश मिश्र गरी १७ जना डाक्टरको समूहले बिरामीको स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरेको थियो।

बागचौर नगरपालिका वडा नं २ अन्तर्गत जनकल्यान उच्च मावि परिसरमा आयोजना गरिएको उक्त स्वास्थ शिविरबाट २ सय ४३ पुरुष र ७ सय २० जना महिला गरी जम्मा ९ सय ६३ जनाले सेवा प्राप्त गरेका छन्। बिरामीहरूलाई चेकजाँचसँगै औषधि पनि निःशुल्क वितरण गरिएको छ। सल्यानी युवा सञ्जालका अध्यक्ष सुदर्शन बुढाथोकीले ४६ जना मोतिविन्दुका बिरामी तथा १२ जना टीबी रोगका शंकास्पद बिरामी भेटिएको जानकारी दिनुभएको छ। आँखाको परीक्षणका क्रममा भेटिएका मोतिविन्दुका ४६ जना बिरामीको एक महिनाभित्रमा नै शिविर राखेर निःशुल्क अप्रेसन गरिने अध्यक्ष बुढाथोकीले बताउनुभयो।

निकै लामो प्रयास, छलफल र तयारीपछि आयोजना तथा सम्पन्न गरिएको स्वास्थ्य परीक्षण कार्यक्रममा बाघचौर नगरपालिका, शिद्ध कुमाख गाउँपालिका, कुमाख गाउँपालिका र केही मात्रामा रोल्पा जिल्लाका नागरिकले शिविरमा आफ्नो स्वास्थ्य परीक्षण गराएका थिए। स्वास्थ्य परीक्षणकै लागि काठमाडौं बाट १७ जना डाक्टरको टोली थारमारे आएको थियो। शिविर सञ्चालन गर्नुले यसबाट आफूलाई धेरै राहत भएको सल्यान पीपलनेटाकी ७४ वर्षीया ज्योती केसीले खुसी व्यक्त गर्नुभयो। यसअघि आफूले अहिलेसम्म कुनै पनि ठाउँमा निःशुल्क स्वास्थ्य परीक्षण नगराएको र यो सुविधा पाउँदा युवा सञ्जाललाई धन्यवाद पनि दिनुभयो।

# स्थानीय तहमा पुगेनन् विषयगत कार्यालय

**विनोदसिंह विष्ट, बैतडी**

जिल्लामा स्थानीय सरकार चुनिएको सात महिना बित्दा पनि उल्लेख्य काम हुन सकेको छैन। विकास निर्माणदेखि स्थानीय सरकारबाट सर्वसाधारणले पाउनुपर्ने सेवासुविधा पाउन सकेका छैनन्। जिल्लास्तरका अधिकांश विषयगत कार्यालय स्थानीयतहमा स्थापना हुन नसक्दा सेवाग्राही समस्यामा परेका छन्।

स्थानीय तहका कतिपय वडा कार्यालय भाडाका घरमा बसेका छन्। पाटन नगरपालिका वडा नं. ८ को वडा कार्यालय वडामा उपयुक्त घर नपाएपछि छिमेकी वडा नं.९ मा कार्यालय राखिएको छ। वडा कार्यालय मात्र होइन नगरपालिका, गाउँपालिकाका समेत भवन छैनन्। पुर्चौडी नगरपालिकाको भवन नहुँदा भाडाको घरमा बस्दै आएको निमित्त प्रशासकीय अधिकृत पृथ्वीराज अवस्थीले बताउनुभयो। उहाँले भन्नुभयो- 'नगरको आफ्नै कार्यालय बनाउन जग्गाको खोजी भइररहेको छ।'

यस्तै जिल्लाको दक्षिणी शिवनाथ गाउँपालिकाको कार्यालय पनि भाडाको घरमा बस्दै आएको छ। स्थानीय तहका प्रमुख उपप्रमुखलगायत कर्मचारीको लागि ठाउँ नहुँदा विषयगत कार्यालय झोलामै सीमित हुने गरेका छन्। जिल्लाकै पुरानो दशरथचन्द नगरपालिकामा समेत सबै विषयगत कार्यालय स्थापित भएका छैनन्। झोलामै कार्यालय बोक्नुपरेको नगर पशुप्रमुख गुमानीदत्त पन्तले बताउनुभयो। कतिपय स्थानीय तहमा विषयगत कार्यालयका कर्मचारी जान सकेका छैनन् भने गएका ठाउँमा बस्ने ठाउँ नहुँदा हाजिर मात्रै लगाउने काम हुने गरेको कर्मचारी बताउँछन्।

ठाउँको अभावमा स्थानीय तहको कार्यालय साँघुरो कोठामा राखिएका छन्, जसले गर्दा सेवाग्राही र सेवाप्रदायकलाई समस्या हुने गरेको छ। 'गाउँमा सिंहदरबार' भनिए पनि अहिलेसम्म विषयगतकार्यालय पुग्न सकेका छैनन्। कागजी कार्य र कर्मचारी व्यवस्थापनमा अलमल रहेका कारण ४ नगर र ६ गाउँपालिकाले नयाँ काम अघि बढाउन सकेका छैनन्। आर्थिक वर्ष शुरू भएको ६ महिना बितिसक्दा समेत जिल्लाका स्थानीय तहले १५ देखि २० प्रतिशतमात्रै विकास बजेट खर्चेका छन्।

ग्रामीण भेगमा सडक सञ्जाल जोड्ने कार्यमा अघि देखिएका नगर र गाउँपालिकाले नयाँ विकासे खाकासमेत कोर्न सकेका छैनन्। 'सिंहदरबार गाउँमै आउँछ भनिएको थियो, होइन रहेछ, अझैसम्म सदरमुकामै धाउनुपर्छ', पुर्चौडी नगरपालिका-१ हाटका धनवीर धामीले भन्नुभयो- 'कार्यालय सबै सदरमुकाममै भएपछि स्थानीय सरकार हुनुको के अर्थ रह्यो र ?'

आवश्यकताअनुसार सेवाप्रदान गर्न नसकिएको शिवनाथ गाउँपालिका प्रमुख कर्णसिंह साउँदले बताउनुभयो। 'अधिकार दिइएको भनिएको छ तर, सबै काम सदरमुकामबाटै हुने गरेको छ', उहाँले भन्नुभया- 'स्थानीय तहमा बैंक नहुँदा कर्मचारीको तलब निकासा गर्न सदरमुकाम जान बाध्य छौं।'

जिल्लास्थित विषयगत कार्यालय स्थानीय तहमा जान सकेका छैनन्। महिला बालबालिका, कृषि, पशु, शिक्षा र स्वास्थ्यका कार्यालय स्थापना नहुँदा सामान्य कामका लागि पनि सदरमुकाम धाउनुपर्दा स्थानीय मर्कामा छन्। विषयगत कार्यालयका कर्मचारी नजाँदा स्थानीय तहलाई योजना बनाउनसमेत समस्या हुने गरेको छ। शिक्षा, स्वास्थ्य, पशुलगायत विषयगत कार्यालयका कर्मचारी स्थानीय तहमा गएकै छैनन्। यसअघि साविकका गाविसमा रहेका सेवा केन्द्र, स्वास्थ्यचौकी प्रमुखलाई विषयगत कार्यालयको जिम्मा दिइएको छ।

गाउँपालिकाकै केन्द्रमा पुग्न दुई दिन लाग्ने गरेको छ। सिगास गाउँपालिकाको कार्यालयमापुग्न घण्टौं हिंड्नुपर्ने बाध्यता रहेको सिगास गाउँपालिका-६ का पदमबहादुर रोकायले बताउनुभयो। उहाँले भन्नुभया- 'साना कागजी काममै दिनहुँ खट्नुपर्ने सास्तीले गाउँमा सरकार आएको अनुभूति हुन सकेको छैन।' राज्य संघीय संरचनामा गएपछि स्थानीय तहमा पहिलो अभ्यास भएकाले केही ढिलाई हुन लागेको सुर्नया गाउँपालिकाका अध्यक्ष वीरबहादुर विष्टले बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी अहिले अभ्यासमै छौं, गाउँमै सिंहदरवार पुग्न अझ केही समय लाग्छ।'

**मुद्दा नं. ७७-०७३-०३१११ लिखत बदर दर्ता बदर दर्ता कायम मुद्दा अ.व. १०२ नं. तथा जिल्ला अदालत नियमावलीको नियम २२ (क) नं. बमोजिम मोरङ जिल्ला अदालतबाट जारी भएको धर्मानन्दको छोरा जिल्ला पाँचथर साविक नागी गा.वि.स. वडा नं. ९ हाल परिवर्तित याङवरक गाउँपालिका वडा नं. ६ बस्ने वर्ष ४० को नारानिधि ढकालको नाउँको ३० दिने समाव्हान म्याद**

उप्रान्त वादी जिल्ला मोरङ पथरी शनिश्चरे नगरपालिका साविक वडा नं. १४हाल परिवर्तित वडा नं.४ बस्ने वर्ष ३५ को इन्दिरा कार्की क्षेत्री र प्रतिवादी जिल्ला पाँचथर साविक नागी गा.वि.स. वडा नं. ९ हाल परिवर्तित याङवरक गाउँपालिका वडा नं. ६ बस्ने वर्ष ४० को नारानिधि ढकाल समेत भएको लिखत बदर, दर्ता बदर, दर्ता कायम मुद्दामा तपाईंको नाउँमा म्याद बेपत्ते भई आएकोले मिति २०७४।१०।१७ को आदेशानुसार तपाईंको नाउँमा म्याद सूचना यस राष्ट्रिय दैनिक पत्रिकाबाट जारी गरिएको छ। सूचना जारी भई प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० दिनभित्र आफ्नो प्रमाण लिई अदालत खुलेको समयमा आफैं वा कानुन व्यवसायीमार्फत हाजिर हुन आउनुहोला। हाजिर नभए मुद्दा ऐन, बमोजिम फैसला हुनेछ पछि तपाईंको उजुर लाग्ने छैन। इति सम्वत् २०७४ साल माघ १७ गते रोज ४ शुभम् ......।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग

**पश्चिमान्चल क्षेत्रिय स्वास्थ्य निर्देशनालय, पोखरा**

**आसयपत्र छनौटको आसयको सुचना**

सुचना प्रकासित मिति २०७४/१०।२२ सुचना नं.२।२०७४।०७५

यस निर्देशनालयवाट मिति २०७४।८।०८ मा समाचार पत्र राष्ट्रिय दैनिकमा प्रकासित सुचना वमोजिम दर्ता हुन आएका सिलवन्दी आसयपत्रहरु मिति २०७४।९।७ गते सम्वन्धीत कार्यालयका प्रतिनिधीहरुको रोहवरमा खोलिएको र तपसिलमा उल्लेखित सिलबन्दी दरभाउपत्र न्युनतम मुल्याङिकत सारभुतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा २ को प्रयोजनार्थ सम्बन्धीत सवैको जानकारीको लागी यो सुचना प्रकासित गरिएको छ। छनौट भएको दरभाउपत्र विरुद्ध आवस्यक प्रमाण सहित सुचना प्रकासित भएको मितिले सात दिन भित्र कुनै पनि दरभाउपत्रदाताको निवेदन पर्न नआएमा उक्त दरभाउपत्र छनौट भएको दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरिने ब्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

| क्र स | सूचना/ ठेक्का नं. | कामको विवरण | वोलपत्र दाता | कवोल रु |
|---|---|---|---|---|
| १ | २।०७४।०७५ | पाठेघर खस्ने रोगको रोकथामका लागी निशुल्क शल्यकिया | देवदह मेडिकल कलेज एण्ड रिसर्च ईन्स्टिच्युट प्रा लि देवदह ९ रुपन्देही | रु.२६१५०००।०० आवस्यक कर समेत सवै भन्दा बढी घटी कवोल गर्ने |
| २ | | | लुम्वीनि मेडिकल कलेज प्रवास पाल्पा | रु.२७२५२५०।०० आवस्यक कर समेत दोस्रो धेरै घटी कवोल गने |

# पोषण सुधारका लागि ७० लाख खर्च गरिने

**नेपाल समाचारपत्र**

दैलेख

गत आर्थिक वर्षदेखि दैलेखमा सञ्चालित बहुक्षेत्रीय पोषण योजनाले जिल्लामा पोषण सुधारका लागि ७० लाख बढी रकम खर्च गर्ने भएको छ। योजनाले यो आर्थिक वर्षमा कुल ७० लाख २६ हजार ५ सय २४ रुपियाँ पोषण सुधारका लागि खर्च गर्ने भएको हो। जिल्ला समन्वय समिति दैलेखद्वारा आयोजित बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनसम्बन्धी अभिमुखिकरण कार्यक्रममा उक्त जानकारी दिइएको हो।

अभिमुखीकरण कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनसम्बन्धी जिल्ला समन्वय समितिका पदाधिकारीहरूको भूमिकाका विषयमा छलफलसमेत गरिएको छ। दैलेखका ११ वटै स्थानीय तह (प्रत्येक नगरपालिका तथा गाउँपालिकामा) बहुक्षेत्रीय पोषण योजनाका लागि संघीय तथा स्थानीय सरकारबाट बजेट विनियोजन भई कार्यान्वयनको चरणमा रहेको जनाइएको छ। कार्यक्रमलाई जिल्ला समन्वय समिति दैलेखले समन्वय, सहजीकरण र अनुगमन गर्ने भएकाले पदाधिकारीहरूको भूमिकाको बारेमा जानकारी गराइएको हो।

दैलेखमा गत वर्षदेखि नै बहुक्षेत्रीय पोषण योजना कार्यक्रम सञ्चालन हुँदै आएसँगै जिल्लाका विभिन्न गाउँ तथा नगरपालिकालाई कुपोषणमुक्त घोषणा गर्ने प्रतिबद्धता पनि सरोकारवालाहरूले यसअघि नै जनाइसकेका छन्।

कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना कार्यक्रमकी जिल्ला संयोजक पवित्रा सापकोटाले दैलेख जिल्लामा हालसम्म विषयगत कार्यालयले पोषण सुधारमा पुर्‍याएको योगदानका बारेमा जानकारी दिनुभएको थियो। जिल्ला समन्वय समिति दैलेखका प्रमुख प्रेमबहादुर थापा, वरिष्ठ प्राविधिक विमल खेन श्रेष्ठ तथा परामर्शदाता दामोदर न्यौपाने, गैर सरकारी संस्था महासंघ दैलेखका अध्यक्ष महारुप खत्री, नेपाल पत्रकार महासंघ दैलेखका अध्यक्ष चक्र केसीलगायतले जिल्लाको पोषण स्थितिबारे धारणा राखेका थिए।

## बोलपत्र आह्वानको सूचना

नेपाल सरकार
**स्वास्थ्य मन्त्रालय**
**राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र**
टेकु, काठमाण्डौ

**Automated HIV Viral Load Machine खरिद सम्बन्धी शिलबन्दी बोलपत्र**

प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७४/१०/२१

**ठेक्का नं. २**

१. राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन कार्यालयको समयभित्र बोलपत्र दस्तुर रु. ५,०००/- (अक्षेरुपी- रु. पाँच हजार पछि फिर्ता नहुने गरी) यस केन्द्रमा नगद बुझाएको सक्कल नगदी रसिद निवेदनसाथ संलग्न राखी कार्यालय समयभित्र बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस केन्द्रबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछन्। बोलपत्र खरिद गर्नको लागि निवेदकले सो सम्बन्धि कारोबार गर्ने उद्देश्यको आ.व. ०७४/७५ का लागि नविकरण गरिएको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्र र ०७३/७४ को कर चुक्ता प्रमाण पत्र वा आय विवरण दाखिला गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्रहरु खरिद गर्न निवेदनसाथ पेश गर्नुपर्नेछ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र खरिद गरेको बोलपत्र रीतपूर्वक भरी यस केन्द्रमा बोलपत्रदाताको प्रतिनिधी आफै उपस्थित भै शिलबन्दी बोलपत्र दर्ता गराई सक्नुपर्नेछ। शिलबन्दी बोलपत्र हुलाक तथा कुरियरबाट पनि पठाउन सकिने छ तर कुरियर तथा हुलाकबाट पठाएको बोलपत्र पनि तोकिएको समय सिमा भित्र यस केन्द्रमा दर्ता भै सक्नुपर्ने छ। तोकिएको समय सिमा पछि यस केन्द्रमा प्राप्त भएको बोलपत्र मान्य हुने छैन। दर्ता भएको बोलपत्रहरु ३१ औं दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस केन्द्रमा खोलिनेछन्। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दर्ता भएका शिलवन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

३. शिलवन्दी बोलपत्र दर्ता गर्दा जमानत वापत रु १२,९०,०००/- (अक्षेरुपी रु. बाह्र लाख नब्बे हजार) कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंको राष्ट्रिय वाणिज्य बैंक टेकु स्थित धरौटी खाता नं. १७००२०३०००००० मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको (बोलपत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त "क" श्रेणीको बाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेन्टी बोलपत्रसाथ पेश गर्नुपर्नेछ। बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि दाखिला गर्नुपर्ने कार्यसम्पादन जमानत वापतको रकम सार्वजनीक खरिद ऐनको दफा २७ को उपदफा ४ बमोजिम दाखिला गर्नु पर्ने छ।

४. बोलपत्रदाताले दररेट पेश गर्दा अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ। बोलपत्र फाराममा केरमेट भएको ठाउँमा सहिछाप गर्नुपर्ने हुन्छ।

५. बोलपत्रदाताले आफुले खरिद गरेको बोलपत्र शिलवन्दी गरी दर्ता गराउनु पर्नेछ। फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। यस केन्द्रबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले दालिखा गर्न पाउने छैन। साथै बोलपत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन। सर्त राखी पेश गरेको र रीत नपुगेको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

६. बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेख भएका सामानहरुको दररेट पेश गर्दा सम्बन्धित कम्पनीको सक्कल आधिकारीक पत्र र नमूना तथा क्याटलक अनिवार्य रुपमा पेश गर्नुपर्ने छ। सम्बन्धीत कम्पनीको आधिकारीक पत्र र नमूना तथा क्याटलक पेश नभएका बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

७. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका बोलपत्र स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ। सामानहरु स्वीकृत बजेटको स्थिति अनुसार खरिद गर्न सकिनेछ।

८. कुनै बोलपत्रदाताले बोलपत्र फिर्ता पाउ भनि निवेदन दिँदा बोलपत्र दर्ता गर्नु भन्दा अगावै प्रोप्राइटरको हस्ताक्षर गरी निवेदन साथ शिलबन्दी गरी पेश गर्नु पर्नेछ। नगरेमा बोलपत्र फिर्ता गरिने छैन।

९. सप्लाई गर्ने Automated HIV Viral Load Machine मेसिन WHO/FDA बाट मान्यता प्राप्त भएको र गुणस्तर चिन्ह प्राप्त भएको साथै माग गरे बमोजिमका स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ। स्पेसिफिकेशन अनुसार र WHO/FDA बाट मान्यता प्राप्त नभएका बोलपत्रदाताहरुको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गराइनेछैन।

१०. बोलपत्रदाताले सप्लाई गर्ने सामानको कम्तिमा २ वर्षको वारेण्टी साथै सामान सप्लाई गरेपछि २ वर्ष सम्म मेन्टेनेन्स निशुल्क रुपमा गर्नुपर्ने साथै बोलपत्रदाताले मेसिन संचालन गर्ने स्थानमा गई Onsite coaching Installation दिनुपर्ने छ।

११. बोलपत्रदाताले सो सम्बन्धी कारोवार गरेको अनुभव पेश गर्नु पर्नेछ साथै सप्लाई हुने मेसिन विभिन्न अस्पतालमा जडान गरेको र सो मेसिन ठिक छ भनि प्रमाणि कागजात पेश गर्नु पर्ने छ। सो पेश नगर्ने बोलपत्रदातालाई मूल्याङ्कनमा समावेश गरिने छैन।

१२. बोलपत्रदाताको भुक्तानी सामान बुझाएको विल र उक्त मेसिनको स्पेसिफिकेशन अनुसार चेक जाँच परिक्षण र Validation भएपछि मात्र दाखिला गरी सो पश्चात मात्र भुक्तानी हुनेछ।

१३. बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयत्रि बुझ्न सकिनेछ साथै यस केन्द्रको Website : www.ncasc.gov.np मा पनि हेर्न सकिनेछ।

१४. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

# विश्व

### भग्नावशेष
सिरियामा विद्रोही लडाकूले खसालेको रुसी लडाकू विमानको जल्दै गरेको परखेटाको हिस्सा। उक्त विमान फ्रि सिरियन आर्मीका लडाकूले खसालेको बताइएको छ।



### ट्वाइलेट क्रान्ति
चीनको दक्षिणपश्चिम गुइजाउ प्रान्तस्थित एक पार्कमा बनाइएको नयाँ सार्वजनिक ट्वाइलेट। सन् २०१५ चिनियाँ राष्ट्रपतिले 'ट्वाइलेट क्रान्ति'का लागि आह्वान गरेका थिए।





## विश्व २ मिनेट

### पाकिस्तान
#### आत्मघाती आक्रमण
इस्लामाबाद, (एजेन्सी)

पाकिस्तानको खैबर पख्तुनख्वां प्रान्तको स्वात जिल्लामा भएको एक आत्मघाती हमलामा कम्तिमा ११ जनाले ज्यान गुमाएका छन्। मारिनेमा सेनाका अधिकारीहरू पनि परेको बताइएको छ। आक्रमणकारीले सैन्य ब्यारेकबाहिर खेल मैदानलाई निसाना बनाएको अधिकारीहरूले बताए। उक्त खेल मैदानमा भलिबलको म्याच हेर्न दर्शकको भिड लागेको थियो। पाकिस्तानी तालिबानले उक्त हमलाको जिम्मेवारी लिएको छ। स्वात घाटीमा खेदिनुअगाडि कट्टरपन्थीहरूको व्यापक प्रभाव तथा उपस्थिति रहेको थियो। त्यहाँबाट खेदिएपछि कट्टरपन्थीबाट उक्त इलाकामा आक्रमण हुँदै आएको छ।

### जापान
#### नयाँ कीर्तिमान
टोकियो, (एजेन्सी)

जापानले अन्तरिक्ष उडानमा कीर्तिमान कायम गरेको छ। देशको एरोस्पेस एक्सप्लोरेसन एजेन्सी (जासा) ले पृथ्वीको कक्षसम्म एउटा भू-उपग्रह बोकेर लान सक्ने अहिलेसम्मकै सबैभन्दा सानो रकेटको सफलतापूर्वक प्रक्षेपण गरेको छ। तेस्रो चरणसम्म परिमार्जन गरिएको एसएस-५२० रकेटले उसको अग्रभागमा लोड गरिएको भू-उपग्रहलाई कक्षमा पुर्‍याएको छ। उक्त त्रिकोम-१ आर भू-उपग्रह १३ दशमलव ६ इन्च लामो भएको जनाइएको छ। यदि कुनै उपकरण सानो छ भने त्यसका लागि विशाल रकेटको आवश्यक नहुने यसले प्रमाणित गरेको छ। गत वर्ष उक्त रकेटको परीक्षण असफल भएको थियो।

### श्रीलंका
#### अनुसन्धान आदेश
कोलम्बो, (एजेन्सी)

श्रीलंकाले राष्ट्रिय ध्वजावाहक वायुसेवामा भएको भ्रष्टाचारको अनुसन्धानका लागि शनिबार आदेश दिएको छ। साथैं सरकारले उक्त वायुसेवाको इमिरेट्स एयरलाइनसँग भएको व्यवस्थापन सम्झौता पनि रद्द गरेको छ। राष्ट्रपति मैथिपाला सिरिसेनाले सन् २००६ देखि २००८ सम्म भएका श्रीलंका एयरलायन्सको आर्थिक काराबारमाथि गम्भीर छानविन गर्न आदेश दिएका छन्। सन् १९७९ मा स्थापना भएको श्रीलंकाको एयर लंका राष्ट्रपति महिन्दा राजपाक्षे सत्तामा आउनु अघिसम्म फाइदामा थियो। सन् २००५ देखि २०१५ सम्म सत्तामा बसेका राजपाक्षेले इमिरेट्स व्यवस्थापन टोलिलाई हटाएका थिए।

### कोस्टारिका
#### राष्ट्रपतीय चुनाव
सान जोस, (एजेन्सी)

कोस्टारिकाका जनताले आइतबार राष्ट्रपति छनोटका लागि मतदान गरेका छन्। हालै यस चुनावका प्रमुख उम्मेदवारहरूले समलिंगी विवाह र तिनीहरूको अधिकारको कडा शब्दमा विरोध गरेका थिए। अहिले ल्याटिन अमेरिकामा समलिंगी अधिकारको लहरै चलेको छ। कूल १३ जनाले उम्मेदवारी दिएको यस चुनावमा कन्जरभेटिभ क्रिस्चियन गायक तथा टेलिभिजन प्रस्तोता फाब्रिसियो अल्भाराडो पछिल्लो मत सर्भेक्षणअनुसार अग्रस्थानमा रहेका छन्। उनले गत जनवरीमा मानव अधिकारवादी अदालतले कोस्टारिकालाई महिला तथा पुरुष समलिंगीलाई समान रूपमा वैवाहिक अधिकार दिन गरेको आदेशको विरोध गरेका थिए।

# साना परमाणु हतियार विकास गर्ने अमेरिकी योजनाको चीनद्वारा आलोचना

बेइजिङ, (एजेन्सी)







परमाणु क्षमता वृद्धि गर्ने योजनालाई अगाडि बढाउने अमेरिकाको बयानलाई लिएर चीन र रुसले कडा शब्दमा त्यसको आलोचना गरेका छन्। अमेरिकाको परमाणु नीतिलाई लिएर चीनले कडा आलोचना गर्दै अमेरिकालाई शीत युद्धको मानसिकताबाहिर आउन आवश्यक भएको बताएको छ।

आइतबार चीनको विदेश मन्त्रालयले जारी गरिएको एक विज्ञप्तीमा भनिएको छ- जुन देशसँग विश्वकै सबैभन्दा धेरै परमाणु हतियार छन्, उसले परमाणु कार्यक्रमलाई सीमित गर्ने नीति पालना गर्ने कुरामा अगाडि बढ्नुपर्ने हो, त्यसको विपरीत धारमा जाने होइन। अमेरिकी सेनालाई ऊसँग भएको विद्यमान परमाणु हतियार प्रयोग गर्ने हिसाबले धेरै ठूला छन् भन्ने लागेको छ। त्यसैले ऊ साना बम वा हतियार विकसित गर्न चाहन्छ। चीनभन्दा पहिला रुसले पनि अमेरिकाको उक्त योजनाको आलोचना गरिसकेको छ।

अमेरिका आफ्नो परमाणु हतियारलाई लिएर धेरै चिन्तित छ। उसलाई आफ्नो परमाणु हतियार अब त्यति धेरै प्रभावकारी नभएको भन्ने छ। साथै उसले चीन, रुस, उत्तर कोरिया र इरानलाई आफ्ना लागि सम्भावित खतराका रूपमा हेर्ने गरेको छ।

अमेरिकी रक्षा मन्त्रालयको 'न्युक्लियर पोस्चर रिभ्यु रिपोर्ट' ले परमाणु हतियार वृद्धि गरी ती चुनौतीबाट छुट्कारा पाउने सक्ने जनाएको छ। साना परमाणु हतियार २० किलो टनभन्दा कम क्षमताको हुन्छ। तुलनात्मक रूपमा यो कम शक्तिशाली भए पनि यसले ठूलो विनाश गर्न सक्छ। नयाँ नीतिअन्तर्गत जमिनबाट प्रहार गर्न सक्ने ब्यालिस्टिक क्षेप्यास्त्र, पनडुब्बीबाट प्रहार गर्न सक्ने क्षेप्यास्त्र र आकाशबाट आकाशमै प्रहार गर्न सक्ने हतियारको आधुनिकीकरण गर्नुरहेको छ।

त्यसै गरी पनडुब्बीबाट प्रहार गरिने परमाणु हतियारको सुधार गरी सानो आकारको बनाउनु र सुमद्रमा आधारित परमाणु क्रुज क्षेप्यास्त्रलाई फिर्ता गर्ने पनि नयाँ योजनामा समावेश गरिएको छ। चीन र अन्य देश आफ्ना लागि खतरा भएको कारण देखाउँदै हलुका परमाणु हतियार बनाउने अमेरिकी नीति प्रष्ट रूपमा परमाणु अप्रसार नीतिको अवहेलना भएको बेइजिङले जनाएको छ। चीनको रक्षा मन्त्रालयले भन्यो- 'हामीले अपेक्षा गरेका छौं, अमेरिका आफ्नो शीत युद्धको मानसिकता अन्त्य गर्नेछ। इमानदारीपूर्वक आफ्नो जिम्मेवारी बुझ्नेछ। सार्थक चीनको रणनीतिक उद्देश्यलाई सही तरिकाले बुझ्नेछ।

### रूसद्वारा विरोध
रुसको विदेश मन्त्रालयले पनि अमेरिकामाथि कडा आरोप लगाएको छ। अमेरिकाको यो प्रयास विवादलाई भड्काउने खालको भएको रुसले जनाएको थियो। मन्त्रालयले रुसको सुरक्षा सुनिश्चित गर्नका लागि मस्कोले कुनै पनि कुरामा सम्झौता नगर्ने उल्लेख गरेको थियो। रुसी विदेशमन्त्री सर्गेइ लाभरोवले उक्त योजनाले आफू 'अत्यन्त निराश' भएको प्रतिक्रिया दिएका थिए।

# प्योङयाङको वर्लिनस्थित दूतावास अवैध धन्धामा

वर्लिन, (एजेन्सी)

उत्तर कोरियाले वर्लिनस्थित आफ्नो दूतावासमार्फत् आफ्नो आणविक हातहतियार कार्यक्रमका लागि प्रविधि प्राप्त गर्ने गरेको जर्मनीका गुप्तचर प्रमुखले आइतबार बताएका छन्। हान्स जिओर्ग म्यास्सेनले अधिकांश यस्ता गतिविधि असफल बनाइएको तर सम्पूर्ण गतिविधि भने जानकारीमा नआएको एनडीआर टेलिभिजनलाई बताएका छन्।

उनले कस्तो प्रकारको प्रविधि प्राप्त गरेको हो भन्ने किटान गर्न नसके पनि ती प्रविधिलाई दुवै गैरसैनिक र सैनिक उद्देश्यका लागि प्रयोग गर्न सकिने दाबी गरेका छन्। संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले लगाएको नाकाबन्दीको वेवास्ता गर्दै उत्तर कोरियाले निरन्तर क्षेप्यास्त्र र आणविक हतियार विकास गरिरहेको छ।

शुक्रबार संयुक्त राष्ट्रसंघले सार्वजनिक एक प्रतिवेदनमा उत्तर कोरियाले वर्षमा प्रतिबन्धित वस्तुहरू निर्यात गरेर मात्र २० करोड अमेरिकी डलर कमाउने गरेको जनाइएको छ। यस कार्यमा चीन, रसियार मलेसियाको पनि हात रहेको बताइएको छ।

सोमबार प्रशारण हुने टेलिभिजन अन्तरवार्तामा म्यास्सेनले भनेका छन्, 'उत्तर दूतावासबाट थुप्रै लेनदेनका गतिविधि भएको हामीले पाएका छौं। हाम्रो विचारमा ती प्रविधिहरू क्षेप्यास्त्र र आणविक कार्यक्रमका लागि प्रयोग गरिने हुनुपर्दछ। हामीले चाल पाएसम्मका यस्ता गतिविधि रोक्ने गरेका छौं।'

उत्तर कोरियाले म्यास्सेनको भनाइप्रति अझै कुनै प्रतिक्रिया व्यक्त गरेको छैन। सरकारी टेलिभिजन एआरडीले जर्मनीको गुप्तचर निकायले उत्तर कोरियाले यसरी दूतावासमार्फत अवैध काम गर्ने गरेको संकेत सबैभन्दा पहिले २०१६ र २०१७ बीच थाहा पाएको जनाएको छ।

यसैगरी संयुक्त राष्ट्रसंघको विशेषज्ञहरूको एक समूहले उत्तर कोरियाले सिरियालाई रसायनिक हतियार बनाउन मद्दत गर्नुका साथै म्यान्मारलाई व्यालेस्टिक क्षेप्यास्त्र उपलब्ध गराइरहेको प्रमाणहरू भेटिएको जनाएको छ।

गत २८ नोभेम्बरमा पछिल्लो व्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेपछि प्योङयाङमाथि पेट्रोल आयातलगायतका कडा नाकाबन्दी लगाइएको थियो। त्यसपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तरका नेता किमजोङ उनबीच वाक युद्ध नै चलेको थियो। यसैबीच उत्तर कोरियाले दक्षिण कोरियामा हिउँदे ओलम्पिक्स शुरू हुनु एकदिन अघि विशाल सैनिक परेडको आयोजना गर्ने भएको छ।




# तालिबानसँगको वार्तामा अमेरिका अनिच्छुक



वासिङटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तालिबानसँगको वार्तालाई महत्त्व नदिएको जनाइएको छ। कथित 'आतंकवादी' सँग कुनै प्रकारको वार्ता तर्कसंगत नभएको अमेरिकी धारणा रहेको छ।

तालिबानसँगको वार्ताका लागि बनिरहेको पाकिस्तान, चीन र रुसको गठबन्धनको विरोधमा अमेरिकी नीति अगाडि आएको बताइएको छ।

अमेरिकाले तालिबान हिंसाको मार्ग त्यागेर अफगानिस्तानको संविधान स्वीकार गर्नुपर्ने र अलकायदासँगको उसको सम्बन्ध समाप्त पार्नुपर्नेमा जोड दिँदै आइरहेको छ। अमेरिकाले यसलाई 'रेड लाइन' भनेको छ।

अफगानिस्तानमा विगत १६ वर्षदेखि अशान्तिको स्थिति रहेको छ। अफगानिस्तानले तालिबानसँगको वार्तालाई अस्वीकार नगरे पनि त्यसका लागि 'रेड लाइन' कै सर्तलाई अघि सार्दै आइरहेको छ।

गत वर्ष जुनमा भ्वाइस अफ अमेरिकालाई अफगान राष्ट्रपति असरफ घानीले तालिबानसँगको शान्ति वार्ताका लागि उनको प्रशासनको सर्त मान्नुपर्ने बताएका थिए। उनले सर्तमा अफगान संविधान मान्नुपर्ने, शिक्षा तथा महिला मानवअधिकारमा सुधार जारी राख्नुपर्ने र हिंसा तथा आतंकसँगको नाता अन्त्य गर्नुपर्ने उल्लेख गरेका थिए।

केही दिनअगाडि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तालिबान निर्दोष नागरिकको हत्याका लागि जिम्मेवार रहेको, उनीहरूले बच्चा र परिवारमाथि हमला गरिरहेको बताएका थिए। अफगानिस्तानमा चारैतिर बमबारी भइरहेको बताउँदै आफू त्यसको अन्त्य गर्नतिर लागेको ट्रम्पले बताएका थिए। उनले आफ्नो भावी योजनाका बारेमा प्रष्ट नपारेको भए पनि उनी ठूलो सैन्य कारबाहीको सोचमा रहेको अनुमान गरिएको छ।

# राष्ट्रपतिविरुद्ध महाभियोग तयारी

माले, (एजेन्सी)

माल्दिभ्सको सर्वोच्च अदालतले कारागारमा थुनिएका विपक्षी राजनीतिज्ञहरूलाई रिहा गर्ने आफ्नो आदेश पालना नगरेको भन्दै आइतबार राष्ट्रपति अब्दुल्लाह यामिनलाई महाभियोग लगाउने तयारी गरेको छ।

महान्यायधिवक्ता मोमद अनिलले हिन महासागरीय मुलुक माल्दिभ्समा थप राजनीतिक अस्थिरता सिर्जना हुने चेतावनी दिएका छन्। गत साता वर्षौंदेखि राष्ट्रपतिलाई अपदस्थ गर्न खोजिरहेका पूर्वराष्ट्रपति मोहमद नसिद र अन्य विपक्षी समूहलाई उच्च अदालतले आतंकवादको अभियोग लगाएपछि भव्य रिसोर्टहरूका लागि चर्चित माल्दिभ्समा पछल्लो राजनीतिक तनाव शुरू भएको हो।

मुलुक भित्रै, संयुक्त राज्य अमेरिका, भारत अन्य राष्ट्रबाट माल्दिभ्सकै प्रजातान्त्रिक ढंगले निर्वाचित पहिलो राष्ट्रपति नसिदलाई रिहा गर्न अदालतको आदेश मान्न गरिएको अनुरोधलाई यामिनले वेवास्ता गरेका छन्। करिब चार लाख जनसंख्या भएको माल्दिभ्सको अहिले आएका लामो समयदेखि राजनीतिक र सुरक्षा समबन्ध रहेका भारतसँग पनि क्षेत्रीय विवाद सिर्जना भएको छ।

सन् २०११ मा माल्दिभ्समा आफ्नो दूतावास खोलेका चीनले त्यहाँको भौतिक पूर्वाधार निर्माणका लागि आर्थिक र प्राविधिक सहयोग प्रदान गरेको छ।

# अन्धोपनाका कारण सजायमा छुट

वासिङटन, (एजेन्सी)

अमेरिकाको ओक्लाहामा निवासी एक बलात्कारीको सजाय उनको अन्धोपनाको कारण अदालतले घटाइ दिएको छ। ३६ वर्षीय बेन्जामिन लरेन्स पेटीलाई एउटा चर्च शिविरमा एक १३ वर्षीया किशोरीमाथि निर्मम ढंगले बलात्कार गरेको अभियोगमा दोषी ठहर्‍याइएको थियो।

सन् २०१६ को जुनमा फल्स क्रिक चर्च क्यम्पमा कुकको हैंसियतले काम गर्ने क्रममा नाम नखुलाइएकी ती किशोरीलाई बलात्कार गरेवापत उनलाई १५ वर्ष लामो कारावास सजाय सुनाइएको ओक्लोमन अखबारले जनाएको छ।

पेटीले ती किशोरीलाई क्याम्पमा आफूले केही चिज देखाउने लोभ देखाउँदै आफ्नो क्याविनमा लगेर हात बाँधेर उनीमाथि जबर्जस्ती गरेका थिए। अब भने पेटीले यौन आक्रमणकारी हैंसियतले घुँडामा २४ महिनासम्म मनिटर बाँध्नुपर्ने र अन्य आवश्यक उपचार गराउनुपर्ने भएको छ। उनी कानुनी रूपमा अन्धा भएको र अर्कै राज्यमा बस्ने पीडितका मातापितालाई कानुनी कारबाही अघि बढाउनका लागि पटकपटक ओक्लोहाम आइरहन व्यवहारिक रूपमा कठिन भएकै कारण पेटीले सजायमा छुट पाएको बताइएको छ।

संघीय र प्रदेश कानुन नबन्दै स्थानीय तहले आफूखुसी कानुन बनाउँदा शिक्षकको दरबन्दी मिलान, सरुवा आदिमा समस्या आएको भन्दै उनीहरुले संघ र प्रदेश तहका कानुन बनेपछि मात्रै स्थानीय कानुन बनाउनुपर्ने बताएका छन्।



# राष्ट्रपतिद्वारा 'स्वर्ण स्मारक स्तम्भ' अनावरण

नेपाल समाचारपत्र
हेटौंडा

आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले 'स्वर्ण स्मारक स्तम्भ' को अनावरण गर्नुभएको छ। कार्यक्रममा विद्यालयमा रहेको कृषि प्रयोगशालाको पनि राष्ट्रपति भण्डारीले उद्घाटन गर्नुभएको थियो।

कार्यक्रममा प्रधानाध्यापक सानोभाइ कार्कीले स्वागत गरेका थिए भने थाहानगर प्रमुख लवशेर बिष्टले राष्ट्रपतिलाई अभिनन्दन गर्नुभएको थियो। राष्ट्रपतिले पूर्वप्रअ तुलसी थापा र पूर्वशिक्षक शिवराज शर्मा ढकाललाई सम्मानपत्र र दोसल्लाले सम्मान गर्नुभएको थियो।




प्रतिनिधिसभामा निर्वाचित विरोध खतिवडा र प्रदेशसभा सांसद् कुमारी मोक्तानको आतिथ्यमा भएको कार्यक्रम स्वर्ण महोत्सव मूल आयोजक समिति अध्यक्ष एवम् विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजीवकुमार स्यांतानको सभाध्यक्षतामा भएको थियो।

## प्रदेश गएका उपसचिवलाई बिदाई

काठमाडौं, (नेस)

उपसचिवमा बढुवा भएर प्रदेशमा जानुहुने निजामति कर्मचारीको आधिकारिक ट्रेड युनियनका ४ जनालाई आइतबार बिदाई गरिएको छ। गृह मन्त्रालय विभागीय कार्यसमितिले आफ्नो मन्त्रालयमा कार्यरत दुर्योधन कार्की, लक्ष्मण खड्का, गणेश बराल र निलम न्यौपानेलाई बधाई ज्ञापनसँगै बिदाईगरेको हो।

कार्की मन्त्रालयको आधिकारिक युनियनका अध्यक्ष हुनुहुन्थ्यो भने बढुवा भएपछि कार्यवाहकको जिम्मेवारी उपाध्यक्ष डा. दयाराम श्रेष्ठलाई दिइएको छ। आधिकारिक ट्रेड युनियनका केन्द्रीय अध्यक्ष पुण्यप्रसाद ढकालले प्रदेश सरकार पनि उतिकै महत्वपूर्ण भएकाले थप जिम्मेवारीका साथ आफ्नो भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो। शाखा अधिकृतसम्मका कर्मचारी मात्र पेशागत संघ /संगठनमा आवद्ध हुन पाउने छन्। उहाँहरुलाई टोपी र माला लगाइदिनुका साथै मायाको चिनोसमेत प्रदान गरिएको थियो।

## सुत्केरी गराउन आएकी महिलाको मृत्यु

बुटवल, (नेस)

लुम्बिनी अञ्चल अस्पतालमा सुत्केरी गराउन हिँडदै आएकी १ महिलाको मृत्यु भएपछि आइतबार दिनभर अस्पताल परिसर तनावग्रस्त बनेको छ। आइतबार बिहान ७ वजे हिँडदै अस्पताल आएकी ३२ वर्षीय भगवती अधिकारीको दिउँसो करिब १२ वजे मृत्यु भएको छ।

पाल्ला जिल्ला माथागढी गाँउपालिका वडा नम्बर ४ झडेवा घर भै बुटवलमा वस्ने पशुपति अधिकारीकी श्रीमती भगवतीको सुत्केरी गराउन आएको समयमा चिकित्सको लापरबाहीका कारण मृत्यु भएको भन्दै पीडित परिवारले दोषीलाई कारबाहीको माग गदै अस्पतालमा घेराउ गरेका छन्। सामान्य अवस्थामा आएकी महिलाको चिकित्सकको कमजोरीका कारण मृत्यु भएको आरोप पीडित पक्षको छ भने अस्पताल प्रशासनले महिलाको मृत्युको कारणबारे वास्तविक सार्वजनिक गर्न सकेको छैन। जसका कारणअस्पताल परिसर तनावग्रस्त बनेको छ। पहिलो छोरा ८ वर्षपछि अर्को सन्तान जन्माउन अस्पताल ल्याएकोमा अस्पतालले श्रीमतीलाई मारी दिएको श्रीमान पशुपतिको आरोप छ।

# मलाई औषधि खाने पैसा छैन कसरी ट्युसन पढाउने ?

भगवती तिमल्सिना, धुलिखेल

धुलिखेल नगरपालिका वडा नं ११ स्थित हनुमान उच्च माध्यमिक विद्यालयको अभिभावक भेलामा शुक्रबार अभिभावकको तर्फबाट बोल्दै गरेकी स्थानीय तुलसा भुजेलले 'मेरो ३ जना बच्चा छन् ५, १० र १२ कक्षामा यसै विद्यालयमा पढ्छन्। सरहरुले ट्युसन पढ्नुपर्छ भन्नुहुन्छ रे मेरो मुटुको भल्ब फेरेर यीनै बालबालिकाको मुख हेरेर बाचेको छु। मलाई औषधि खाने पैसा छैन कसरी ट्युसन पढाउने ?'

यति भन्दाभन्दै मुर्छा परेकी तुलसाले सबैका सामू अनुत्तरित प्रश्न छोडेर सदाका लागि यो संसारबाट बिदा लिइन्। आफ्नो मर्मस्पर्शी छोटो भनाइ विद्यालय र अभिभावकासामू राखेर मेरो भन्नु यति नै हो भनेर थचक्क बेन्चमा बसेकी तुलसाको अन्तिम बोली नै यति भयो। आज आमअभिभावक, शिक्षक, विद्यार्थी, घरपरिवार र समाज उनको यो भनाइ बारबार सम्झँदै शोकमा डुबेको छ।

विद्यालयले गुणस्तरीय शिक्षा कसरी दिने भन्ने विषयमा शिक्षक, अभिभावक र विद्यार्थीहरुसँग बसी सामुहिक छलफलका माध्यमबाट समस्या पहिचान गरी समाधान गर्नकै लागि अर्न्तक्रिया कार्यक्रमको आयोजना गरेको थियो। तुलसा गाउँको न्यून वर्गीय परिवारका अत्यन्तै मेहनती र इमान्दार महिलाका रूपमा समाजमा परिचित थिइन्। उनको १० वर्षअघिदेखि मुटुमा प्वाल देखिएको थियो। आर्थिक अभावका कारण उपचार गराउन नसकी पीडा भोग्दै आएकी तुलसाको २०७२ सालमा तत्कालीन धुलिखेल अस्पतालका निर्देशक तथा मुटुरोग विशेषज्ञ डा.राजेन्द्र कोजूको विशेष सहयोगमा धुलिखेल अस्पतालले निःशुल्क रुपमा भल्ब फेर्नुका साथै सम्पूर्ण उपचार निःशुल्क गरेको थियो।

शुक्रबार दिनको १ बजेर १५ मिनेट जाँदा बोल्दाबोल्दै अचेत भएकी तुलसालाई आधा घण्टाभित्र धुलिखेल अस्पताल पुर्‍याइएको थियो। अस्पतालमा मुटुरोग विशेषज्ञहरुको टोलीले अथक प्रयास गरे। तर पनि तुलसालाई बचाउन सकेनन् शुक्रबार राति १० बजेर १४ मिनेटमा उनको मृत्यु भएको घोषणा गरे।

तुलसाको २ वर्ष पहिला मुटुको भल्ब फेरेदेखि नै उनी कठीन काम गर्न नसक्ने थिइन्। तर पनि आर्थिक र पारिवारिक वाध्यताले उनलाई आराम गर्ने, समयमा औषधि खाने, बालबच्चाको हेरचाह र घरपरिवारको व्यवस्थापन गर्नु सजिलो थिएन। उनकी जेठी छोरी कविता भुजेल भर्खरै १२ कक्षामा अध्ययन गर्दैछिन्, आमाको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी विद्यालयको समयभन्दा उनले घरको काम, मेलापात गरेर भए पनि आफूलाई औषधि खाने खर्च जुटाउँदै आएको कुरा तुलसाले बेलाबेलामा जानकारी गराउँथिन्। तुलसाको अवस्थालाई नियाल्दै आउनुभएका उनको आमाले पनि सरकारले दिने वृद्धभत्ताको रकम समयसमयमा तुलसाको औषधि खान हुन्छ भनेर पठाउने गरेको उनका आफन्तहरु बताउँछन्।

तुलसाको पारिवारिक अवस्था आर्थिक रुपमा कमजोर भएकै कारण दैनिकी चलाउनका लागि पनि सधैं ज्यामी काम गर्नुपर्ने बाध्यता थियो। उनको शरीरले गह्रुंगो काम गर्न नसक्ने भएपछि उनका श्रीमान् कमल भुजेल र छोरा, छोरीले सघाउँदै आएका थिए। उनकै जिम्मेवारीमा घर चलाउँदै आएको परिवार यतिबेला शोकमा डुबेको छ। तुलसाको मृत्युमा कमल भक्कानिदै भन्छन्- 'यति ठूलो समस्यामा पर्दा पनि परिवारका लागि सधैं खुसी दिने परिवारको महत्वपूर्ण सदस्य गुमाउनुपर्दा हामी सबै परिवारै टुहुरा भएका छौं। सबै घरव्यवहार उनले कसरी चलाएकी थिइन् मलाई थाहासम्म छैन।'

कमल भन्छन्- 'समस्या कसरी टार्ने, बालबालिकालाई कसरी खुसी राख्ने, उनीहरुका आवश्यकता के हुन् र कसरी पूरा गर्ने ? बिलौना गर्दै कमलले तुलसाको छातीमा घोप्टो परेर भक्कानिदा दाहसंस्कारका लागि तयारी गरिरहेका आफन्तजन तथा मलामीहरु सबैका आँखा रसाए र स्वर अवरुद्ध भै मध्येरातको समयमा सन्नाटा छायो। तुलसाको हिन्दू संस्कारअनुसार पातलेखेतको महादेवथान मन्दिर परिसरमा निर्मित घाटमा अन्त्योष्टि गरियो।

## पूर्वराजा ज्ञानेन्द्र उडिसा जाने

काठमाडौं, (नेस)

पूर्वराजा ज्ञानेन्द्र शाह आज सोमबारदेखि भारत भ्रमणमा जानुहुने भएको छ। आज सोमबार दिउँसो साढे ४ बजे कलकत्ता जान लाग्नुभएको हो।

उहाको साथमा निजी सचिव सागर तिमल्सिना, शाही अर्दली, निजी सुरक्षाकर्मी लगाएतका करिब आधा दर्जन टोली रहनेछन्।

उडिसा राज्यको धार्मिक भ्रमणमा निस्कन लाग्नुभएका पूर्वराजा ज्ञानेन्द्र करिब एक साता भारतमै बस्ने कार्यक्रम रहेको छ।

नेपाल फर्केलगत्तै उहाँ सिमरा जाने कार्यक्रम तय भएको छ। पूर्वरानी कोमल यही २६ गते पारस पुत्री कान्छी नातिनी कीर्तिकासहित सिमरा जाने कार्यक्रम रहेको स्रोतले जनाएको छ।

## कुरो यस्तो हो

नेपाल समाचारपत्र राष्ट्रिय दैनिकको माघ २१, आइतबार, २०७४ को अंकमा पृष्ठ ९ मा प्रकाशित "सासूबिरुद्ध बुहारीको मुद्दा' शीर्षकको समाचार अपुष्ट भएको जानकारी गराउँदछौं। र, सो मुद्दा सम्माननीय अदालतमा विचाराधीन रहेको यहाँमा जानकारी गराउँदछौं। यो समाचारले अदालतको निर्णयलाई समेत असर पर्ने गरी छापिएको हुनाले उक्त समाचारको खण्डन गर्दछौं।

हरिबधन प्रधान
चिराग प्रधान

## कागजको हवाइजहाज उपहार

काठमाडौं, (नेस)

लोककवि राजभाइ जक:मिले आफ्नो नातिनी लिजला महर्जनलाई उनको दोस्रो वर्ष जन्मदिनको उपलक्ष्यमा भ्वंया हजाइजहाज अर्थात कागजको हवाइजहाज बाल कविता संग्रह पुस्तकको गुरुकपी उपहार दिनुभयो।




शनिबार सम्पन्न एक औपचारिक कार्यक्रममा लिजलाकी हजुरआमाहरु शिलमाया महर्जन र तुल्सीमाया महर्जनले संयुक्त रुपमा उक्त गुरुकपी लोकार्पण गर्नुभएको थियो। सो कार्यक्रममा जक:मिले केही रोचक बाल कविताहरु वाचन पनि गर्नुभएको थियो। त्यस पुस्तकमा जक:मिका ५० वटा नेपाल भाषाका बालकविताहरु समावेश भएका छन्।

## रेडक्रस भवन उद्घाटन

भक्तपुर, (नेस)

नेपाल रेडक्रस सोसाइटी बालकोट उपशाखाको १८औं साधारणसभाको अवसरमा शाखाले निर्माण गरेको बहुउद्देश्यीय भवन उद्घाटन गरिएको छ। १ करोड ५ लाख रुपियाँ लागतमा निर्माण सम्पन्न भएको बालकोट उपशाखाको बहुउद्देश्यीय भवनको उद्घाटन नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष सञ्जीव थापाले गर्नुभयो।

२०६५ साल चैत २१ गते जग शिलान्यास गरिएको उक्त बहुउद्देश्यीय भवन दातारुको सहयोगमा निर्माण सम्पन्न भएको बालकोट उपशाखाका सभापति चन्द्रकृष्ण श्रेष्ठले जानकारी दिनुभयो। धेरैजसो सामुदायिक भवनहरु शिलान्यास भए पनि निर्माण सम्पन्न हुँदैनन् तर बालकोट रेडक्रसको भवन निर्माण पूरा गर्ने लक्ष्यभन्दा अघि नै पूरा भएको उपशाखाका संस्थापक सभापति उद्धव सिलवालले बताउनुभयो।

पाँचतले उक्त भवनका ३ तला भाडामा दिइएको छ। जसबाट वार्षिक करिब ५ लाख ७८ हजार रुपैयाँ आम्दानी हुँदै आएको छ। सो अवसरमा उपशाखाद्वारा प्रकाशित स्मारिका विमोचन गर्नुका साथै अध्यक्ष थापाले बहुउद्देश्यीय भवन निर्माण गर्न रु २५ हजारभन्दा बढी सहयोग गर्ने दाताहरुलाई प्रशंसापत्र वितरण गर्नुभयो। उहाँले रेडक्रसले विपद्को क्रममा खोज तथा उद्धार, राहत र पुनर्लाभसँगै ९० प्रकृतिका सेवा देशभर प्रवाह गरिहेको बताउनुभयो। भक्तपुरमै चिनियाँ रेडक्रसको सहयोगमा देशकै ठूलो राहत सामग्रीको गोदामघर निर्माण गर्न लागिएको बताउनुभयो।

# 'शिक्षासम्बन्धी कानुन बनाउन हतार नगर'

नरेन्द्र केसी, घोराही, दाङ

५ नम्बर प्रदेशअन्तर्गत १२ जिल्लाका शिक्षकहरुले शिक्षासम्बन्धी कानुन बनाउन हतार नगर्न स्थानीय तहहरुलाई आग्रह गरेका छन्। नेकपा माओवादी केन्द्रनिकट एकीकृत अखिल नेपाल शिक्षक संगठन ५ नम्बर प्रदेशको प्रथम सम्मेलनमा सहभागी शिक्षकहरुले यस्तो माग गरेका हुन्।

संघीय र प्रदेश कानुन नबन्दै स्थानीय तहले आफूखुसी कानुन बनाउँदा शिक्षकको दरबन्दी मिलान, सरुवा आदिमा समस्या आएको भन्दै उनीहरुले संघ र प्रदेश तहका कानुन बनेपछि मात्रै स्थानीय कानुन बनाउनुपर्ने बताएका छन्। साथै उनीहरुले स्थानीय कानुन बनाउँदा सम्बन्धित तहका शिक्षकहरुसँग पनि परामर्श लिनुपर्ने माग गरेका छन्।

सबै जिल्लाका शिक्षकले यस्तो माग गरेपछि सम्मेलनले विशेष प्रस्ताव नै पारित गरेर स्थानीय तहहरुको ध्यानाकर्षण गराएको छ। संघीय संसद् नबनेको र प्रदेश संसद भर्खरै बनेकाले अहिले स्थानीय तहले आफूखुसी कानुन बनाउँदा समस्या आउनेतर्फ सम्मेलनले चिन्ता व्यक्त गरेको छ। 'संघीय शिक्षा ऐन नबनेको अवस्थामा स्थानीय सरकारले हतार नगरी सबै सरोकारवालाहरुसँग छलफल, बहस गरी अगाडि बढ्न, बढाउन हामीले माग गरेका छौं' -संगठनका प्रदेश अध्यक्ष मदनकुमार शर्माले भन्नुभयो- 'माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने दायित्व स्थानीय तहलाई दिइएको भए पनि संघीय र प्रदेश कानुन नबन्दै स्थानीय कानुन बनाउँदा समस्या आउने देखिएको छ।' कतिपय जिल्लामा स्थानीय तहले आफूखुसी कानुन बनाउँदा शिक्षक दरबन्दी मिलानदेखि सरुवामा पनि समस्या भएको उहाँले बताउनुभयो।

यसैबीच दाङको घोराहीमा भएको प्रदेश सम्मेलनबाट अध्यक्षमा दाङका मदनकुमार शर्मा निर्वाचित हुनुभएको छ। घोराहीमा सम्पन्न प्रथम सम्मेलनबाट उहाँ अध्यक्षमा निर्वाचित हुनुभएको छ।

जसको बरिष्ठ उपाध्यक्षमा यमप्रसाद अधिकारी (रोल्पा), महिला उपाध्यक्ष गणेश कार्की (बाँके), उपाध्यक्षहरु सुवासचन्द्र बञ्जाडे (अर्घाखाँची), मोहनलाल ओली (दाङ), डेलराज खनाल (गुल्मी), महासचिव प्रेमबहादुर बस्नेत (रुपन्देही), अर्थ उपमहासचिव दुर्गा गौतम (रुकुम पूर्व), उपमहासचिव किरण देवकोटा (कपिलवस्तु), अर्थसचिव वीरेन्द्र मल्ल (बाँके), सचिवहरु धर्मप्रसाद शर्मा (बर्दिया), विष्णुप्रसाद पोखेल (प्युठान) र शेषनारायण चालिसे (पाल्पा) रहनुभएको छ। सम्मेलनले कार्या सदस्यहरुमा मावध महरा (दाङ) र पुष्पराज अधिकारी (नवलपरासी पश्चिम)लाई चयन गरेको छ।

त्यस्तै सदस्यहरुमा चन्द्रकला पौडेल, लोकराज घिमिरे, सोमनाथ न्यौपाने, नेत्र पाण्डेय, रुद्रप्रसाद पौडेल, कालुराम थारु, टेकराज शर्मा, डोरप्रसाद पौडेल, भोजराज आचार्य, मौलाना महसूद खाँ नेपाली, निर्मला एमसी, मोहन गौतम, हरिबाबु जिसी, तिलक पन्थी, लगायत रहनुभएको छ।

## राष्ट्रिय...

निर्विरोध भएकालाई बुधबारै प्रमाणपत्र प्रदान गरिने आयोगले जनाएको छ।

राष्ट्रियसभाको निर्वाचनका लागि आज राति १२ बजेबाट मौन अवधि शुरु हुने पनि आयोगले जनाएको छ। मौन अवधि शुरु हुने भएकाले आइतबार विभिन्न राजनीतिक दलले उम्मेदवार परिचय र प्रदेशसभा र स्थानीय तहका प्रमुख र उपप्रमुखलाई मत हाल्ने प्रशिक्षण दिएको थियो।

तीन दिनभित्र मत परिणाम

राष्ट्रियसभा सदस्य निर्वाचनको मत परिणाम तीन दिनभित्र सार्वजनिक गर्ने आयोगले जनाएको छ। राष्ट्रियसभा निर्वाचनको मत गणनाका लागि आयोगले ५ र ५ जनाको समूह खटाएको छ। मतगणनाका लागि भने तथ्यांक विभागका कर्मचारीलाई आयोगले खटाइसकेको छ। एकल संक्रमणीय प्रणालीमा गणना कार्य पनि जटिल हुने भएकाले तथ्यांक विभागका कर्मचारीलाई झिकाएर आयोगले तालिम दिएको थियो। मत गणनामा सघाउन अरू कर्मचारी पनि पठाउने आयोगले जनाएको छ।

फागुन १० गते सम्ममा समानुपातिक निर्वाचनको परिणाम

राष्ट्रियसभा सदस्यको मत परिणाम सार्वजनिक भएसँगै प्रतिनिधिसभाको समानुपातिकतर्फको सिटको बाँडफाँड शुरु गर्ने बताइएको छ। त्यसको सातदेखि १० दिनभित्र अर्थात् (फागुन ७ देखि १० गते) सम्ममा प्रतिनिधिसभा सदस्यको समानुपातिकतर्फको निर्वाचनको अन्तिम परिणाम सार्वजनिक हुनसक्ने आयोग जनाएको छ।

संविधानको धारा ८४ र प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी ऐनको दफा ६० अनुसार प्रतिनिधिसभाको समानुपातिक सिट संख्या निर्धारण गर्नुभन्दा पहिला राष्ट्रिय सभा निर्वाचन गर्नुपर्नेलाई मध्यनजर गर्दै आयोगले तत्काल समानुपातिकतर्फको सूची सार्वजनिक नगर्ने निर्णयमा पुगेको थियो।

संविधानको धारा ८४ को उपधारा ८ लाई आधार मानेर आयोग राष्ट्रियसभा गठनपछि मात्रै समानुपातिक सूची सार्वजनिक गर्ने निर्णय गरेको हो। उपधारा ८ मा 'संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्नेछ' भनेर व्याख्या गरेका कारण राष्ट्रिय सभा निर्वाचन पहिला आवश्यक पर्ने तर्क गरिएको हो।

राष्ट्रियसभामा महिला कोटाबाट निर्वाचित हुने सदस्य कुनै दलबाट निर्वाचित नहुँदा दलका लागि ३३ प्रतिशत नपुग्ने अवस्थामा प्रतिनिधिससभाको समानुपातिकबाट पुर्‍याउनुपर्ने भएकाले तत्काल समानुपातिकको सिट संख्या सार्वजनिक नगरिएको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले बताउनुभयो। संविधानको धारा ८३ मा संघीय संसद् भन्नाले प्रतिनिधिसभा र राष्ट्रियसभा भएको उल्लेख छ।

## बी एन्ड बी...

उक्त पत्रमा कुन मितिमा क-कसलाई कसरी ठगी गरिएको भन्ने कतै उल्लेख भएको पाइन्न। ठगीको उजुरीमा कुन बिरामी वा कर्मचारी को ठगिएको भन्ने पनि उल्लेख गरिएको पाइन्न र सञ्चालक समितिको ३ पुस्ते माग गर्नुको औचित्य पनि स्पष्ट नभएको र कसले कुन नियतले यस्ता कागजात मगाउन लगाएको हो भन्नेसम्म स्पष्ट नभएको अस्पतालले जनाएको छ।

यसै विषयमा निजी क्षेत्रबाट सञ्चालित अस्पताल सञ्चालकहरूको संगठन एसोसिएसन अफ प्राइभेट हेल्थ इन्टिच्युसन नेपाल (एफिन) ले माघ १७ गते आपूर्ति मन्त्रालयको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाएको छ। उद्योगी तथा नर्भिक अस्पतालका अध्यक्षसमेत रहेका वसन्त चौधरीको अध्यक्षतामा गठित एसोसिएसनले प्रभावकारी र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुर्‍याउने उद्देश्यसहित निजी क्षेत्रबाट स्थापित स्वास्थ्य संस्थालाई प्रोत्साहन गरिनुको सट्टा उल्टै राज्यका विभिन्न निकायबाट अनुगमनको नाममा दु:ख दिने र बदनाम गराउने कार्य भएकोमा यस्ता कार्य रोक्नका लागि आपूर्ति मन्त्रालयको ध्यानाकर्षण गराएको छ।

अस्पतालको अनुगमन गर्ने निकाय स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय र जिल्ला जनस्वास्थ्य कार्यालय तथा औषधि व्यवस्था विभागबाट नियमित अनुगमन तथा नियमन हुँदै आइरहेको अवस्थामा अन्य निकायले अस्पताल नवीकरण, शैय्या थपजस्ता प्राविधिक कार्यलाई लिएर अनावश्य दु:ख दिँदै आएकोमा एफिनले आपत्ती जनाएको छ।

आपूर्ति मन्त्रालयमा बुझाएको ज्ञापनपत्रमा भनिएको छ- 'सरकारसँग इजाजत लिएर दशकौंदेखि स्वास्थ्य सेवा प्रवाह गर्दै आएका स्वास्थ्य संस्थाले वर्षेनी स्वास्थ्य उपचारका नाममा विदेशिदै आइरहेको करोडौं रकम नेपालमा राखी विदेश पलायन हुन, स्वदेशी धन र जनशक्तिलाई स्वदेशमै परिचालन गर्न सफल भएको छ।'

त्यसै गरी स्तरअनुसारको सेवा शुल्क निर्धारणका लागि समन्वय गर्नुपर्ने अवस्थामा उल्टै केही व्यक्ति वा संघसंस्थाले निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाको बदनाम गर्ने उद्देश्यका साथ अस्पताल नै बन्द गराउने मनसाय लिनु दु:खद विषय भएको उल्लेख गरिएको छ। साथै सरोकारवाला निकाय स्वास्थ्य मन्त्रालयसँग समन्वय गरेर मात्र आपूर्ति मन्त्रालय अघि बढ्नुपर्ने र यस्ता कार्य अविलम्ब रोकिनुपर्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

सन् १९९७ नोभेम्बर ६ मा नेपाल सरकारले विधिवत् रूपमा स्वीकृति दिएर निजी क्षेत्रबाट स्थापना भएको प्रतिष्ठित बी एन्ड बी अस्पताल नेपालमा मात्र नभई विदेशमा समेत नाम चलेको अस्पताल हो।

यति बेला यो अस्पतालको सेवा सुविधा लिने व्यक्तिहरू निकै ठूलो संख्यामा छरिएर रहेका छन्। स्वास्थ्य क्षेत्रमा सरकारी सेवा मात्र पर्याप्त नभएको अवस्थामा थुप्रै प्रतिष्ठित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारहरू जितिसकेका चिरपरिचित हाडजोर्नी विशेषज्ञ डा. अशोककुमार बास्कोटा र युरोलोजिस्ट डा. जगदीशलाल वैद्यलगायतको समूहले नेपालको सरकारी नीति नियमको सम्मान गर्दै अस्पताल सञ्चालनमा ल्याएका हुन्।

सरकारी स्वीकृति लिएर हाल १ सय बेडमा सञ्चालित बी एन्ड बी अस्पतालको क्षमता तत्काल २ सय ५० बेडमा सञ्चालन गर्न सकिए पनि अहिले यो अस्पताल ३ सय बेड सञ्चालनका लागि सरकारी स्वीकृतिको प्रतीक्षामा छ।

## संवृद्ध...

राष्ट्रिय जनता पार्टीका जीतेन्द्र सोनारले मधेसी जनताका लागि ६५ वर्षपछि आजको दिन ऐतिहासिक र स्वर्णीम दिन भएको प्रसंग उल्लेख गर्दै प्रदेशलाई सभ्य र व्यवस्थित गर्ने दायित्व सबैमा आएको छ भन्नुभयो।

नेकपा (एमाले) का सत्यनारायण मण्डलले प्राचीन मिथिलाको राजधानी जनकपुरधाम सभ्यता र संस्कृतिको केन्द्र भएको चर्चा गर्दै प्रदेशमा व्याप्त, अशिक्षा तथा युवाशक्ति पलायनजस्ता समस्या समाधानमा सबैको ध्यान जानु आवश्यक भएकाले प्रदेश सरकारलाई एमालेले रचनात्मक सहयोग गर्नेछ भन्नुभयो।

नेपाली कांग्रेसका रामसरोज यादवले संविधान संशोधन, कृषि व्यवस्थापन, चुरे संरक्षण, सुनकोशी कमला डाइभर्सन, सिँचाइ आयोजना कार्यान्वयन आदिमा जोड दिनुपर्ने खाँचो औंल्याउनुभयो।

नेकपा (माओवादी केन्द्र) का भरतकुमार साहले प्रदेशको उर्वरभूमिको सदुपयोग तथा विपन्न वर्गको उत्थानमा ऐक्यबद्धताको आवश्यकता छ भन्नुभयो।

## सामूहिक...

उहाँले ५ नम्बर प्रदेशलाई समुउन्नत बनाउनका लागि आवश्यक आधार भएकाले सामूहिक एजेन्डा बनाएर अगडि बढ्नुपर्नेमा जोड दिनुभयो। संसदीय दलका नेता पोखरेलले छोटो समयमा प्रदेशका धेरै कानुनहरू निर्माण गर्नुपर्ने भएकाले जिम्मेवारी बोधका साथ सामूहिक प्रयत्न र उत्साहका साथ बैठकमा सहभागी हुन सांसदहरूलाई आग्रह गर्नुभयो। माओवादी केन्द्रका सांसद कुलप्रसाद केसीले दलीय सहमति र सहकार्यबाट आइपर्ने सबै प्रकारका समस्याको समाधान गरिने बताउनुभयो।

नेपाली कांग्रेसका सांसद वीरबहादुर रानाले समतामूलक समाज निर्माणका लागि आर्थिक विकासमा जोड दिनुपर्ने बताउनुभयो। संघीय समाजवादी फोरम नेपालका सांसद सहराम यादवले दलीय सहमति र सहकार्यका साथ अगाडि बढ्नु पर्ने बताउनुभयो। राष्ट्रिय जनमोर्चाका सांसद तारा जीसीले विकासको प्रचुर सम्भावना रहेको प्रदेश भएकाले विकेन्द्रित र सन्तुलित विकासमा जोड दिनुभयो। उहाँले सरकारले ५ नम्बर प्रदेशको अस्थायी राजधानी बुटवल तोके तापनि स्थायी राजधानीका लागि उच्चस्तरीय आयोग बनाएर टुङ्गो लगाउनुपर्ने माग गर्नुभयो।

## दलगत...

नेपाली कांग्रेसका सांसद जीवनबहादुर शाहीले प्रदेशलाई समृद्ध बनाउनका लागि दलगत स्वार्थभन्दा माथि उठ्ने बताउनुभयो।

राप्रपाकी सांसद सुशीला शाहीले प्रदेश निर्माणको गहन जिम्मेवारीलाई सबैले कुशलतापूर्वक बहन गर्नुपर्ने बताउनुभयो।



# अर्थ

एक दर्जनभन्दा बढी सिमेन्ट तथा डन्डी कम्पनीले बढेर कायम भएको तूलनामा ५० रुपियाँसम्म मूल्य घटाएका हुन्।

2018, FEB
Monday
5


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

### बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङजा | ८५ | ८२ | ८५ | ८५ |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

SAURABH GROUP
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी


# जीडीपीको एक तिहाई हिस्सा रेमिट्यान्समा निर्भर

नेपाल समाचारपत्र

काठमाडौं

अर्थतन्त्रको सबैभन्दा धेरै हिस्सा रेमिट्यान्सले ओगट्ने देशको सूचीमा नेपाल पहिलो स्थानमा परेको छ। विश्व बैंकले सन् २०१६ को तथ्यांक विश्लेषण गर्दै विदेश जानेले पठाएको रकमबाट अर्थतन्त्र चलाउने देशको सूचीमा नेपाल विश्वमा शीर्ष स्थानमा परेको जनाएको हो।

अन्य मुलुकले रेमिट्यान्समा निर्भरता घटाउँदै लगेको बेला नेपालको हकमा भने कुल गार्हस्थ उत्पादन (जीडीपी) को ठूलो हिस्सा रेमिट्यान्सले ओगट्ने क्रम बढेको हो। प्रतिवेदनअनुसार सन् २००७ मा जीडीपीको १७ प्रतिशत ओगट्ने गरेकोमा सन् २०१६ मा आइपुग्दा सो बढेर ३२ प्रतिशत पुगेको हो।

प्रतिवेदनका अनुसार नेपालपछि लाइबेरियाको जीडीपीको ३१ प्रतिशत, ताजकिस्तान २९ प्रतिशत, किर्गिस्तान २६ प्रतिशत र हाइटी २५ प्रतिशत बराबरको हिस्सासहित रेमिट्यान्समा निर्भर रहने अर्थतन्त्रको दोस्रोदेखि क्रमशः पाँचौ स्थानमा छन्।

उक्त प्रतिवेदनमा नेपालले जीडीपीको तुलनामा २९ दशमलव ७ प्रतिशत बराबर रेमिट्यान्स भित्र्याएको उल्लेख छ। गतवर्ष नेपालमा ६ अर्ब २७ करोड अमेरिकी डलर रेमिट्यान्स भित्रिएको हो। जीडीपीको संशोधित आँकलनअनुसार जीडीपी रेमिट्यान्स अनुपात भने ३३ दशमलव ४६ प्रतिशत पुगेको छ।

प्रतिवेदनले दक्षिण एसिया सबैभन्दा धेरै रेमिट्यान्स भित्र्याउने क्षेत्रका रूपमा रहेको उल्लेख गरेको छ। ६२ अर्ब ७० करोड डलरसहित भारत सबैभन्दा धेरै रेमिट्यान्स प्राप्त गर्ने मुलुकको सूचीमा पहिलो स्थानमा छ। भारतलाई पछ्याउँदै ६१ अर्ब डलरसहित चीन दोस्रो स्थानमा छ।

तेस्रो स्थानमा रहेको फिलिपिन्सले सन् २०१६ मा २९ अर्ब ९० करोड डलर रेमिट्यान्स प्राप्त गरेको छ भने २८ अर्ब ५० करोड डलरसहित मेक्सिको चौथो स्थानमा छ। पाकिस्तानले १९ अर्ब ८० करोड डलर रेमिट्यान्स प्राप्त गरेर विश्वभर धेरै रेमिट्यान्स पाउने देशमा पाँचौ स्थानमा परेको छ।

प्रतिवेदनमा विश्वभर रहेका २० करोड वैदेशिक कामदारले ८० करोड परिवारका सदस्यलाई आर्थिक रूपमा सहयोग पुऱ्याएको बताइएको छ। विश्वका २० करोड कामदारले सन् २०१६ मा ४ सय ५० अर्ब डलरभन्दा बढी रेमिट्यान्स आ-आफ्नो देशमा पठाएका छन्। यसैगरी विदेशमा गएर काम गर्ने कामदारले प्राप्त गर्ने आम्दानी उसको परिवारको आम्दानीको ६० प्रतिशत हिस्सा रहेको पनि तथ्य सार्वजनिक भएको छ।

प्रतिवेदनका अनुसार विकासोन्मुख मुलुकमा समग्रमा २ दशमलव ४ प्रतिशतले रेमिट्यान्समा गिरावट आएको छ। दक्षिण एसियाली मुलुकमा भने रेमिट्यान्स ६ दशमलव ४ प्रतिशतले घटेको छ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार नेपालले आर्थिक वर्ष २०७३/७४ मा ६ खर्ब ९५ अर्ब ४५ करोड रुपियाँ रेमिट्यान्स प्राप्त गरेको छ। राष्ट्र बैंकका अनुसार रेमिट्यान्सले कुल गार्हस्थ उत्पादनको ३० प्रतिशत हिस्सा ओगट्छ। यद्यपि, नेपालमा रेमिटेन्स आप्रवाहको वृद्धिदर भने नकारात्मक रहेको छ।

विभागको संशोधित अनुमानअनुसार गतवर्ष १९ खर्ब ८७ अर्ब ८२ करोड रुपियाँ बराबरको जीडीपी रहेको छ। केन्द्रीय तथ्यांक विभागले पनि गत वर्ष जीडीपीको २९ दशमलव ५९ प्रतिशत बराबरको रेमिट्यान्स भित्रिएको जनाएको छ। विभागले चालू वर्ष भने जीडीपीको तुलनामा रेमिट्यान्सको हिस्सा घट्ने अनुमान गरेको छ। यस वर्ष जीडीपीको २६ दशमव १४ प्रतिशतमात्रै रेमिट्यान्स भित्रिने विभागले उल्लेख गरेको छ। गत वर्षको तथ्यांक हेर्दा देशको कुल बजेटको करिब ६० प्रतिशत रकम रेमिट्यान्सबाट प्राप्त भएको देखिन्छ।

त्यसरी नेपाल भित्रिने रेमिट्यान्समा सबैभन्दा धेरै कतारबाट नेपाल भित्रिने गर्छ। कतारले साउदी अरेबियालाई उछिन्दै सबैभन्दा धेरै रेमिट्यान्स पठाउने देश बन्न सफल भएको हो। गत वर्ष कतारबाट १ खर्ब ४ अर्ब १३ करोड रुपियाँ रेमिट्यान्स नेपाल भित्रिएको छ। यो कुल रेमिट्यान्सको १५ प्रतिशत हो।

त्यसैगरी ९८ अर्ब ८६ करोड रुपियाँ र ९० अर्ब ८४ करोड रुपियाँसहित साउदी अरेबिया र भारत यस सूचीमा दोस्रो र तेस्रो स्थानमा परेका छन्।



## नेप्सेमा सामान्य गिरावट

काठमाडौं, (नेस)

साताको पहिलो दिन नेप्से परिसूचकमा १ दशमलव शून्य १ अंकको गिरावट आएको छ। अधिकांश समय सकारात्मक रहे पनि शेयर बजार अन्तिममा झिनो अंकले ओरालो लागेर १ हजार ४ सय १० दशमलव ५१ को बिन्दूमा रोकिएको हो।

बजारमा केही गिरावट देखिए पनि आइतबार कारोबार रकम भने बढेको हो। अघिल्लो साता १ अर्ब ३६ करोड रुपियाँको कारोबार भएको शेयर बजारमा आइतबार करिब ४७ करोड रुपियाँको कारोबार भएको हो। आइतबार बजार १ सय ६३ कम्पनीको शेयर किनबेच भए। यसदिन बजारमा ११ लाख ४१ हजार १ सय ५ कित्ता शेयर ४ हजार ७ सय ७५ पटक किनबेच भए। कारोबार शुरू भएको पौने घण्टामा बजार उच्च अंकमा पुगे पनि त्यसपछि सुस्ताउँदा ४६ करोड ६४ लाख ९० हजार ७ सय ४८ रुपियाँको शेयर किनबेच भए।

यस दिन कारोबारमा आएका अधिकांश समूहको उपसूचकमा गिरावट आए। यसक्रममा बैंकिङ, विकास बैंक र अन्य उपसमूह मात्र माथि चढेका छन्। बाँकी ७ वटै उपसमूहमा सामान्य गिरावट देखिँदा नेप्से ओरालो लागेको हो।

आइतबार शेयर कारोबारको आधारमा नेपाल बैंक अग्रस्थानमा रहेको छ। यस दिन बैंकको करिब ७ करोड २० लाख रुपियाँ बराबरको शेयर कारोबार हुँदा कुमारी बैंकको पनि करिब ३ करोड रुपियाँको कारोबार भएको छ। आइतबार समग्र बजार पुँजीकरण १६ खर्ब ४८ अर्ब ८६ करोड रुपियाँ कायम भएको छ। बजारमा आइतबार साल्ट ट्रेडिङका लगानीकर्ताले सबैभन्दा धेरै ५ दशमलव ६६ प्रतिशत कमाउँदा जानकी फाइनान्सका लगानीकर्ताले साढे ६ प्रतिशत गुमाए।

## चन्द्रगढी विमानस्थलमा सेवा अवरुद्ध

भद्रपुर, (नेस)

चार दिनदेखि झापाको भद्रपुरस्थित चन्द्रगढी विमानस्थलमा सेवा अवरुद्ध भएपछि हवाई यात्रु मारमा परेका छन्।

हवाई सेवा अवरुद्ध बनेपछि यात्रु आफ्नो गन्तव्यतर्फ जान सकेका छैनन्। दैनिक एक हजार यात्रु प्रभावित बनेको चन्द्रगढी नागरिक उड्डयान कार्यालयका प्रमुख पूर्ण चुडालले बताउनुभयो।

काठमाडौं-भद्रपुर-काठमाडौं दैनिक ८ देखि १० वटा विमानले विमानस्थलबाट सेवा दिँदै आएको छ। चार दिनदेखि झापामा मौसम खराबीका कारण विमान सेवा अवरुद्ध भएको कार्यालय प्रमुख चुडालले बताउनुभयो। विमानस्थललाई ५ किलोमिटर भिजिबिलिटी आवश्यक पर्ने भएकाले अहिले शीतलहर नहुँदा पनि विमान सेवा सञ्चालन गर्न नसकेको उहाँको भनाइ छ।

'आकाशमा हेज मिस्ट जस्तो कुहिरो लागेको कारण २ किलोमिटर मात्र भिजिबिलिटी छ, जसले गर्दा विमान सेवा सञ्चालन गर्न समस्या परेको हो,' उहाँले भन्नुभयो-'विमानस्थलमा विराटनगर विमानस्थल जस्तो आधुनिकस्तरको प्रविधि जडान नहुँदा समस्या छ, उहाँले भन्नुभयो-'विराटनगरमा १६०० भिजिबिलिटी भए पनि हवाई सेवा सञ्चालन हुन्छ।' 'हवाई सेवा सञ्चालनका लागि चर्को घाम, हावा वा पानी पर्नुपर्छ अनि मात्र सेवा सञ्चालन हुन सक्छ, उहाँले भन्नुभयो।

यती, सौर्य, श्री एयरलान्सको दुई/दुई वटा, बुद्ध र नेपाल एयरलान्सको एक/ एक वटा विमान रद्द भएको छ। विमान सेवा अवरुद्ध भएपछि हवाई यात्रुले आफ्नो आवश्यकताअनुसार विराटनगर विमानस्थल वा अन्य वैकल्पिक यात्रा गर्दै आइरहेको बुद्ध एयरलान्यस भद्रपुर शाखाका कर्मचारी उदय घोषले जानकारी दिनुभयो। 'विमान रद्द भएको खण्डमा यात्रुका टिकटलाई रिफन्ड गरिन्छ वा सञ्चालन भएको अवस्थामा टिकट मिलाएर उडान भराईन्छ,'घोषको भनाइ छ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ माघ २२, फेब्रुअरी ५, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।२० | १०२।८० |
| युरो १ को रू. | १२७।३५ | १२८।१० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।३३ | १४५।१७ |
| स्विस फ्रन्क १ को रू. | १०९।७४ | ११०।३८ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।०३ | ८१।५० |
| क्यानाडियन डलर १ को रू. | ८२।२६ | ८२।७५ |
| सिङ्गापुर डलर १ को रू. | ७७।४५ | ७७।९१ |
| जापानी यन १० को रू. | ९।२८ | ९।३४ |
| चिनियाँ युआन १ को रू. | १६।२२ | १६।३१ |
| साउदी अरब रियाल १ को रू. | २७।२५ | २७।४१ |
| कतारी रियाल १ को रू. | २८।०७ | २८।२३ |
| थाई भाट १ को रू. | ३।२५ | ३।२७ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।८२ | २७।९९ |
| मलसियन रिङ्गिट १ को रू. | २६।२९ | २६।४५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।३८ | ९।४३ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।९३ |
| डेनिस क्रानर १ का रू. | १७।११ |
| हङकङ डलर १ का रू. | १३।०७ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# सिमेन्ट र डन्डीको मूल्य घट्यो

नेपाल समाचारपत्र

काठमाडौं

सिमेन्ट र डन्डीको भाउ घटेको छ। एक दर्जनभन्दा बढी सिमेन्ट तथा डन्डी कम्पनीले बढेर कायम भएको तूलनामा ५० रुपियाँसम्म मूल्य घटाएका हुन्।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागका अनुसार १३ सिमेन्ट उद्योग तथा एक डन्डी उद्योगले आफूले उत्पादन गर्ने निर्माण सामग्रीको मूल्य घटाएका हुन्। विभागले आइतबारसम्ममा २० किसिमका सिमेन्ट र डन्डीको मूल्य घटाएको जानकारी दिएको हो।

विभागको अनुसार वृज सिमेन्ट इण्डस्ट्रिजले ओपीसी, पीपीसी र पीएससी गरी सबै किसिमका सिमेन्टमा प्रतिबोरा ५० रुपियाँको दरले घटाएको छ। त्यसैगरी अर्घाखाँची सिमेन्टले पनि सिमेन्टको मूल्यमा बोराको ४५ रुपियाँले घटाएको छ।

त्यस्तै भूगर्व सिमेन्टको ओपीसी, पीपीसीमा बोराको ३० रुपियाँको दरले मूल्य घटाएको छ। शिवम् सिमेन्टको मूल्य भने यसअघि नै प्रतिबोरा २२ रुपियाँ ६० पैसाले घटिसकेको थियो। अम्बे, दोभान, शुभश्री जगदम्बा र मारुतीका विभिन्न ब्रान्डका सिमेन्टको मूल्यमा पनि प्रतिबोरा २० रुपियाँ घटेको छ। निर्माण सिमेन्टमा प्रतिबोरा १५ रुपियाँ घट्दा नारायणी, सर्वोत्तम, अग्नि र घोराही सिमेन्टमा पनि प्रतिबोरा १० रुपियाँका दरले मूल्य घटेको घटाएको विभागले जनाएको छ।

मल्य घटाउने निर्माण कम्पनीको सूचीमा रहेको जगदम्बा स्टिलले डन्डीमा प्रतिकिलो ५० पैसा घटाएको छ। उल्लेखित विभिन्न उद्योगको सिमेन्टको प्रतिबोरा घटेको मूल्य ६ सय ६५ रुपियाँदेखि ८ सय ८० रुपियाँसम्म तोकिएको छ। जसमा सबैभन्दा बढी नारायणी र जगदम्बा सिमेन्टको छ भने कम मूल्य घोराही सिमेन्टको रहेको छ।

# SHARE MARKET

4 FEBRUARY SUNDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 8959.00 | 350.00 | 342.00 | 350.00 | 6.00 |
| 2 | Api Power Company Ltd. | 364.00 | 390.00 | 383.00 | 383.00 | -9.00 |
| 3 | Arun Finance Limited | 1770.00 | 161.00 | 155.00 | 155.00 | 2.00 |
| 4 | Arun Kabeli Power Ltd. | 2004.00 | 337.00 | 329.00 | 334.00 | -1.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 8868.00 | 200.00 | 194.00 | 200.00 | 1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1401.00 | 880.00 | 872.00 | 872.00 | -5.00 |
| 7 | Bank of Kathmandu Ltd. | 14249.00 | 396.00 | 390.00 | 390.00 | -3.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 20.00 | 184.00 | 181.00 | 184.00 | 1.00 |
| 9 | Best Finance Company Ltd. | 200.00 | 129.00 | 129.00 | 129.00 | 0.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 840.00 | 156.00 | 155.00 | 155.00 | -1.00 |
| 11 | Bishal Bazar Company Limited | 707.00 | 2050.00 | 1970.00 | 1970.00 | -40.00 |
| 12 | Bottlers Nepal (Terai) Limited | 40.00 | 7200.00 | 7100.00 | 7100.00 | -100.00 |
| 13 | Butwal Power Company Limited | 28989.00 | 616.00 | 575.00 | 580.00 | -31.00 |
| 14 | Central Finance Co. Ltd. | 2704.00 | 136.00 | 132.00 | 133.00 | -3.00 |
| 15 | Century Commercial Bank Ltd. | 19836.00 | 201.00 | 196.00 | 196.00 | -3.00 |
| 16 | Chhimek Laghubitta Bikas Bank Limited | 3495.00 | 1030.00 | 1015.00 | 1020.00 | -7.00 |
| 17 | Chhyangdi Hydropower Ltd. | 105.00 | 170.00 | 166.00 | 168.00 | -4.00 |
| 18 | Chilime Hydropower Company Limited | 4102.00 | 881.00 | 875.00 | 878.00 | 3.00 |
| 19 | Citizen Bank International Limited | 12072.00 | 277.00 | 268.00 | 273.00 | 0.00 |
| 20 | Citizen Investment Trust | 3556.00 | 3510.00 | 3500.00 | 3510.00 | 11.00 |
| 21 | Civil Bank Ltd | 5913.00 | 179.00 | 176.00 | 179.00 | 0.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 315.00 | 830.00 | 822.00 | 825.00 | -5.00 |
| 23 | Deprosc Development Bank Limited | 1452.00 | 871.00 | 841.00 | 866.00 | 11.00 |
| 24 | Deva Bikas Bank Limited | 12819.00 | 183.00 | 177.00 | 181.00 | 6.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 144.00 | 149.00 | 145.00 | 145.00 | -2.00 |
| 26 | Everest Bank Limited | 11593.00 | 875.00 | 857.00 | 861.00 | -2.00 |
| 27 | Everest Insurance Co. Ltd. | 2907.00 | 1804.00 | 1632.00 | 1632.00 | -8.00 |
| 28 | Excel Development Bank Ltd. | 4350.00 | 362.00 | 356.00 | 358.00 | -7.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 5635.00 | 595.00 | 578.00 | 580.00 | -10.00 |
| 30 | Forward Community Mic. Bittiya San. Ltd. | 632.00 | 3350.00 | 3320.00 | 3340.00 | -10.00 |
| 31 | Gandaki Bikas Bank Limited | 2926.00 | 238.00 | 232.00 | 236.00 | 2.00 |
| 32 | Garima Bikas Bank Limited | 4953.00 | 197.00 | 195.00 | 195.00 | -3.00 |
| 33 | Global IME Bank Limited | 13219.00 | 328.00 | 320.00 | 325.00 | 4.00 |
| 34 | Goodwill Finance Co. Ltd. | 130.00 | 154.00 | 152.00 | 152.00 | 1.00 |
| 35 | Green Development Bank Ltd. | 280.00 | 185.00 | 182.00 | 185.00 | 6.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 2360.00 | 955.00 | 931.00 | 940.00 | 5.00 |
| 37 | Gurkhas Finance Ltd. | 2672.00 | 140.00 | 136.00 | 139.00 | -3.00 |
| 38 | Hamro Bikas Bank Ltd. | 1050.00 | 163.00 | 160.00 | 161.00 | -5.00 |
| 39 | Himalayan Bank Limited | 728.00 | 667.00 | 663.00 | 664.00 | 4.00 |
| 40 | Himalayan Distillery Limited | 320.00 | 1240.00 | 1192.00 | 1215.00 | -40.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 2704.00 | 481.00 | 477.00 | 477.00 | -6.00 |
| 42 | Himalayan Power Partner Ltd. | 3800.00 | 375.00 | 369.00 | 371.00 | -4.00 |
| 43 | ICFC Finance Limited | 2100.00 | 207.00 | 206.00 | 207.00 | 1.00 |
| 44 | IME General Insurance Ltd. | 1090.00 | 1000.00 | 994.00 | 995.00 | 5.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 3216.00 | 170.00 | 165.00 | 167.00 | -1.00 |
| 46 | Janaki Finance Ltd. | 2104.00 | 182.00 | 173.00 | 173.00 | -12.00 |
| 47 | Janata Bank Nepal Ltd. | 13617.00 | 184.00 | 182.00 | 182.00 | -1.00 |
| 48 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 256.00 | 2910.00 | 2910.00 | 2910.00 | -10.00 |
| 49 | Jebils Finance Ltd. | 480.00 | 127.00 | 124.00 | 124.00 | -3.00 |
| 50 | Jyoti Bikas Bank Limited | 4039.00 | 163.00 | 157.00 | 158.00 | 1.00 |
| 51 | Kabeli Bikas Bank Limited | 83.00 | 330.00 | 330.00 | 330.00 | 4.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 7748.00 | 245.00 | 243.00 | 243.00 | -2.00 |
| 53 | Kalika Microcredit Development Bank Ltd. | 147.00 | 1630.00 | 1599.00 | 1630.00 | 29.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 4970.00 | 168.00 | 165.00 | 166.00 | -1.00 |
| 55 | Karnali Development Bank Limited | 3024.00 | 132.00 | 127.00 | 132.00 | 4.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 161.00 | 146.00 | 144.00 | 146.00 | -2.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 145.00 | 1737.00 | 1735.00 | 1735.00 | -28.00 |
| 58 | Kuber Merchant Finance Limited | 1020.00 | 192.00 | 186.00 | 189.00 | -6.00 |
| 59 | Kumari Bank Limited | 109160.00 | 276.00 | 270.00 | 275.00 | 5.00 |
| 60 | Lalitpur Finance Ltd. | 75.00 | 172.00 | 171.00 | 172.00 | 4.00 |
| 61 | Laxmi Bank Limited | 36144.00 | 278.00 | 272.00 | 275.00 | -4.00 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 550.00 | 1270.00 | 1245.00 | 1245.00 | -15.00 |
| 63 | Laxmi Value Fund-1 | 120.00 | 11.20 | 11.20 | 11.20 | -0.05 |
| 64 | Life Insurance Co. Nepal | 345.00 | 1969.00 | 1955.00 | 1955.00 | -14.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 6578.00 | 168.00 | 166.00 | 167.00 | 2.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 1042.00 | 595.00 | 587.00 | 594.00 | 4.00 |
| 67 | Machhapuchhre Bank Limited | 7320.00 | 270.00 | 266.00 | 266.00 | 0.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 4319.00 | 193.00 | 189.00 | 192.00 | 4.00 |
| 69 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 177.00 | 794.00 | 780.00 | 780.00 | -14.00 |
| 70 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 280.00 | 2940.00 | 2865.00 | 2900.00 | 52.00 |
| 71 | Manjushree Finance Ltd. | 1650.00 | 143.00 | 140.00 | 143.00 | 1.00 |
| 72 | Mero Microfinance Bittiya Sanstha Ltd. | 277.00 | 1316.00 | 1312.00 | 1313.00 | -12.00 |
| 73 | Mirmire Microfinance Dev. Bank Ltd. | 50.00 | 2870.00 | 2870.00 | 2870.00 | 14.00 |
| 74 | Mission Development Bank Ltd. | 200.00 | 234.00 | 234.00 | 234.00 | -4.00 |
| 75 | Miteri Development Bank Limited | 1250.00 | 306.00 | 305.00 | 305.00 | 0.00 |
| 76 | Mithila LaghuBitta Bikas Bank Ltd. | 54.00 | 1022.00 | 1010.00 | 1013.00 | 11.00 |
| 77 | Muktinath Bikas Bank Ltd. | 5040.00 | 422.00 | 416.00 | 418.00 | 0.00 |
| 78 | Nabil Bank Limited | 19894.00 | 1099.00 | 1086.00 | 1086.00 | -4.00 |
| 79 | NABIL Bank Limited Promotor Share | 3882.00 | 860.00 | 855.00 | 855.00 | 2.00 |
| 80 | Nabil Equity Fund | 22226.00 | 10.00 | 9.90 | 10.00 | 0.05 |
| 81 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 34.00 | 2420.00 | 2395.00 | 2415.00 | 35.00 |
| 82 | National Hydro Power Company Limited | 20080.00 | 114.00 | 112.00 | 114.00 | 0.00 |
| 83 | National Life Insurance Co. Ltd. | 1035.00 | 1523.00 | 1510.00 | 1510.00 | -15.00 |
| 84 | National Microfinance Bittiya Sanstha Ltd. | 435.00 | 2300.00 | 2271.00 | 2300.00 | 6.00 |
| 85 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 20.00 | 2320.00 | 2320.00 | 2320.00 | -5.00 |
| 86 | Neco Insurance Co. Ltd. | 4532.00 | 590.00 | 580.00 | 585.00 | 8.00 |
| 87 | Nepal Bangladesh Bank Limited | 8821.00 | 261.00 | 255.00 | 258.00 | 1.00 |
| 88 | Nepal Bank Limited | 196879.00 | 369.00 | 365.00 | 365.00 | 0.00 |
| 89 | Nepal Community Dev. Bank Ltd. | 1217.00 | 145.00 | 141.00 | 141.00 | -2.00 |
| 90 | Nepal Cre. & Com. Bank Ltd. Pro. Sha. | 28825.00 | 195.00 | 195.00 | 195.00 | 0.00 |
| 91 | Nepal Credit And Com. Bank Limited | 14302.00 | 330.00 | 322.00 | 322.00 | -5.00 |
| 92 | Nepal Doorsanchar Comapany Limited | 15710.00 | 785.00 | 770.00 | 771.00 | 1.00 |
| 93 | Nepal Grameen Bikas Bank Ltd. | 2390.00 | 666.00 | 647.00 | 655.00 | -2.00 |
| 94 | Nepal Hydro Developers Ltd. | 300.00 | 209.00 | 207.00 | 207.00 | 0.00 |
| 95 | Nepal Insurance Co. Ltd. | 630.00 | 1323.00 | 1297.00 | 1297.00 | -53.00 |
| 96 | Nepal Investment Bank Limited | 15190.00 | 676.00 | 669.00 | 673.00 | 4.00 |
| 97 | Nepal Investment Bank Ltd. Pro. Share | 6750.00 | 601.00 | 594.00 | 601.00 | 10.00 |
| 98 | Nepal Life Insurance Co. Ltd. | 6757.00 | 1809.00 | 1780.00 | 1786.00 | -9.00 |
| 99 | Nepal SBI Bank Limited | 4455.00 | 600.00 | 592.00 | 595.00 | 1.00 |
| 100 | Nerude Laghubita Bikas Bank Limited | 1490.00 | 791.00 | 787.00 | 787.00 | -13.00 |
| 101 | Ngadi Group Power Ltd. | 107.00 | 237.00 | 230.00 | 235.00 | -2.00 |
| 102 | NIBL Pragati Fund | 2525.00 | 9.90 | 9.90 | 9.90 | -0.06 |
| 103 | NIBL Samriddhi Fund 1 | 3000.00 | 11.97 | 11.97 | 11.97 | 0.00 |
| 104 | NIC Asia Bank Ltd. | 16782.00 | 350.00 | 347.00 | 348.00 | 1.00 |
| 105 | Nirdhan Utthan Bank Limited | 1634.00 | 1200.00 | 1185.00 | 1190.00 | 2.00 |
| 106 | NLG Insurance Company Ltd. | 1041.00 | 1075.00 | 1045.00 | 1051.00 | -33.00 |
| 107 | NMB Microfinance Bittiya Sanstha Ltd. | 260.00 | 1796.00 | 1791.00 | 1795.00 | -20.00 |
| 108 | NMB Bank Limited | 33882.00 | 477.00 | 473.00 | 476.00 | 4.00 |
| 109 | NMB Hybrid Fund L-1 | 1248.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 110 | NMB Sulav Investment Fund-1 | 6500.00 | 12.81 | 12.78 | 12.81 | -0.19 |
| 111 | Om Development Bank Ltd. | 4308.00 | 232.00 | 229.00 | 231.00 | 1.00 |
| 112 | Oriental Hotels Limited | 385.00 | 660.00 | 656.00 | 656.00 | -14.00 |
| 113 | Pokhara Finance Ltd. | 650.00 | 166.00 | 160.00 | 163.00 | 1.00 |
| 114 | Prabhu Bank Limited | 11450.00 | 235.00 | 232.00 | 235.00 | 0.00 |
| 115 | Prabhu Insurance Ltd. | 1135.00 | 782.00 | 772.00 | 772.00 | -8.00 |
| 116 | Premier Insurance Co. Ltd. | 5150.00 | 1300.00 | 1260.00 | 1280.00 | -19.00 |
| 117 | Prime Commercial Bank Ltd. | 14467.00 | 309.00 | 306.00 | 306.00 | -1.00 |
| 118 | Prime Life Insurance Company Limited | 1091.00 | 1730.00 | 1700.00 | 1700.00 | -5.00 |
| 119 | ProgressiveFinance Limited | 70.00 | 228.00 | 220.00 | 224.00 | 4.00 |
| 120 | Prudential Insurance Co. Ltd. | 2635.00 | 775.00 | 770.00 | 770.00 | 0.00 |
| 121 | Purnima Bikas Bank Ltd. | 179.00 | 206.00 | 206.00 | 206.00 | 0.00 |
| 122 | Rastriya Beema Company Limited | 30.00 | 13499.00 | 13300.00 | 13310.00 | 49.00 |
| 123 | Rastriya Beema Co. Limited Pro. Share | 470.00 | 13000.00 | 12731.00 | 12731.00 | -259.00 |
| 124 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 23.00 | 1590.00 | 1590.00 | 1590.00 | 30.00 |
| 125 | Reliance Finance Ltd. | 989.00 | 140.00 | 138.00 | 140.00 | -1.00 |
| 126 | Ridi Hydropower Dev. Company Ltd. | 385.00 | 144.00 | 143.00 | 144.00 | -1.00 |
| 127 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 44.00 | 1124.00 | 1106.00 | 1124.00 | 22.00 |
| 128 | Rural Microfinance Dev. Centre Ltd. | 1329.00 | 655.00 | 647.00 | 647.00 | -7.00 |
| 129 | Sagarmatha Insurance Co. Ltd. | 3642.00 | 1410.00 | 1387.00 | 1387.00 | -18.00 |
| 130 | Sahayogi Bikas Bank Limited | 728.00 | 237.00 | 229.00 | 229.00 | 4.00 |
| 131 | Salt Trading Corporation | 71.00 | 280.00 | 270.00 | 280.00 | 15.00 |
| 132 | Samata Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 590.00 | 590.00 | 590.00 | 28.00 |
| 133 | Sana Kisan Bikas Bank Ltd | 1903.00 | 1205.00 | 1171.00 | 1171.00 | -39.00 |
| 134 | Sanima Bank Limited | 43212.00 | 359.00 | 354.00 | 354.00 | 1.00 |
| 135 | Sanima Mai Hydropower Ltd. | 51612.00 | 425.00 | 411.00 | 415.00 | -4.00 |
| 136 | Saptakoshi Development Bank Ltd. | 640.00 | 137.00 | 137.00 | 137.00 | -2.00 |
| 137 | Shangrila Development Bank Ltd. | 4602.00 | 193.00 | 190.00 | 193.00 | 2.00 |
| 138 | Shikhar Insurance Co. Ltd. | 1434.00 | 1189.00 | 1165.00 | 1180.00 | 1.00 |
| 139 | Shine Resunga Development Bank Ltd. | 1526.00 | 296.00 | 294.00 | 295.00 | 4.00 |
| 140 | Shree Investment Finance Co. Ltd. | 1492.00 | 247.00 | 240.00 | 240.00 | -3.00 |
| 141 | Shree Ram Sugar Mills Limited | 10.00 | 122.00 | 122.00 | 122.00 | 2.00 |
| 142 | Siddhartha Bank Limited | 46506.00 | 375.00 | 366.00 | 370.00 | 0.00 |

Total Amount Rs. 466,490,748 Total Quantity 1,141,105 Total No of Transactions 4,745

२०७४, माघ
सोमबार
२२

नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत २७ वाणिज्य बैंकमध्ये ३ वटा मात्र बैंकको प्रतिशेयर आम्दानीमा सुधार आएको छ। वित्तीय विवरणअनुसार २४ वटा बैंकको प्रतिशेयर आम्दानी नकारात्मक देखिएको हो।




## PRESS RELEASE

### पशुपति पेन्ट्सको विजेता घोषणा




काठमाडौं, (नेस)

पशुपति पेन्ट्स प्रालिले दशैं तिहारको अवसरमा सञ्चालित 'महापर्वको र□त्सव' उपहार योजनाको विजेताको घोषणा गरेको छ। कम्पनीले गोलाप्रथामार्फत भाग्यशाली विजेताको छनोट गरी कुपन नम्बर सार्वजनिक गरेको हो। कम्पनीले विज्ञप्ति जारी गर्दै छनोटमा परेका भाग्यशाली विजेतालाई बधाई दिँदै कोड नम्बर सार्वजनिक गरेको हो। विजेताले उपहार दाबीका लागि १५ दिनभित्र कुपनको अर्धकट्टी र सक्कल विलका साथ कार्यालयमा सम्पर्क गर्न कम्पनीले अनुरोध गरेको छ।

गोला प्रथामार्फत् कुपन नम्बर सीएस २०१०१५ बम्पर उपहार एनएस २०० बजाज पल्सर विजेताका रूपमा छनोटमा परेको छ। त्यसैगरी कुपन नम्बर सीएस ४०१४९२ पहिलो पुरस्कार सुजकी लेट्स स्कुटर विजेताको रूपमा छनोट गरिएको छ। त्यसैगरी स्मार्टफोन सीएस १०००४५, सीएस २००७५४, सीएस ३००५१३, सीएस ४००७८०लगायत रहेका छन्।

### यामाहा एफजी २५ को 'राइड आउट'



काठमाडौं, (नेस)

नेपालका लागि यामाहा मोटरसाइकल तथा स्कुटरको आधिकारिक बिक्रेता एमएडब्लु इन्टरप्राइजेजले आफ्नो उत्पादन यामाहा एफजी २५ का राइडरका लागि 'एड्भेन्चरस' तथा रोमाञ्चक 'राइड आउट'को दोस्रो संस्करण आयोजना गरेको छ। यसपटक एफजी२५ राइडरर्सलाई यामाहाले आफ्नो नारायणघाट डिलर नविन अटोबाट उडरक भिल्लामा लगेको थियो।

पाँच समूहमा विभाजन गरिएका २५ जना एफजी २५ राइडरलाई 'टग अफ वार', 'पिकिङ द फ्ल्याग', 'आर्म रेस्लिङ' लगायतका सामूहिक टास्क दिइएको थियो। यो संस्करणमा उचित अधिकारी 'अल्टिमेट स्ट्रिट फाइटर' घोषित भए। कार्यक्रमको अन्त्यमा सबै राइडरहरूलाई 'यामाहा एम्बेसेडर' घोषणा गरिएको थियो।

अत्याधुनिक फ्युल इन्जेक्सन प्रविधि रहेको एफजी२५मा एयर कुल्ड विथ आयल कुलर, ४ स्ट्रोक, एसओएचसी, २ भल्भ, सिंगल सिलिन्डर भएको २४९ सीसीको शक्तिशाली इन्जिन रहेको छ। मोटरसाइकलमाथि नियन्त्रण सहज यसको वजन कम (१४८ केजी) गरिएको छ। यी विशेषताहरूले एफजी२५ लाई 'एफजी वर्ल्ड'को 'पावरफुल, मिड-क्लास, स्ट्रिट फाइटर' बनाएको छ।

यसमा यामाहाको प्योटेन्टेड 'ब्लुकोर' इन्जिन रहेको छ जसले मोटरसाइकलको पर्फमेन्सलाई बढाउनुका साथै इन्धन खपतलाई न्यून गर्छ र यो वातावरणमैत्री बीएस ४ इमिसन स्ट्यान्डार्डमा निर्माण गरिएको छ। एफजी२५ तीन वटा एक्साइटिङ कलर- 'ब्यालेस्टिक ब्लु', 'वारियर ह्वाइट' र 'नाइट ब्ल्याक'मा उपलब्ध छ।

### बर्जरले रोटरीसँग मिलेर विद्यालय रंगाउने

काठमाडौं, (नेस)

बर्जर पेन्ट्सले रोटरी डिस्ट्रिक्ट ३२९२ को 'रोटरी नेपाल लिटरेसी मिसन'लाई सघाउने भएको छ। कम्पनीले कर्पोरेट सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त मिसनलाई सघाउने भएको हो।

यस मिसनअन्तर्गत् बर्जर पेन्ट्सले नयाँ तथा पुनर्निर्माण गरिने लगभग ३ हजार विद्यालय रंगाउनका लागि विशेष सहुलियत दरमा रङ उपलब्ध गराउने छ। यस सम्झौतामा पीडीजी रोटरीयन तथा 'रोटरी नेपाल लिटरेसी मिसन'का प्रमुख तिर्थमान शाक्य र बर्जर पेन्ट्स नेपालका कन्ट्री म्यानेजर शैवाल घोषले हस्ताक्षर गर्नुभएको हो।

सामुदायीक विद्यालय पुनर्निर्माण र रङरोगन बाहेक, कम्पनीले ग्रामिण र अविकसित क्षेत्रमा स्वास्थ्य सिबिर आयोजना गर्न, वातावरणीय जनचेतनाको लागि हरित क्षेत्र/ट्राफिक जनचेतनाको प्रवर्द्धन गर्न तथा सामाजिक रूपमा पिछडिएका समुदायमा रोजगारको अवसर सिर्जना गर्नका लागि तालिम दिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँग सहकार्य गरिरहेको छ। बर्जर पेन्टस् नेपालले शिक्षा, स्वास्थ्य र स्वच्छता, महिला सशक्तिकरण तथा अन्य धेरै विषयमा काम गर्दै आईरहेको छ।

# अधिकांश बैंकको शेयर आम्दानी घट्यो

**नेपाल समाचारपत्र**

काठमाडौं

चालू आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिको अन्त्यसम्म अधिकांश बैंकका शेयरमूल्य घटेको छ। यस अवधिको अपरिस्कृत वित्तीय विवरण सार्वजनिक बैंकमध्ये ७ वटा वाणिज्य बैंकको नाफा घटे पनि २४ वटा बैंकको प्रतिशेयर आम्दानीमा गिरावट आएको हो।

यस अवधिमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत २७ वाणिज्य बैंकमध्ये ३ वटा मात्र बैंकको प्रतिशेयर आम्दानीमा सुधार आएको छ। वित्तीय विवरणअनुसार २४ वटा बैंकको प्रतिशेयर आम्दानी नकारात्मक देखिएको हो।

यस अवधिमा ३ बैंकको प्रतिशेयर आम्दानी मात्र सकारात्मक रहे। प्रतिशेयर आम्दानी बढाउनेमा प्रभु बैंक, सिभिल बैंक र एनएमबि बैंक रहेका छन्। तीमध्ये प्रभु बैंकको प्रतिशेयर आम्दानी १८ रुपियाँ ९१ पैसाबाट बढेर २१ रुपियाँ ५९ पैसा पुगेको छ। बैंकले २ रुपियाँ ६८ पैसाले प्रतिशेयर आम्दानी बढाएको हो। त्यस्तै एनएमबि बैंकले २ रुपियाँ ८७ पैसाले बढाएर प्रतिशेयर आम्दानी ३१ रुपियाँ १८ पैसा पुऱ्याएको छ भने सिभिल बैंकले १ रुपियाँ शून्य २ पैसा बढाएको छ।

यो अवधिमा २४ वाणिज्य बैंकको प्रतिशेयर आम्दानी घटेको छ। त्यसमध्ये नेपाल एसबीआई बैंकको प्रतिशेयर आम्दानी सर्वाधिक १८ रुपियाँ २२ पैसाले घटेको छ। त्यसैगरी नेपाल बैंकको प्रतिशेयर आम्दानी १७ रुपियाँ ७७ पैसा, नेपाल बंगलादेश बैंकको १६ रुपियाँ र एभरेस्ट बैंकको १४ रुपियाँ ५२ पैसाले प्रतिशेयर आम्दानीमा गिरावट आएको छ। प्रतिशतको हिसाबमा नेपाल बंगलादेशको प्रतिशेयर आम्दानी करिब ६० प्रतिशतले घट्यो। त्यस्तै लक्ष्मी बैंक , जनता बैंक, माछापुच्छ्रे बैंकका शेयरधनीले पनि अघिल्लो वर्षको तुलनामा ५० प्रतिशतभन्दा बढी शेयरमूल्य गुमाए।

चालू आवको दोस्रो त्रैमासमा सबैभन्दा बढी प्रतिशेयर आम्दानी गर्नेमा नबिल बैंकका लगानीकर्ता रहेका छन्। हाल बैंकको प्रतिशेयर आम्दानी ४५ रुपियाँ ५७ पैसा रहेको छ। गत वर्षको सो अवधिको तुलनामा भने बैंकको प्रतिशेयर आम्दानी ११ रुपियाँ १२ पैसाले घटेको छ। गत वर्षको पुस मसान्तमा बैंकको प्रतिशेयर आम्दानी ५६ रुपियाँ ६९ पैसा थियो।

त्यसैगरी नेपाल बैंक र नेपाल इन्भेस्टमेन्ट बैंकको प्रतिशेयर आम्दानी पनि क्रमशः ४० रुपियाँ ७४ पैसा र ३४ रुपियाँ ४५ पैसा रहेका छन्।

| बैंक | चालू आव | गत आव | वृद्धिदर |
|---|---|---|---|
| प्रभु बैंक | २१ रुपियाँ ५९ पैसा | १८ रुपियाँ ९१ पैसा | १४.१७ |
| सिभिल बैंक | ८ रुपियाँ ३४ पैसा | ७ रुपियाँ ३२ पैसा | १३.९३ |
| एनएमबि बैंक | ३१ रुपियाँ १८ पैसा | २८ रुपियाँ ३१ पैसा | १०.१४ |
| नबिल बैंक | ४५ रुपियाँ ५७ पैसा | ५६ रुपियाँ ६९ पैसा | (१९.६२) |
| नेपाल इन्भेस्टमेन्ट बैंक | ३४ रुपियाँ ४५ पैसा | ३६ रुपियाँ ४१ पैसा | (५.३८) |
| नेपाल बैंक | ४० रुपियाँ ७४ पैसा | ५८ रुपियाँ ३१ पैसा | (३०.१३) |
| हिमालयन बैंक | २७ रुपियाँ २६ पैसा | ५ रुपियाँ १५ पैसा | (२२.४४) |
| कषि विकास बैंक | २० रुपियाँ ३७ पैसा | २९ रुपियाँ ४९ पैसा | (३०.९२) |
| स्ट्यान्डर्ड चार्टर्ड | २५ रुपियाँ | ३९ रुपियाँ ४८ पैसा | (३६.६७) |
| एभरेस्ट बैंक | २८ रुपियाँ ४१ पैसा | ४२ रुपियाँ ९३ पैसा | (३४.३४) |
| ग्लोबल आईएमई बैंक | २१ रुपियाँ ४४ पैसा | २५ रुपियाँ ३५ पैसा | (१५.४२) |
| नेपाल बंगलादेश बैंक | ११ रुपियाँ | २७ रुपियाँ | (५९.२६) |
| नेपाल एसबीआई बैंक | २२ रुपियाँ ६९ पैसा | ४० रुपियाँ ८१ पैसा | (४४.४०) |
| सानिमा बैंक | २० रुपियाँ ५६ पैसा | २३ रुपियाँ ६५ पैसा | (१३.०७) |
| सिद्धार्थ बैंक | २२ रुपियाँ ६४ पैसा | २७ रुपियाँ ७४ पैसा | (१८.३९) |
| मेगा बैंक नेपाल | ५ रुपियाँ ३४ पैसा | ९ रुपियाँ २४ पैसा | (४२.२०) |
| लक्ष्मी बैंक | १३ रुपियाँ २३ पैसा | २६ रुपियाँ ७४ पैसा | (५०.५२) |
| कुमारी बैंक | १६ रुपियाँ ०९ पैसा | २७ रुपियाँ ९५ पैसा | (४२.४३) |
| सिटिजन्स बैंक इन्टरनेसनल | १५ रुपियाँ ६६ पैसा | २२ रुपियाँ ८१ पैसा | (३१.३४) |
| सेन्चुरी कमर्सियल बैंक | ८ रुपियाँ ४७ पैसा | १२ रुपियाँ १४ पैसा | (३०.२३) |
| बैंक अफ काठमाण्डू | १७ रुपियाँ ६६ पैसा | २१ रुपियाँ ३७ पैसा | (१७.३६) |
| जनता बैंक | ६ रुपियाँ ७९ पैसा | १३ रुपियाँ ९९ पैसा | (५१.४७) |
| माछापुच्छ्रे बैंक | ११ रुपियाँ ९४ पैसा | २४ रुपियाँ ६६ पैसा | (५१.५८) |
| सनराईज बैंक | १४ रुपियाँ ४१ पैसा | २३ रुपियाँ | (३७.३५) |
| एनआईसी एसिया | १४ रुपियाँ २४ पैसा | २४ रुपियाँ ७९ पैसा | (४२.५६) |
| एनसीसी बैंक | १० रुपियाँ २४ पैसा | १६ रुपियाँ १४ पैसा | (३६.६७) |
| प्राइम कमर्सियल बैंक | १७ रुपियाँ ८ पैसा | २२ रुपियाँ ६६ पैसा | (२१.४५) |

### होण्डाको एक्स आर १९० एल बजारमा




काठमाडौं, (नेस)

नेपाली बजारमा होण्डा नेपालले नयाा एक्स आर १९० एल बाइक ल्याएको छ। यसको शुरूआती मूल्य ५ लाख ७० हजार रुपियाँ निर्धारण गरिएको छ।

डर्ट बाइक एक्स आर १५० एलको सफलतापछि होण्डा नेपालले आफ्नो अर्को उत्पादन एक्स आर १९० एललाई होण्डा बिग बाइक वर्गअन्तर्गत थपेको छ।

होण्डाले आफ्नो प्रसिद्ध होण्डा एक्स एल १८५ को उत्तराधिकारीका रूपमा एक्स आर १९० एल बजारमा भित्र्याएको हो। फ्यूल-इन्जेक्सन रहेको एक्स आर १९० एल नेपालको पहिलो अफ-रोड मोटरसाइकल हो। फ्यूल-इन्जेक्सन भएको यस बाइकले इन्जिनमा चाहिने मात्रामा मात्र इन्धनको आपूर्ति गर्ने गर्छ। जसले गर्दा यो चिसोमा पनि सजिलै स्टार्ट भई उत्कृष्ट माईलेज र पावर प्रदान गर्दछ। यो बाइक ब्याक-अपकिक स्टार्टका साथ उपलब्ध छ।

१२३ किलो तौल रहेको यो बाइक चलाउन निकै सहज रहेको कम्पनीले जनाएको छ। फ्युल इण्डिकेटरका साथ १२ लिटर फ्यूल ट्यांक रहेको यो बाइक चलाउँदा चालकले इन्धनको चिन्ता गर्नुपर्ने कम्पनीले जनाएको छ।

## बुटवलमा प्राङ्गारिक कृषि मेला

बुटवल, (नेस)

'प्राङ्गारिक खेतीको प्रवर्द्धन, स्वस्थ जीवनको अवलम्बन' भन्ने नाराका साथ ११औं राष्ट्रिय प्राङ्गारिक कृषि मेला बुटवलमा आयोजना गरिने भएको छ। मेला आगामी फागुन ३ देखि ७ गतेसम्म सञ्चालन हुने भएको हो।

कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम, क्षेत्रीय कृषि निर्देशनालय पोखरा, जिल्ला कृषि विकास कार्यालय, रूपन्देही र बुटवल उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा मेला सञ्चालन हुने भएको हो। प्राङ्गारिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले मेलाको आयोजना गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

प्राङ्गारिक कृषिलाई जनसमक्ष परिचय तथा महत्वबारे जानकारी गराउन, कृषकलाई प्रोत्साहित गर्न, प्रवर्द्धनमा सहयोग पुऱ्याउन, दिगो कृषि विकास र प्राङ्गारिक उत्पादक तथा व्यवसायीबीच समन्वय गराउने मेला आयोजना गरिएको हो। मेलामा देशको विभिन्न भागमा उत्पादन गरिएका प्राङ्गारिक कृषि वस्तुको प्रदर्शन गरिनुका साथै प्रतियोगिता पनि गराईने छ।

मेलामा कृषि सम्बन्धी आधुनिक प्रविधि राखिने र उक्त आधुनिक प्रविधिबाट चेकजाँच पनि गरिने छ।

राष्ट्र बैंकको सेवा अवधि विवाद

# मुद्दाको सुनुवाइ स्थगित

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल राष्ट्र बैंक कर्मचारी विनियमावलीको व्यवस्थाअनुसार ३० वर्षे सेवा अवधिसम्बन्धी व्यवस्था खारेज गर्न माग गर्दै सर्वोच्च अदालतमा परेको रिटको सुनुवाइ स्थगित भएको छ। उक्त व्यवस्थाको विरोध गर्दै ३ जना कर्मचारीले नेपाल राष्ट्र बैंक तथा लोकसेवा आयोगलाई समेत विपक्षी बनाई दायर गरिएको रिटको सुनुवाइ मंगलबार हुने भएको छ।

राष्ट्र बैंकले ती तीनजना कर्मचारीलाई ३० वर्षे सेवा अवधि पूरा गरेको भन्दै अवकाश पत्र दिएपछि उनीहरू अदालत गएका हुन्। सेवाअवधि पूरा गरेको भन्दै राष्ट्र बैंकले सहायक निर्देशकहरू पुण्यप्रसाद बराल, रवि भण्डारी र उदयकुमार मण्डललाई अवकाश दिएपछि उहाँहरूले लोकसेवा आयोग, नेपाल राष्ट्र बैंक, गभर्नर, सञ्चालक समिति तथा जनशक्ति व्यवस्थापन विभागलाई विपक्षी बनाइ मुद्दा दायर गर्नुभएको हो।

उहाँहरूमध्ये बरालले फागुन ११, भण्डारीले फागुन २ र मण्डलले फागुन ३ गते अनिवार्य अवकाश पाउँदै हुनुहुन्छ। सर्वोच्च अदालतको प्रधानन्यायधीश गोपालप्रसाद पराजुलीको इजलासमा रहेको उक्त मुद्दाबारे सवोच्चले आइतबार अन्तरिम आदेश दिने भनिए पनि आइतबारका लागि स्थगित भएको निवेदकमध्यका एक पुण्यप्रसाद दाहालले दाबी गर्नुभयो। उहाँका अनुसार अदालतले मंगलबार नै अदालतले ३० वर्षे सेवा अवधिको प्रावधानअनुसार अवकाश दिने निर्णय खारेज गर्ने अन्तरिम आदेश दिनेछ।

नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'३० वर्षे सेवा अवधि कायम राख्दा पुराना र अनुभवी कर्मचारी बाहिरिनेछन्। हामीलाई हटाइएको राष्ट्र बैंक आफैं समस्यामा पर्ने छ।'

यसअघि राष्ट्र बैंकले अवकाश अवधि व्यवस्था संशोधन गरी ३० वर्षे अवधि हटाउने निर्णय गरेका थियो। त्यसपछि परामर्शका लागि लोक सेवा आयोगलाई पत्राचार गरेको थियो। विनियमावलीमा भएको ३० वर्षे सेवा अवधि हटाउन राष्ट्र बैंक सञ्चालक समितिले गरेको निर्णय कार्यान्वन नगर्न लोक सेवा आयोगले दिएको सुझावसमेत गैरकानुनी भएको भन्दै त्यसलाई खारेज गर्न माग गरिएको थियो।

गत माघ ७ गते दायर भएको रिटमा यसको अन्तिम टुंगो लाग्दासम्म आफूहरूले अवकाश पाइसक्ने भन्दै अन्तरिम आदेशमार्फत् ३० वर्षे सेवा अवधिको प्रावधानअनुसार अवकाश दिने निर्णय खारेज गर्न पनि माग गरिएको छ। सो मुद्धामा न्यायाधीश दीपककुमार कार्कीको इजलासले गत माघ ९ गते विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरेको थियो।

रिटमा राष्ट्र बैंकमा कर्मचारी अभाव भएको तथा कहीं पनि नभएको ३० वर्षे सेवा अवधिको हदका कारण कर्मचारीलाई आघात परेको उल्लेख गरिएको छ। रिटमा भनिएको छ-'सेवा हदका आधारमा अवकाश पाउने व्यवस्था कायम राख्ने सञ्चालक समितिको निर्णय तथा उक्त व्यवस्था संशोधन नगरी यथावत राख्न परामर्श दिने लोकसेवा आयोगको निर्णय गैरकानुनी रहेको छ।' रिटमा निवेदकले परामर्शका नाममा केन्द्रीय बैंकको स्वायत्त भूमिकामाथि लोक सेवा आयोगले हस्तक्षेप गरेको भन्दै त्योसमेत गैरकानुनी भएको दाबी गरेका छन्।

सर्वोच्च अदालतमा नेपाल राष्ट्र बैंकको कर्मचारी विनियमावलीमा भएको ३० वर्षे सेवा अवधि हटाउने सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्न माग गर्दै दायर भएको अर्को रिट पनि विचाराधीन छ।

# वैकल्पिक मार्ग खोज्न स्थानीयको माग

**नेपाल समाचारपत्र**

नुवाकोट

गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुवेशी सडकखण्डअन्तर्गतको वट्टार, विदुर र त्रिशूली क्षेत्रमा वैकल्पिक मार्ग खोज्नुपर्ने विदुर, वट्टार र ढुंगेका स्थानीयबसीले माग गरेका छन्।

सडक विस्तार र यसले जनसमुदायमा पारेको प्रभाव विषयक अन्तर्क्रिया कार्यक्रममा स्थानीयबासीले उक्त धारणा व्यक्त गरेका हुन्। स्थानीय शिवकुमारी डंगोलका अनुसार सडक वरपर वस्ती बसिसकेकाले अन्तर्राष्ट्रिय नाका खोल्न सहज नभएको बताउनुभयो। डंगोलले अहिले ५ मिटर छोड्दा पछि आउने पुस्ता त्यहाँबाट विस्थापित हुनुपर्ने धारणा व्यक्त गर्नुभयो। डंगोलले आफूहरू विकासको विरोधी नभएको भन्दै सडकको विकल्प खोज्दा उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो।

त्यस्तै अर्का स्थानीय दीपक कायस्थले आफूहरूले १५ मिटर सडक छोडेमा घर बनाउन सक्ने नसक्नेमा आयोजा मौन रहेको भन्दै त्यसबार प्रष्ट पार्नुपर्ने धारणा व्यक्त गर्नुभयो। कायस्थले बट्टार, विदुर र ढुङ्गे बजार पूरै विस्थापित हुने भन्दै आयोजनाले यसतर्फ ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो। कायस्थले यात्रुवाहक र मालवाहक बाटो अलगअलग बनाउन सकिने भन्दै यसतर्फ आयोजनाको ध्यान जानुपर्ने बताउनुभयो।

कार्यक्रममा विदुर नगरपालिकाका मेयर सञ्जु पण्डितले आयोजनाले पहिले स्थानीयबासीलाई मुआब्जा दिएर मात्र जग्गाा अधिकरण गर्नुपर्ने बताउनुभयो। २३ महिनामा सक्ने भने पनि त्यस्तो महशुस नभएको पण्डितले बताउनुभयो। पण्डितले आयोजनाले काम समयमा गर्न नसकेमा जनप्रतिनिधिले सहयोग गर्न नसक्ने बताउनुभयो। मेयर पण्डितले मुआब्जा वितरण गर्दा चलेको दररेटको आधारमा वितरण गर्नुपर्ने भनाइ व्यक्त गर्नुभयो। पण्डितले अहिले बनेको सडकको बीचबाट १५ मिटर कायम हुने धारणा व्यक्त गर्नुभयो।

त्यस्तै अर्का स्थानीय श्रीराम नेपालले वैकल्पिक मार्गको विकल्प खोज्नु गलत भएको भन्दै अन्तर्राष्ट्रिय नाका पनि खोज्नु र जग्गा पनि नदिनु गलत भएको बताउनुभयो। सडक भएको स्थानमा वस्ती बस्न आएको भन्दै त्यसतर्फ ध्यान दिनुपर्नै बताउनुभयो।

त्यस्तै कार्यक्रममा नुवाकोटका प्रशासकीय अधिकृत नन्दलाल शर्माले आयोजनाको विषयमा पहिला नै विभिन्न विषयमा छलफल भइसकेको भन्दै अहिले आएर बखेडा निकाल्नु उपयुक्त नभएको धारणा व्यक्त गर्नुभयो। त्यस्तै कार्यक्रममा आयोजनाका इन्जिनियर पारसमणि हमालले सरकारले १५ मिटररको मात्र मुआब्जा दिने भन्दै २१ मिटरको दिन नसक्ने धारणा व्यक्त गर्नुभयो।

यसैबीच राष्ट्रिय गौरवको आयोजनाका रूपमा विस्तार भइरहेको बहुचर्चित 'गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबोसी-रसुवागढी' सडक योजनाको काम १८ दशमलव ५ प्रतिशत मात्र सडक विस्तार भएको आयोजनाका इन्जिनियर पारसमणि हमालले बताउनुभयो। सडक विस्तारको क्रममा विभिन्न अवरोधहरू सिर्जना भएको भन्दै अपेक्षित प्रगति हुन नसकेको बताउनुभयो।



नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
www.newsofnepal.com

# विल्सन र ग्रिनल्यान्डलाई उपाधि




**नेपाल समाचारपत्र**

काठमाडौं

विल्सन एकेडेमी र ग्रिनल्यान्डले दोस्रो भानुभक्त विन्टर कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि आइतबार जितेको छ। पानीपोखरीस्थित आयोजक भानुभक्त मेमोरियल स्कुलको कोर्टमा भएको ब्वाइज फाइनलमा विल्सनले ज्ञान निकेतनलाई ६८-५६ ले पराजित गरेका हो। विल्सनको जितमा पेम्बा शेर्पाले ४४ अंक योगदान गरे।

यस्तै गर्ल्सको उपाधि भिडन्तमा ग्रिनल्यान्डले स्वप्न वाटिकालाई २१-१७ ले हरायो। ग्रिनल्यान्डको जितमा प्रमिला जागरीले १० अंक जोडिन्। फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय पेम्बा र प्रमिला 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। विजेतालाई नेपाल कराते महासंघका अध्यक्षसमेत रहेका राष्ट्रिय खेलकुद परिषद्का सदस्य दावा गुरुङ र भानुभक्तका प्रिन्सिपल बमबहादुर मोक्तानले एक कार्यक्रमबीच पुरस्कृत गरे। माघ १५ गतेदेखि शुरु प्रतियोगिताको ब्वाइज र गर्ल्समा समान १२-१२ गरी २४ टिम सहभागी थिए।

## राणा अध्यक्ष एनओसीको पत्रकार सम्मेलन

### भवन प्रवेशमा रोक

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले १ महिनाअगाडि रुक्म शमशेर राणा अध्यक्ष रहेको नेपाल ओलम्पिक कमिटी (एनओसी) लाई राष्ट्रिय मान्यतामै रहेको निर्णय गरेको थियो। सो निर्णयपछि यस एनओसीले सुचारु रूपमा काम गर्न पाउने र एनओसीको विवाद साधैंका लागि समाप्त हुने देखिएको थियो। तर आइतबार राणा अध्यक्ष एनओसीले पत्रकार सम्मेलन गर्न जाँदा सातदोबाटोस्थित एनओसी भवनमा उनीहरूलाई छिर्नै दिएन। पूरा सुरक्षाकर्मी तैनाथ थिए त्यहाँ र सुरक्षाकर्मीले एनओसीका पदाधिकारीलाई भवनभित्र पत्रकार सम्मेलन गर्न दिएन।

बाहिरै पत्रकार सम्मेलन गर्न बाध्य भएको एनओसीका उपाध्यक्ष किशोरबहादुर सिंहले आफूहरूले सुचारु रूपमा काम गर्न पाउनुपर्ने बताए। एनओसीका एक पदाधिकारीले बताएअनुसार सुरक्षाकर्मीले सर्वोच्चको मान नराखेकाले सीडीओमाथि मुद्दा हाल्नुपर्ने पनि बताएका थिए।

एनओसीले सबै खेल संघहरूलाई दर्ता गर्न पनि आह्वान गरेको छ। त्यस्तै नेपालमा सन् २०१९ मा हुने १३औं दक्षिण एसियाली खेलकुद (साग) पनि आयोजना गर्न पाउन नेपाल सरकारसमक्ष एनओसीले निवेदन राख्ने पनि जनाएको छ।

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) र ओलम्पिक कमिटी अफ एसिया (ओसीए) मा पत्र पठाएको पनि एनओसीले जनाएको छ। तर यसको जवाफ अहिलेसम्म नआएको पनि एनओसीका सदस्य उमेश मास्केले जनाए। मास्केले नेपाल समाचारपत्रलाई बताए- 'हामीले आईओसी र ओसीएमा पत्र पठाएका छौं। तर यसको कुनै जवाफ नै आएको छैन। शायद पत्र नै माथिसम्म नपुगेको पनि हुन सक्छ।'

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.

HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np

## धरहरा

### विकल्प यस्तो खोज्ने कि ?



एउटा संस्थामा कति जना अध्यक्ष रहन्छन् ? उत्तर सजिलो छ, 'एक जना त हो नि।' तर नेपाली खेल क्षेत्रलाई प्रतिनिधित्व गर्ने ओलम्पिक कमिटीमा २ अध्यक्ष छन्। अन्तर्राष्ट्रिय मान्यता प्राप्त कमिटीमा जीवनराम श्रेष्ठ छन् भने राष्ट्रिय मान्यता प्राप्त कमिटीमा रुक्म शमशेर राणा रहेका छन्।

दुवैले आफूलाई आधिकारिक अध्यक्ष दाबी गर्दै आएका छन्। यस्तो दाबेदारी र विवाद निकै वर्षअघि देखिको हो। सर्वोच्च अदालतले राणा नेतृत्वको कमिटीलाई आधिकारिक मान्यता दिए पनि विवाद ज्यूँ का त्यूँ छ अर्थात् विवाद अझै सल्टिन सकेको छैन। आइतबार ललितपुरको सातदोबाटोस्थित ओलम्पिक कमिटी परिसर भित्र/बाहिर त्यस्तै रमिता देखियो।

राणा समूहले आफ्ना धारणा सार्वजनिक गर्न ओलम्पिक कमिटीमा पत्रकार सम्मेलन हुने खबर गरे। राणा समूहलाई सुरक्षाकर्मीले भित्र जान रोकेपछि पत्रकार सम्मेलन भवनबाहिर भएको देखियो। धरहराले बुझ्या भवनभित्र राणालाई 'नो इन्ट्री' रे। भवन अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले बनाइदिएकाले त्यहाँ श्रेष्ठ नेतृत्वको हालीमुहाली मात्रै रहने रे।

राणा समूह भन्छ- 'भवन पो अन्तर्राष्ट्रिय सहयोगमा बन्या हो, जग्गा त सरकारले नै दिएको हो, हक त राष्ट्रिय समूहको हुन्छ।' विवाद यस्तै जारी रहने हो भने अब अन्तर्राष्ट्रिय अदालत गुहारे भयो। सर्वोच्चको निर्णय नै कार्यान्वयन नभएपछि जानुपरे न त अन्तर्राष्ट्रिय अदालत ।

## सुदूरपश्चिमलाई उपाधि



मन्थली, (नेस)

तेस्रो रामेछाप सिभिल भलिबल च्याम्पियनसिपको उपाधि सुदूरपश्चिमाञ्चल विकास क्षेत्रले जितेको छ।

शनिबार रामेछाप जिल्ला सदरमुकाम मन्थलीको जिल्ला समन्वय समितिको कोर्टमा भएको फाइनल खेलमा अन्तिम तथा निर्णायक सेटको खेल चलिरहँदा शान्तिदीप युवा क्लबले खराब प्रकाशका कारण खेल्न नमानेपछि सुदूरपश्चिमाञ्चललाई विजयी घोषित गरिएको हो। शान्तिदीपले खेल त्याग्दा अन्तिम तथा निर्णायक सेटमा सुदूरपश्चिमाञ्चलले १२-९ को अग्रता लिएको थियो।

त्यसअघि शान्तिदीपले पहिलो सेट र तेस्रो सेट क्रमस: २८-२६ र २५-२१ ले जितेको थियो भने सुदूरपश्चिमाञ्चलले दोस्रो सेट १५-२५ तथा चौथो सेट १७-२५ ले जितेको थियो। आयोजकले बारम्बार मैदानमा प्रवेश गरी खेल्न अनुरोध गर्दासमेत शान्तिदीपका खेलाडी नमानेपछि आयोजकले रेफ्रिको सल्लाहमा शुदूरपश्चिमाञ्चललाई विजयी घोषित गरेको हो। सुदूरपश्चिमाञ्चलले उपाधिसहित १ लाख ५० हजार प्राप्त गर्‍यो। शान्तिदीपले १ लाखमा चित्त बुझायो।

प्रतियोगितामा मन्थली युनाइटेड समाजले तेस्रो स्थान हात पार्‍यो। शनिबार नै भएको खेलमा नेपाल लोकतान्त्रिक खेलकुद संघलाई वेस्ट अफ फाइभको अन्तिम सेटमा पराजित गर्दै मन्थली युनाइटेडले तेस्रो स्थान पक्का बनाएको हो।

मन्थली युनाइटेडले लोकतान्त्रिक खेलकुद संघलाई २५-२२, १७-२५, २५-२३, २८-२५, १५-९ ले पराजित गर्‍यो। तेस्रो स्थानसँगै मन्थली युनाइटेडले ५० हजार प्राप्त गर्‍यो भने चौथो लोकतान्त्रिकले ३५ हजारमा चित्त बुझायो। प्रतियोगितामा सुदूरपश्चिमाञ्चलका तारा भट्ट उत्कृष्ट खेलाडी घोषित भए। उनले १० हजार प्राप्त गरे।

प्रतियोगितामा नेपाल लोकतान्त्रिक खेलकुद संघका मिलन मल्ल उत्कृष्ट स्पाइकर, मन्थली युनाइटेड समाजका राजकुमार थापा उत्कृष्ट ब्लकर, शान्तिदीप युवा क्लबका घनश्याम चौधरी उत्कृष्ट सर्भर, सुदूरपश्चिमाञ्चलका दिनेश गिरी उत्कृष्ट सेटर, सुदूरपश्चिमाञ्चलका बिनोद चन्द उत्कृष्ट डिफेन्डर, सुदूरपश्चिमाञ्चलका अशोककुमार भट्ट उत्कृष्ट प्रशिक्षक घोषित भए। उत्कृष्ट घोषित सबै खेलाडी र प्रशिक्षकले जनही पाँच/पाँच हजार प्राप्त गरे।

प्रतियोगिताका बिजेता टोली तथा खेलाडीहरूलाई रामेछाप जिल्लाबाट प्रतिनिधिसभा सदस्य निर्वाचित सांसद श्यामकुमार श्रेष्ठ, प्रदेशसभा सांसद शान्तिप्रसाद पौडेल, पूर्वसांसद तथा नेकपा एमालेका केन्द्रीय सदस्य देवशंकर पौडेल, मन्थली नगरपालिकाका मेयर रमेशकुमार बस्नेत, रामेछाप जिल्ला खेलकुद विकास समितिका अध्यक्ष पुरुषोत्तम कडरियालगायतले पुरस्कार बितरण गरेका थिए।

## टेनिस खेलाडी छनोट

काठमाडौं, (नेस)

अखिल नेपाल लनटेनिस संघको आयोजनामा हुने नेपाल आईटीएफ जुनियर यु-१८ टेनिस प्रतियोगिताको सर्किट- १ को मुख्य 'ड्र' का लागि आइतबार खेलाडी छनोट भएका छन्।

सोमबारदेखि हुने मुख्य 'ड्र' का लागि समान ४-४ पुरुष/महिला खेलाडी छनोट भएका हुन्। छनोटका लागि शनिबार र आइतबार प्रतिस्पर्धा भएको थियो। पुरुषमा पाकिस्तानका मोहमम्द नौमन अफ्ताब, भारतका भूपेन्द्र दाहिया र रुद्र कपुर तथा ताइपेईंका चिया फन साउ छानिए। महिलामा भारतका अर्चिता महलवाल र चरिथा पात्लोला, अमेरिकाकी रुतुजा छप्हल्कर र जापानकी कानोन यासुमोतो छनोट भए। मुख्य 'ड्र' मा ब्वाइज/गर्ल्सतर्फ समान २८-२८ खेलाडी छन्।

सर्किट १ फेब्रुअरी १० तारिखसम्म चल्नेछ। सर्किट १ सकिएको २ दिनपछि सर्किट १२ फेब्रुअरीमा सुरु भइ फेब्रुअरी १७ तारिखसम्म चल्नेछ। सर्किट २ का लागि पनि छनोट हुनेछ। प्रतियोगितामा ब्वाइज/गर्ल्स सिंगल्स र डबल्सका खेल हुनेछ।

## वादोकाई कराते टिम च्याम्पियन

काठमाडौं, (नेस)

वादोकाई कराते संघ राष्ट्रिय खुला कराते प्रतियोगिता २०७४ को टिम च्याम्पियन बन्न सफल भएको छ।

नेपाल सोतोकान कराते (एसकेडियुएन) संघको आयोजनामा भएको प्रतियोगितामा वादोकाई ९ स्वर्ण १ रजत र ३ कास्यका साथ टिम च्याम्पियन बन्न सफल भएको नेपाल सोतोकान कराते संघका महासचिव गोविन्द श्रेष्ठले जानकारी गराए।

आयोजकको बुढानीलकण्ठ नगरपालिका २ स्थित आफ्नै प्राङ्गणमा भएको प्रतियोगितामा बादोरियो कराते डो संघ ४ स्वर्णका साथ दोस्रो र आयोजक नेपाल सोतोकान कराते (एसकेडियुएन) २ स्वर्ण हात पार्दै तेस्रो भएको थियो।

यसैगरी महिला र पुरुष गरी कुमुतेतर्फ १४ र व्यक्तिगत कातातर्फ २ गरी १६ स्वर्ण पदकका लागि भएको प्रतियोगिताको कुमुते महिलातर्फ विनिता चपागाईं र पुरुषतर्फ कुन्साङ लामा तथा कातातर्फ महिलामा गीता सुनुवार र पुरुषमा प्रेम चौधरी उत्कृष्ट खेलाडी घोषित भएका थिए। प्रतियोगिताको अनुशासित टिममा नेपाल सोतोकान कराते (एनएसकेए) संघ घोषित भयो।

प्रमुख अतिथी प्रतिनिधिसभाका माननीय सांसद गगन थापाले उद्घाटन गरेको प्रतियोगितामा विजयी खेलाडीहरूलाई बुढानीलकण्ठ नगरपालिकाका मेयर उद्धब खरेलले पुरस्कार बितरण गरेका थिए।

प्रतियोगितामा विभिन्न जिल्ला, संघ र डोजोका गरी २ सय २० खेलाडीहरूले १६ स्वर्ण पदकका लागि प्रतिस्पर्धा गरेका थिए। सोही प्रतियोगिताका दौरान नेपाल सोतोकान कराते संघले रेफ्रि सेमिनारसमेत गरेको थियो। जसमा करातेसंग आवद्ध २१ निर्णायकहरूले सहभागिता जनाएका थिए। निर्णायकहरूलाई रेफ्रि संयोजक श्याम शेर्पा, गोविन्द श्रेष्ठले प्रशिक्षण प्रदान गरेका थिए।

## अर्किडको विजयी शुरूआत

काठमाडौं, (नेस)

आयोजक अर्किड स्कुलले तेस्रो अर्किड कप अन्तरविद्यालय छात्र सेभेन ए साइड फुटबल प्रतियोगितामा आइतबार विजयी शुरूआत गरेको छ।

गोठाटारस्थित घरेलु मैदानमा अर्किडले निर्मल ज्योतिलाई २-० गोलले पराजित गर्‍यो। दीपेश बुढाथोकी र शीतल कार्कीले गोल गरे। निर्मल ज्योतिका प्रदीप तामाङ 'म्यान अफ द म्याच' घोषित भए। अर्को खेलमा डिफेन्डिङ च्याम्पियन नेक्ससले श्रमशील विद्यापीठलाई २-० गोलले हरायो। मनीष बारिया र शिव आलेले गोल गरे। श्रमशीलका राजु गुरुङ 'म्यान अफ द म्याच' चुनिए।

प्रतियोगिताको प्रदेश सभासद् मणिराम फुँयालले एक कार्यक्रमबीच उद्घाटन गरे। नकआउट प्रतियोगितामा शीर्ष ४ स्थान हात पार्ने टिमले क्रमश: १० हजार, ८ हजार, ६ हजार र ४ हजार नगद पुरस्कार पाउनेछन्। प्रतियोगितामा ३२ टिमको सहभागिता रहेको अर्किडका निर्देशक प्रेमकुमार भुजेलले जनाएका छन्।

## शिवम् न्यु डायमन्ड र एपीएफ सेमिफाइनलमा

काठमाडौं, (नेस)

शिवम् न्यु डायमन्ड एकेडेमी र एपीएफ क्लबले प्रथम शिवम् न्यु डायमन्ड कप भलिबल राष्ट्रिय खुला महिला भलिबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्।

आइतबार भएको उद्घाटन खेलमा शिवम् न्यु डायमन्डले नेपाल आर्मीलाई ३-० को सोझो सेटमा हराउँदै समूह बी को बिजेताका रूपमा अन्तिम चारमा स्थान बनाएको हो। प्रभावशाली ओपन स्पाइकर प्रतिभा माली वुमन अफ दि म्याच बनेको लिग खेलमा शिवम् न्यु डायमन्डले नेपाल आर्मीलाई २५-१३, २५-१९ र २५-१७ को सोझो सेटमा हरायो।

शिवम् सिमेन्टको मुख्य प्रायोजनमा सञ्चालन भएको प्रतियोगिता समूह 'ए' को लिग खेलमा एपीएफले टप्स उमाविलाई ३-० को सोझो सेटमा हरायो। टप्सकी भेट्रन खेलाडी शशिसरा थापाले सेटरको भूमिका निर्वाह गरेपछि बलियो बन्दै गएको टप्स उमाविको टिमले दोस्रो सेटमा एपीएफलाई चुनौती दिएको थियो। एपीएफले पहिलो र तेस्रो सेट सहज निकाले पनि दोस्रो सेटमा कोर्टमा निकै मेहनत गर्नु पर्‍यो। पहिलो सेट २५-१२ ले जिते पनि दोस्रो सेट हात पार्न २५-२२ को लामो सेट खेल्नुपरेको थियो। तेस्रो सेटा भने २५-१० को सहजतामा आफ्नो नाममा लेखाउँदै समूह 'ए' को बिजेताका रूपमा अन्तिम चारमा स्थान पक्का गर्‍यो।

एपीएफको जितमा उत्कृष्ट प्रदर्शन गरेकी प्रभावशाली ओपन स्पाइकर सरस्वती चौधरी वुमन अफ दि म्याच चुनिइन्। प्रतियोगितामा वुमन अफ दि म्याच चुनिएका खेलाडीहरूलाई स्पोर्टस् पोशाक उत्पादन कम्पिनी साहास स्पोर्टस्का प्रमुख जनक न्यौपानेले प्रायोजन गरेका छन्। प्रतियोगिता २३ गतेसम्म सञ्चालन हुनेछ। सोमबार हुने सेमिफाइनल खेलमा शिवम् न्यु डायमन्ड एकेडेमी र टप्स तथा एपीएफ र आर्मीबीच हुनेछ।

## आर्सेनलको शानदार जित

लन्डन, (एजेन्सी)

आरोन राम्सेको ह्याट्रिक मद्दतमा आर्सेनलले इंग्लिस प्रिमियर लिगमा एभर्टनलाई ५-१ गेल अन्तरले पराजित गरेको छ।

शनिबार राति भएको खेलको पहिलो हाफसम्म आर्सेनल ४ गोल अघि रहेको थियो। खेलको छैठौ मिनेटमा नै राम्सेले गोलको खाता खोलेका थिए। यस्तै खेलको १४औं मिनेटमा कोसेल्नीले गोल गर्दै आर्सेनलको अग्रता दोब्बर पारेका थिए।

त्यसको तीन मिनेटपछि नै राम्सेले ब्यक्तिगत दोस्रो गोल गर्दै आर्सेनलको गोलसंख्या तीन पुर्‍याएका थिए। यसैगरी भर्खरै मात्र बोरुसिया डर्टमन्डबाट आर्सेनल भित्रिएका पिएरे एम्रिक औवामेयाङले डेब्यु खेलमै गोल गरेपछि पहिलो हाफसम्म आर्सेनल ४-० ले अघि रहेको थियो। यता खेलको ६४औं मिनेटमा एभर्टनका लागि डवमिनिक लेविनले एक गोल फर्काए। तर खेलको ७४औा मिनेटमा राम्सेले गोल गर्दै आषनो ह्याट्रिक पूरा गरेपछि आर्सेनलले शानदार जित आत्मसात गर्‍यो। जितपछि २६ खेलबाट ४५ अंक जोडेको आर्सेनल लिग तालिकाको छैटौं स्थानमै यथावत् छ।

इंग्लिस प्रिमियर लिगअन्तर्गत शनिबार राति भएको अर्को खेलमा प्रिमियर लिगको शीर्षस्थानमा रहेको म्यानचेस्टर सिटी बर्नलीसँग १-१ को बराबरीमा रोकियो। डिफेन्डर ड्यानिलोले खेलको २२औं मिनेटमा गोल गर्दै म्यानचेस्टर सिटीलाई पहिलो हाफसम्म एक गोलले अघि पारेका थिए। तर बर्नलीका जोहान गुडमुनसनले खेलको ८२ औं मिनेटमा गोल गर्दै घरेलु टोली बर्नलेलाई खेलमा फर्काउन सफल भए।



यसै गरी अर्को खेलमा म्यानचेस्टर युनाइटेडले हडर्सफिल्डलाई २-० ले पराजित गर्‍यो। पहिलो हाफसम्म गोलविहीन उक्त खेलको ५५औं मिनेटमा रोमेलु लुकाकुले गोल गर्दै युनाइटेडलाई अघि पारेका थिए। यस्तै म्यानचेस्टर युनाइटेडका लागि दोस्रो खेल खेल्दै गरेका एलेक्सिस सान्चेजले युनाइटेडकातर्फबाट पहिलो गोल गर्दै टोलीको जित सुनिश्चित गरे। यसैगरी अन्य खेलमा साउथह्यामप्टनले वेस्टब्रोमलाई २-३ ले हराउँदा ब्राइटनले वेस्टह्यामलाई ३-१ ले तथा बाउर्नमाउथले स्टोक सिटीलाई २-१ ले पराजित गर्‍यो। लेस्टर सिटी र स्वान्सीले भने १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्। शनिबारको खेलपछि शीर्षस्थानमा अडिग रहेको म्यानचेस्टर सिटीको २६ खेलबाट ६९ अंक रहेको छ। यस्तै दोस्रोमा रहेको युनाइटेडले समान खेलबाट ५६ अंक जोडेको छ।

### रियल मेड्रिड रोकियो

स्पेनिस ला लिगाअन्तर्गत शनिबार राति भएको खेलमा रियल मेड्रिड लेभान्टेसँग २-२ गोलको बराबरीमा रोकिएको छ।

लेभान्तेको घरेलु मैदानमा भएको खेलमा रियलले २ पटकसम्म अग्रता लिए पनि बराबरीमा नै चित्त बुझाउनुपरेको हो। खेलको ११औं मिनेटमा रियलका लागि कप्तान सर्जियो रामोसले पहिलो गोल गरेका थिए। तर लेभान्टेका लागि इभी लोपेजले २६औं मिनेटमा गोल गर्दै खेललाई पहिलो हाफसम्म १-१ को बराबरीमा ल्याएका थिए। यस्तै खेलको ८१औं मिनेटमा इस्कोले गोल गरेपछि रियलले २-१ को अग्रता बनाएको थियो। तर लेभान्टेका गियामपाओली पिज्जनीले ८९औं मिनेटमा गोल गर्दै जित नजिक पुगेको रियललाई अंक बाँड्न बाध्य बनाए। खेलको ८९औं मिनेटमा मार्सेलो भिएराले रातो कार्ड देखेपछि रियल १० खेलाडीमा खुम्चिएको थियो।

बराबरीपछि २१ खेलबाट ३९ अंक जोडेको रियल चौथो स्थानमा यथावत छ। समान खेलबाट ५७ अंक जोडेको बार्सिलोना लिग तालिकाको शीर्षस्थानमा अडिग नै रहेको छ। ला लिगाअन्तर्गत शनिबार भएको अन्य खेलमा आइबरले सेभियालाई ५-१ ले हराउँदा रियल बेटिसले भिया रियललाई तथा अलाभेसले सेल्टा भिगोलाई समान २-१ ले पराजित गर्‍यो।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ